सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ चैत २०८०, शुक्रबार (5 April 2024, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३४७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

२३ अर्ब ७७ करोडका दुई वाइडबडी खरिद गर्दा एक अर्ब ४७ करोड भ्रष्टाचार

तत्कालीन पर्यटनमन्त्री जीवनबहादुर शाही, दुई पूर्वसचिव र ठेकेदारसहित ३२ जनाविरुद्ध मुद्दा

■ कर्णालीका प्रदेश सांसद रहेका पूर्वमन्त्री शाही, बहालवाला आठ कर्मचारी र क्यानका एक सदस्य स्वतः निलम्बनमा

सुवास भट्ट/नयाँ पत्रिका

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ६ वर्षअघि खरिद गरिएका दुई वाइडबडी जहाजमा डेढ अर्ब भ्रष्टाचार भएको ठहर गरेको छ। खरिद प्रक्रियामा संलग्न तत्कालीन पर्यटनमन्त्री जीवनबहादुर शाही, सचिव शंकरप्रसाद अधिकारी, निगमका महाप्रबन्धक सुगतरत्न कंसाकारसहित ३२ जनाविरुद्ध बिहीबार विशेष अदालतमा मुद्दा दायर गरिएको छ। जसमा आठजना आपूर्तिकर्ता कम्पनीका प्रतिनिधि छन्।

नेपाल वायुसेवा निगमले ०७५ असार र साउनमा ए ३३०-२००' विमान खरिद गर्दा आपूर्तिकर्ता कम्पनी एएआर कर्पलाई कुल २१ करोड ६३ लाख ८ हजार १०९ अमेरिकी डलर भुक्तानी गरेकोमा एक करोड ३३ लाख ८८ हजार १०९ डलर घोटाला भएको अख्तियारको ठहर छ। आपूर्तिकर्ता कम्पनीलाई अन्तिमपटक रकम भुक्तानी गर्दाको मिति २४ जुलाई २०१८ मा नेपाल राष्ट्र बैंकले तोकेको १ डलरको बिक्रीदर १०९.८८ नेपाली रुपैयाँ थियो। यो हिसाबले भुक्तानी रकम २१ करोड ६३ लाख ८ हजार १०९ अमेरिकी डलरको २३ अर्ब ७७ करोड ६७ लाख २५ हजार ४८२ रुपैयाँ र घोटाला रकम एक करोड ३३ लाख ८८ हजार १०९ डलरको एक अर्ब ४७ करोड १० लाख ८५ हजार चार सय ८२ रुपैयाँ हुन आउँछ।

» पृष्ठ २ मा क्रमशः

■ तत्कालीन मन्त्री शाहीले जहाजको भारवहन क्षमता २३० टन कायम गरे, तर भुक्तानी सदर भने २४२ कै गरे



जीवनबहादुर शाही

- विमानको भारवहन क्षमतालाई २४२ टनबाट २३० टनमा कायम गरे। तर, भुक्तानी भने २४२ टनकै गर्ने गरी खरिद सम्झौता सदर गरेर ७२ करोड ५२ लाख आठ हजार रुपैयाँ हानि पुऱ्याएको ठहर।
- बैंक जमानत तथा सुरक्षणविना नै 'कमिटमेन्ट फी' भुक्तानीका लागि डलर सटही सुविधाको सिफारिस गरेको।
- मूल्यवृद्धिबापत आपूर्तिकर्तालाई ७४ करोड ५८ लाख ७७ हजार ४८२ रुपैयाँ भुक्तानी दिने निर्णय गरेको। कानुनविपरीतको सम्झौतालाई वैधानिकता प्रदान गरेको।
- पछि आउने कुनै पनि पदाधिकारी वा निकायले सम्झौता बदर गर्दा निगमले 'कमिटमेन्ट फी' गुमाउनुपर्ने र विमान पनि प्राप्त नहुनेजस्ता दोहोरो जोखिम पार्ने अवस्था सिर्जना गरेको।
- जहाज खरिद गर्दा राज्यलाई हानि पुऱ्याएको एक अर्ब ४७ करोड १० लाख ८५ हजार ४८२ रुपैयाँ नै बिगो कायम गरेर शाहीविरुद्ध मुद्दा दायर।

■ तत्कालीन पर्यटनसचिव शंकरप्रसाद अधिकारी र निगमका महाप्रबन्धक सुगतरत्न कंसाकारले गरेका थिए ऐनविपरीत डकुमेन्ट तयार र स्वीकृत



शंकरप्रसाद अधिकारी



सुगतरत्न कंसाकार

- सार्वजनिक खरिद ऐन र नियमावलीविपरीत 'रिक्वेस्ट फर प्रपोजल डकुमेन्ट' तयार तथा स्वीकृत गरेको।
- ऐनविपरीत र पुष्ट्याइँको आधार तथा मनासिव कारणविना अस्वाभाविक लागत अनुमान तयार गरेको।
- आपूर्तिकर्ता एएआर कर्पको स्वीकारयोग्य नभएको प्रस्तावलाई अपारदर्शी रूपमा मिलेमतो गरेर स्विकारेको।
- परामर्शदाताको स्वार्थअनुकूल सम्झौताका सम्पूर्ण सर्त तय गरी तिनलाई एमओयू र बिक्री तथा खरिद सम्झौतामा समावेश गरेको।
- प्रस्तावदाताका प्रतिनिधिसँगको मिलेमतोमा भारवहन क्षमता घटाई विमानलाई लामो दूरीको उडान (लङ रेन्ज ननस्टप फ्लाइट) गर्न असक्षम बनाई रकम भुक्तानी भने १२ टन बढीकै गरेको।
- खरिद ऐन र रिक्वेस्ट फर प्रपोजलविपरीतको मूल्यवृद्धिको रकमसमेत भुक्तानी दिएको।
- राज्यलाई हानि पुऱ्याएको एक अर्ब ४७ करोड १० लाख ८५ हजार ४८२ रुपैयाँ नै जनही बिगो कायम गरेर अधिकारी र कंसाकारविरुद्ध मुद्दा दायर।

■ ०७५ असार र साउनमा जहाजहरू ल्याउँदा विमानस्थलमा ध्वजापताकासहित भव्य स्वागत गरिएको थियो





■ थप एक पूर्वसचिव, बहालवाला आठ कर्मचारी र क्यानका एक पदाधिकारी पनि तानिए



शिशिरकुमार ढुंगाना
पूर्वसचिव



बुद्धिसागर लामिछाने
सहसचिव



अच्युतराज पहाडी
प्राधिकरणका सदस्य



जनकराज कालाखेती
नायब महाप्रबन्धक



उपेन्द्र पौडेल
निर्देशक



उमेश पौडेल
निर्देशक



श्रवण रिजाल
निर्देशक

अख्तियारले जहाज खरिद प्रक्रियामा संलग्न भन्सार विभागका तत्कालीन महानिर्देशक शिशिरकुमार ढुंगानाविरुद्ध पनि मुद्दा दायर गरेको छ। महानिर्देशकमा उनले निगम बोर्ड सदस्यको प्रतिनिधित्व गरेका थिए। पछि उनी अर्थसचिवसमेत भए। मुद्दा दायर गरिएका निगमका तत्कालीन बोर्ड सदस्य बुद्धिसागर लामिछाने हाल पर्यटन मन्त्रालयको नागरिक उड्डयन महाशाखाका प्रमुख सहसचिव हुन्। त्यस्तै, निगमको तत्कालीन बोर्ड सदस्य अच्युतराज पहाडी हाल नागरिक उड्डयन प्राधिकरण (क्यान) सञ्चालक समिति सदस्य छन्। निगमका तत्कालीन कामु निर्देशक जनकराज कालाखेती हाल निगमको नायब महाप्रबन्धक छन्। निगमका निर्देशकहरू उपेन्द्र पौडेल, उमेश पौडेल र श्रवण रिजालविरुद्ध पनि मुद्दा दायर गरेको छ। तत्कालीन निमित्त उपनिर्देशक तथा हाल उपनिर्देशक रहेका बृहतमान तुलाधर, तत्कालीन निमित्त निर्देशक सुवास रिजाल र तत्कालीन निमित्त निर्देशक रवीन्द्रकुमार शेरचन पनि प्रतिवादी बनाइएका छन्।

निगमका तत्कालीन सदस्यहरू टेकनाथ आचार्य, मुक्तिराम पाण्डे, निमानुरु शेर्पा र जीवनप्रकाश सिटौलाविरुद्ध पनि मुद्दा दायर गरिएको छ। त्यस्तै, निगमका तत्कालीन नायब महाप्रबन्धक रमेशबहादुर शाह, तत्कालीन निर्देशक गणेशबहादुर चन्द, तत्कालीन कामु निर्देशकहरू रामहरि शर्मा सेढाईं, कर्णबहादुर थापा र रवीन्द्र श्रेष्ठ तथा तत्कालीन उपनिर्देशक प्रभासकुमार कर्माचार्य र तत्कालीन निमित्त उपनिर्देशक पारस पौडेललाई पनि प्रतिवादी बनाइएको छ। अख्तियारले आपूर्तिकर्ता कम्पनीको प्रतिनिधित्व गर्ने आठ विदेशी नागरिकविरुद्ध पनि मुद्दा दायर गरेको छ।

मन्त्रीहरूले गरेको कामको अब प्रधानमन्त्रीलाई दैनिक ब्रिफिङ गर्नुपर्ने



दैनिक ब्रिफिङले मन्त्री र कर्मचारीलाई कार्यसम्पादनमा थप उत्तरदायी बनाउने प्रधानमन्त्रीको विश्वास, सुशासन कायम गर्न राजनीतिक र प्रशासनिक तहमा साझा संकल्प र धारणा बनाउन जरुरी रहेको भनाइ

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



प्रहरीमा बढुवा समितिको नम्बर कटौतीको तयारी

नियमावली संशोधनको प्रस्ताव ल्याउन गृहमन्त्रीको निर्देशन



■ गृह मन्त्रालयमा बिहीबार सशस्त्र प्रहरी बल नियमावली र प्रहरी कर्मचारीको समायोजन प्रक्रियाबारे भएको छलफलमा गृहमन्त्री रवि लामिछानेले भने–

हामी कसैलाई अन्याय गर्न हस्ताक्षर गर्दा रहेछौं भन्ने बढुवा नै पिच्छेका प्रतिक्रियाले प्रस्ट भएको छ। जतिसक्दो छिटो अटोमेसनमा जान सक्छौं त्यति छिटो आफूलाई अन्याय भयो भन्ने संगठनका सदस्यको गुनासो अन्त्य हुन्छ र प्रहरीप्रतिको विश्वसनीयता पनि बढ्छ। अनुहार हेरेर बढुवा गर्ने विद्यमान अभ्यासको अन्त्य अनिवार्य छ।

नयाँ पत्रिका

नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा बढुवासम्बन्धी प्रणाली संशोधन हुने भएको छ। हाल बढुवा समितिलाई दिइएको स्वविवेकी अधिकार कटौती गर्न लागिएको हो।

प्रहरी बढुवामा योग्यतामा आधारित प्रणाली लागू हुने गरी कानुनी व्यवस्थाको प्रस्ताव ल्याउन उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले नेपाल प्रहरी र सशस्त्र प्रहरीको नेतृत्वलाई निर्देशन दिएका छन्। हालै प्रहरीमा भएको एसपी र डिएसपीको बढुवा निष्पक्ष हुन नसकेको गुनासो आएपछि उनले नियमावली नै

» पृष्ठ २ मा क्रमशः

इलाम २ मा कांग्रेसका उम्मेदवार खड्का, ६ जना मैदानमा

एमाले उम्मेदवार सुहाङलाई माओवादीको समर्थन, कांग्रेसले पनि खुला गऱ्यो ढोका



डम्बर खड्का
(कांग्रेस)



सुहाङ नेम्वाङ
(एमाले)



मिलन लिम्बू
(रास्वपा)



लक्ष्मी गुरुङ
(राप्रपा)



जितबहादुर राई
(एकीकृत समाजवादी)



डकेन्द्रसिंह थेगिम
(पहिचान पक्षधर)

शुरोजंग पाण्डे/नयाँ पत्रिका

संसद्को सबैभन्दा ठूलो दल कांग्रेसले इलाम २ मा डम्बर खड्कालाई उम्मेदवार बनाउने निर्णय गरेको छ। कांग्रेसले उम्मेदवार टुंग्याएसँगै इलाम २ मा ६ उम्मेदवार निश्चित भएका छन्। निर्वाचन आयोगले १५ वैशाखमा उपनिर्वाचनका लागि २४ चैत (शनिबार) उम्मेदवारी दर्ताको कार्यतालिका तय गरेको छ।

महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मासहित इतर पक्षको असहमतिबीच सभापति शेरबहादुर देउवाले केन्द्रीय कार्यसम्पादन समितिको बिहीबारको बैठकबाट खड्कालाई उम्मेदवार बनाउने निर्णय गराएका हुन्। त्यसअघि देउवानिवास बुढानीलकण्ठमा बसेको संसदीय बोर्डको बैठकले उनकै नाम निर्णयका लागि सिफारिस गरेको थियो।

» पृष्ठ २ मा क्रमशः

निर्वाचन कार्यतालिका

२४ चैतमा उम्मेदवारको मनोनयन दर्ता। २५ चैतमा उम्मेदवारको विरोधमा उजुरी दिने। २६ चैतमा मनोनयनपत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय गर्ने। २७ चैतमा उम्मेदवारको अन्तिम नामावली प्रकाशन, उम्मेदवारी फिर्ता र निर्वाचन चिह्न वितरण गरिनेछ। २८ चैतदेखि १२ वैशाखसम्म प्रचारप्रसार। १५ वैशाखमा मतदान।

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नगरपालिकाकै मिलेमतोमा तारकेश्वरमा गुठीको ६ आना जग्गा हिनामिना, अख्तियारले थाल्यो अनुसन्धान

चलनचल्तीको मूल्य प्रतिआना ७० लाख


टेकराज थामी/नयाँ पत्रिका

तारकेश्वर नगरपालिका र गुठियारको मिलेमतोमा सार्वजनिक शैक्षिक गुठीको नाममा रहेको ६ आना जग्गा हिनामिना भएको छ। नगरपालिकामातहतको न्यायिक समितिले तारकेश्वर नगरपालिका- ८ स्थित 'दालेकी शैक्षिक सार्वजनिक गुठी'को जग्गा सँधियार नारायण श्रेष्ठको नाममा पास गर्न सिफारिस गरेपछि हिनामिना भएको हो।

नगर प्रमुख कृष्णहरि महर्जनको रोहवरमा समिति प्रमुख तथा उपमेयर सिर्जना बुर्लाकोटी अर्यालको अध्यक्षतामा ३ फागुनमा बसेको बैठकले शैक्षिक गुठीको जग्गा श्रेष्ठको नाममा नामसारी गर्न सिफारिस गरेको थियो। चलखेलका लागि गरिएको नगरपालिकाको सिफारिसपछि श्रेष्ठको नाममा भएको कित्ता नं. १२४४ को व्यक्तिगत जग्गा सरेर कित्ता नं.

» पृष्ठ २ मा क्रमशः

■ जग्गा हिनामिनामा गुठीकै पदाधिकारी पनि संलग्न



जग्गा हिनामिनामा गुठीका तत्कालीन अध्यक्ष कामी शेर्पा र सचिव दीपक पुन पनि संलग्न रहेको देखिएको छ। निजी स्वार्थमा लागेर गुठीको जग्गा व्यक्तिको नाममा हस्तान्तरण गर्न भूमिका खेलेको भन्दै गुठीले शेर्पा र पुनलाई कारबाही गरेको छ। गुठीका हालका अध्यक्ष दोर्जेनोर्बु शेर्पाले तत्कालीन अध्यक्ष कामी र दीपकले गुठीको जग्गा व्यक्तिका नाममा हस्तान्तरण गर्न भूमिका खेलेको देखिएपछि कारबाही गरिएको बताए। उनले भने, 'दालेकी गुठीको जग्गा नगरपालिका, कामी र दीपकको मिलेमतोमा दुई आना व्यक्तिको नाममा लगिएको पाइयो। हामीले कामी र दीपकलाई कारबाही गरेका छौं। नगरपालिकाको कार्यले गुठीको थप चार आना पनि गायब भएको छ।' धनीपुर्जाअनुसार गुठीको नाममा कुल २९ आना जग्गा थियो। तर, समितिको सिफारिसपछि अहिले २३ आना मात्रै रहेको उनको भनाइ छ। नारायण श्रेष्ठको नाममा जग्गा लैजान गत ३ फागुनमा सिफारिस भएको थियो। श्रेष्ठले न्यायिक समितिको सिफारिसपछि गुठीले भोगचलन गरेको जग्गा आफ्नो नाममा आएको बताए। उनले भने, 'दालेकी गुठी र मेरो स्वामित्वमा रहेको जग्गाको सीमामा १२ वर्षअघिदेखि विवाद थियो। नगरपालिकाले दुई पक्षबीच सहमति गराइदियो। मेरो जग्गा फिर्ता भएको छ।'

अब जुन जिल्लामा चेक बाउन्स त्यहींबाट अनुसन्धान



नयाँ पत्रिका

चेक बाउन्ससम्बन्धी बैंकिङ कसुर मुद्दा अनुसन्धानमा महान्यायाधिवक्ता कार्यालयले नयाँ सर्कुलर जारी गरेको छ। जसअनुसार अब चेक बाउन्स गराएको शाखा रहेको जिल्लाबाट मात्र अनुसन्धान हुने भएको छ।

यसअघि खातावालाको बैंक खाता भएको शाखा रहेको जिल्लाबाट समेत अनुसन्धान हुने गरेको थियो। चेक दिनुभन्दा चेक बाउन्स हुनु अपराध भएकाले बाउन्स भएको शाखा रहेको जिल्लाबाट अनुसन्धान हुन थालेको हो। जसअनुसार एउटा जिल्लाबाट भएका अनुसन्धान हालै बाउन्स गराएको जिल्लामा अनुसन्धान प्रतिवेदन पठाउन थालिएको छ। महान्यायाधिवक्ता कार्यालयको सर्कुलरअनुसार अब जाहेरी दर्ता र अनुसन्धान सम्बन्धित जिल्लाबाटै हुने जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रवक्ता नवराज अधिकारी बताउँछन्।

विगतमा चेक बाउन्सका मुद्दा उच्च

» पृष्ठ २ मा क्रमशः

प्रहरीमा बढुवा...
पृष्ठ १ बाट क्रमशः

संशोधन गरी पूर्ण रूपमा योग्यता प्रणाली लागू हुने गरी कानुन संशोधन गर्ने प्रस्ताव गरेका हुन् ।

गृह मन्त्रालयमा बिहीबार सशस्त्र प्रहरी बल नियमावली र प्रहरी कर्मचारीको समायोजन प्रक्रियाबारे भएको छलफलमा गृहमन्त्री लामिछानेले दुवै प्रहरी संगठनको नियमावलीमै बढुवाका लागि योग्यतामा आधारित स्वचालित प्रणालीको स्पष्ट व्यवस्था आवश्यक रहेको बताए । 'हामी कसैलाई अन्याय गर्न हस्ताक्षर गर्दा रहेछौँ भन्ने बढुवा नै पिच्छेका प्रतिक्रियाले प्रस्ट भएको छ,' बैठकमा उनले भने, 'जतिसक्दो छिटो अटोमेसनमा जान सक्छौँ । त्यति छिटो आफूलाई अन्याय भयो भन्ने संगठनका सदस्यको गुनासो अन्त्य हुन्छ र प्रहरीप्रतिको विश्वसनीयता पनि बढ्छ । अनुहार हेरेर बढुवा गर्ने विद्यमान अभ्यासको अन्त्य अनिवार्य छ ।'

कसरी संगठनका हरेक सदस्यलाई न्याय हुन्छ, त्यसबारे संयुक्त संयन्त्र बनाएर अध्ययन गरी प्रस्ताव ल्याउन उनले निर्देशन दिए । छलफलमा गृहसचिव एकनारायण अर्याल, नेपाल प्रहरीका महानिरीक्षक वसन्त कुँवर, सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्याललगायत उपस्थित थिए ।

हालैको एसपी र डिएसपी बढुवामा केही अधिकृतलाई अन्याय भएको गुनासो आएपछि गृहमन्त्रीले यसमा नीतिगत रूपमै सुधारका लागि छलफल थालेका हुन् । हाल सुरुमा बढुवाको सूची बनाएर बढुवा समितिले नम्बर दिएर मिलाउने प्रवृत्तिले समग्र कार्यसम्पादन मूल्यांकन प्रणाली निकम्मा भएको छ । यसरी नम्बर बढुवा समितिका संयोजक तथा सदस्यमा सम्बन्धित प्रहरीको कार्यशैलीबारे जानकारी नभएका गृह मन्त्रालयका अधिकारीसमेत हुने गर्दछन् ।

कुल एक सय अंकमा मूल्यांकन हुँदा कार्यसम्पादनमा ४० तथा ज्येष्ठतामा २२ नम्बर छ । शैक्षिक योग्यताको १०, भौगोलिक क्षेत्रमा काम गरेको अनुभवबापत ८, तालिमबापत ७.५ र चुनौतीपूर्ण जिम्मेवारीबापत ५ अंक छ । एउटा ब्याचका अधिकृतबीच यो नम्बर थोरै मात्र तलमाथि हुन्छ । बाँकी ७.५ अंक बढुवा समितिले बढुवा गर्ने वेलामा प्रदान गर्ने भएकाले यसैमा चलखेल हुने गरेको छ । सोही नम्बरलाई सकेसम्म हटाउने नत्र थोरै मात्र राख्नेबारे केही समययता छलफल हुँदै आएको छ । सशस्त्र प्रहरी बलले तयार गरेको नयाँ ऐनको मस्यौदामा पनि बढुवा समितिको नम्बर हटाउने प्रावधान राखिएको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीका ऐन तथा नियमावली दुवै संशोधन हुन लागेकाले यसमा बढुवासम्बन्धी प्रावधान सुधार गर्न लागिएको हो ।

इलाम २ मा...
पृष्ठ १ बाट क्रमशः

कांग्रेसले खड्कालाई उम्मेदवार टुंग्याएसँगै इलाम २ मा ६ जना उम्मेदवारबीच प्रतिस्पर्धा हुने भएको छ । एमालेबाट सुहाङ नेम्वाङ, रास्वपाबाट मिलन लिम्बू, राप्रपाबाट लक्ष्मी गुरुङ, एकीकृत समाजवादीबाट जितबहादुर राई र पहिचान पक्षधरबाट डकेन्द्रसिंह थेगिम उम्मेदवार चयन भइसकेका छन् । उपनिर्वाचनका लागि २४ चैतमा उम्मेदवारी मनोनयन गर्ने निर्वाचन आयोगको कार्यतालिका छ । एमाले, रास्वपा, एकीकृत समाजवादी र पहिचानवादी समूहलगायतले यसअघि नै उम्मेदवार टुंगो लगाएर प्रचार सुरु गरिसकेका छन् ।

महामन्त्री थापा र शर्मा तथा डा. शेखर कोइराला भने भेषराज आचार्यको पक्षमा थिए । तर, उनीहरूको जोडबलका सामु देउवा गलेनन् र केन्द्रीय कार्यसम्पादन समितिबाट खड्काकै पक्षमा निर्णय गराए । देउवालाई कार्यसम्पादन समितिमा उपसभापति पूर्णबहादुर खड्काले पनि साथ दिएका थिए ।

कांग्रेस उम्मेदवार सारेका खड्का गत निर्वाचनमा एमालेका सुवास नेम्वाङसँग ११४ मतले पराजित भएका थिए । उनी कांग्रेस इलामका सभापति पनि हुन् । थापा, शर्मा र कोइरालाले जोडबल गरेका आचार्य पनि ०७४ को निर्वाचनमा नेम्वाङसँगै पराजित भएका थिए ।

कांग्रेस प्रचार विभागका प्रमुख मीन विश्वकर्माले कार्यसम्पादन समितिबाट सर्वसम्मत रूपमा खड्काको पक्षमा निर्णय भएको बताए । 'विभिन्न नाममा छलफल भयो, साथीहरूले धारणा पनि राख्नुभयो, तर आकांक्षी साथीहरूलाई समेत राखेर, उहाँहरूले पनि सहयोग गर्ने प्रतिबद्धता लिएर बैठकबाट सर्वसम्मत निर्णय भएको हो,' विश्वकर्माले भने ।

त्यस्तै, बैठकले बझाङ प्रदेश सभा (२)मा अभिषेक सिंहलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । दुवै जिल्लामा उम्मेदवारी टुंग्याएसँगै कांग्रेसले तालमेल र सहकार्यको ढोका खुला राख्ने नीति प्रस्ट्याएको छ ।

'निर्वाचन हो, निर्वाचनमा जित्न सबैको सहयोगका लागि हामी आह्वान गर्छौं । व्यक्तिगत मतदाता, सामुदायिक ढंगबाट, सांगठनिक ढंगबाट र अन्य दलसँग पनि कांग्रेस उम्मेदवारलाई विजयी गराउन अपिल गर्छौं,' कांग्रेस प्रचार विभाग प्रमुख विश्वकर्माले भने, 'यो अपिल गर्दै गर्दाखेरि ती दलहरूसँग यदि परिस्थिति बन्यो भने सहकार्यको परिस्थिति पनि बन्छ ।'

इलाममा एमाले उम्मेदवार सुहाङलाई माओवादीले सघाउने

माओवादीले इलाम २ को उपनिर्वाचनमा उम्मेदवारी फिर्ता लिएर एमाले उम्मेदवार सुहाङ नेम्वाङलाई सहयोग गर्ने भएको छ । माओवादीले धीरेन्द्र शर्मालाई उम्मेदवार उठाउने तयारी गरे पनि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको निर्देशन पर्खिएको थियो । तर, प्रधानमन्त्री एवं माओवादी अध्यक्ष प्रचण्डले एमाले अध्यक्ष ओलीसँग सुहाङलाई सहयोग गर्ने प्रतिबद्धता जनाइसकेकाले उनकै निर्देशनअनुसार माओवादी उम्मेदवारी फिर्ता गर्ने निर्णयमा पुगेको हो । एमालेले गत ११ चैतमै सुहाङलाई उम्मेदवार बनाउने निर्णय गरेको थियो । त्यसलगत्तै इलाम प्रस्थान गरेका सुहाङ चुनावी प्रचारमा व्यस्त छन् । माओवादीका महासचिव देव गुरुङले शीर्ष तहमा भएको संवादअनुसार सहमतिलाई तल कार्यान्वयन गर्ने बताए । 'माथि भएको संवाद र सहमतिअनुसार उम्मेदवारीको कुरा अगाडि बढ्छ,' गुरुङले नयाँ पत्रिकासँग भने ।

माओवादीले इलाममा सघाउने निर्णयअनुसार एमालेलाई बझाङमा आफ्ना उम्मेदवारलाई सघाउन आग्रह गरेको छ । तर, एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले भने इलाममा सघाएबापत बझाङ छाड्ने कुनै सम्भावना नभएको बताए । 'इलाममा माओवादीले हामीलाई सघाउने सहमति भएको हो, उहाँहरूले हामीलाई बझाङमा सहयोग गर्नुहोस् भन्नुभएको छ,' गौतमले भने, 'तर, सबैभन्दा धेरै जनमत हाम्रै भएकाले त्यहाँ प्रतिस्पर्धा गरौँ भनेका छौँ, त्यसैले बझाङमा अलग-अलग ढंगले नै प्रतिस्पर्धा हुन्छ ।'

नगरपालिकाकै...
पृष्ठ १ बाट क्रमशः

२७१ र ९९५ मा पुग्यो । जसमध्ये कित्ता नं. २७१ को जग्गा दालेकी गुठीको हो । यो कित्ताको २ आना जग्गा मिचिएर श्रेष्ठको नाममा पुगेको छ । समितिले सट्टापट्टा गर्न आदेश दिएपछि उक्त दुई आना जग्गा श्रेष्ठको नाममा गएको हो । त्यस्तै, कित्ता नं. ९५५ को जग्गा डा. मोहम्मद सरिप साहको हो । सिफारिसपछि उनको पनि जग्गा मिचिन पुग्यो । जहाँ अहिले पनि उनको निजी घर छ । त्यस्तै, कित्ता नं. २७२ र २७३ को २ आना जग्गा सरेर कित्ता नं. २१८८ तर्फ पुग्यो, जुन जग्गा मधु सापकोटाको नाममा छ । तर, नगरपालिकाले कित्ता नं. २१८८ को जग्गा कित्ताकाट गर्न भनेन । त्यसो हुँदा दालेकीले दुईतर्फबाट थप ४ आना जग्गा गुमायो । त्यस्तै, बाँकी दुई आनामध्ये एक आना गोरेटो बाटो र अर्को एक आना सडकमा मिसिन पुगेको छ । चलनचल्तीको दरभाउअनुसार उक्त जग्गाको मूल्य प्रतिआना ७० लाख पर्छ ।

शिक्षा ऐन २०२८, को दफा १६ को उपदफा २ अनुसार शैक्षिक गुठीको स्वामित्वमा रहेको जग्गाको स्वरूप परिवर्तन गर्न पाइँदैन । उक्त दफामा भनिएको छ, 'शैक्षिक गुठीअन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकामा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइनेछैन ।' दालेकी गुठीले उक्त जग्गामा नेपाल रत्न स्कुल चलाउँदै आएको छ । विद्यालयमा अहिले चार सयभन्दा धेरै विद्यार्थी अध्ययनरत छन् । गुठीले सबै विद्यार्थीलाई निःशुल्क पढाउँदै आएको छ ।

विद्यालयको नाममा रहेको जग्गा सट्टापट्टा पनि गर्न नपाइने शिक्षा नियमावली २०५५ मा स्पष्ट छ । सट्टापट्टा गर्नैपर्ने भए शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनिवार्य स्वीकृति लिनुपर्छ । नियमावलीको नियम १६१ को उपनियम २ मा भनिएको छ, 'विद्यालयको कमाउन्ड वा खेलमैदानसँग जोडिएको जग्गासँग कुनै जग्गा सट्टापट्टा गर्नुपर्ने भएमा सामुदायिक विद्यालयको भए सम्पत्ति संरक्षण समिति, व्यवस्थापन समिति र शिक्षा विकास तथा समन्वय इकाइको सिफारिसमा र संस्थागत विद्यालयको भए सम्बन्धित गुठियार वा कम्पनीका सञ्चालक, व्यवस्थापन समिति र शिक्षा विकास तथा समन्वय इकाइको सिफारिसमा मन्त्रालयको स्वीकृति लिई सट्टापट्टा गर्न सकिनेछ ।' तर, दालेकी शैक्षिक गुठीको जग्गा सट्टापट्टा गरिँदा न व्यवस्थापन समितिको सिफारिस भएको छ, न सम्बन्धित मन्त्रालयको नै स्वीकृति लिइएको छ । गुठीको जग्गा व्यक्तिको नाममा पठाउन निर्णय गर्ने नगरको न्यायिक समिति प्रमुख बुर्लाकोटीले यसबारे कुरा गर्न चाहिनन् । उनले भनिन्, 'यो विषयमा म तपाईंसँग कुरै गर्न चाहन्नँ । आवश्यक कागजात हेर्नुपरे कार्यालय आउनुहोस् ।'

अख्तियारले थाल्यो अनुसन्धान

नगरपालिकाको शंकास्पद कार्य देखिएपछि घटना सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि अनुसन्धान सुरु गरेको छ । अनुसन्धानका लागि अख्तियारले मिलापत्रसँग सम्बन्धित सम्पूर्ण कागजात झिकाएको छ । अख्तियारका प्रवक्ता नरहरि घिमिरेले घटना शंकास्पद देखिएपछि अनुसन्धान थालिएको बताए । 'शैक्षिक गुठीको जग्गा कानुनविपरीत सट्टापट्टा गरिएको भन्दै उजुरी परेको छ । यस सम्बन्धमा अख्तियारले अनुसन्धान सुरु गरेको छ ।'

मोटरसाइकल हरायो

मिति २०८०/११/१९ गते अ.बिहान ५ बजेको समयमा भक्तपुर जि. चागुनारायण न.पा. वडा नं. ०२ दुवाकोट के.एम.सि. होस्टेल अगाडी पार्किङबाट बा.प्र. ०२-०४६ प १२१६ नम्बरको खैरो रातो रंगको १२४.५ सिसिको पल्सर मोटरसाईकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

नाम : बिराज मानन्धर
च्यासिस नं.:MD2B72BX3PCB80168
इन्जिन नं. : JEXCDB59295
सम्पर्क : ९८६०२००३००

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिनेबारेको कृषि विकास बैंक लि., शाखा पाँचखालको ३५ दिने सूचना

(सूचना प्रकाशन मिति : २०८०।१२।२३ गते)

कृषि विकास बैंक लिमिटेड, शाखा पाँचखाल, काभ्रेपलाञ्चोकबाट तपशिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउनेबारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी कर्जाको साँवा, व्याजलगायतका बुझाउनु पर्ने रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सम्पूर्ण रकम बुझाउन यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि बैंकलाई बुझाउनु पर्ने सम्पूर्ण रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन, नियमबमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सो को प्रोप्राइटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जुरीनामा दिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने तथा अन्य आवश्यक कानुनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रु..	मिति २०८०/१२/१९ सम्मको व्याज	जम्मा तिर्नुपर्ने रकम
१.	ई.जी. बिल्डर्स	नयाँगाउँ ०१, काभ्रे	सरल ठेक्का	३००००००।-	८३७२०५।-	३८३७२०५।-

फर्मको दर्ता नं. ६८९५/०७३/७४, दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, धुलिखेल, दर्ता मिति : २०७३।०८।०१, पान न ६०५४२२७४०

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे
ईश्वरी घिमिरे	का.म.न.पा. ०१, काठमाडौं	१९०१८	काठमाडौं, २०६२।०४।०७	कृष्ण प्रसाद घिमिरे/ गणेश बास्कोटा	सप्तऋषि घिमिरे/ केशव बास्कोटा

धितो मञ्जुरीनामा दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु/पति	बाजे/ससुरा
गणेश बास्कोटा	नयाँगाउँ ०१, काभ्रे	१५५१६६	काभ्रे, २०६३।०७।२६	केशव बास्कोटा	हरि प्रसाद बास्कोटा
जानुका बास्कोटा	नयाँगाउँ ०१, काभ्रे	९३४५/३२५९	काभ्रे, २०४५।०२।१८	पति : केशव बास्कोटा	ससुरा : हरि प्रसाद बास्कोटा

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रु.	मिति २०८०/१२/१९ सम्मको व्याज	जम्मा तिर्नुपर्ने रकम
२.	भगवति फर्निचर उद्योग	पाँचखाल ०९, काभ्रे	व्यापार	१७०००००।-	२२५६५०।-	१९२५६५०।-

फर्मको दर्ता नं.. १०७७३/०७७/०७८, दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, धुलिखेल, दर्ता मिति : २०७७/१०/१६, पान नं. ६१४९७२५९९

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
कान्छा तामाङ	पाँचखाल ०९, काभ्रे	२६६७१	काभ्रे, २०४४/०८/२९	हर्कमान तामाङ	जयमान तामाङ

धितो मञ्जुरीनामा दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु पति	बाजे/ससुरा
भावना थापा मगर	भगवति ०१, काभ्रे	३/९	काभ्रे, २०४४/११/०८	भरत बहादुर थापा/कान्छा तामाङ	हर्कमान तामाङ

कृषि विकास बैंक लिमिटेड
बागमती प्रदेश कार्यालय, गौशाला, काठमाडौं

२३ अर्ब ७७ करोडका...
पृष्ठ १ बाट क्रमशः

वायुसेवा निगमको सञ्चालक समितिको २ वैशाख ०७३ को बैठकले सञ्चालक समिति सदस्य सूर्यप्रसाद आचार्यको संयोजकत्वमा वाइडबडी विमान जहाज खरिद अघि बढाउने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्न उपसमिति गठन गरेको थियो । उपसमितिले ३२ साउनमा पेस गरेको प्रतिवेदनले सार्वजनिक खरिद ऐन वा मन्त्रिपरिषद्बाट निर्णय गरेर वा नेपाल वायुसेवा निगम आर्थिक विनियमावलीअनुसार ग्लोबल टेन्डरको माध्यमबाट 'ए ३००-२००' विमान खरिद गर्न सिफारिस गरेको थियो । यहींबाट विमान खरिदको प्रक्रिया अघि बढेको थियो । खरिद सम्झौताका विभिन्न चरण पार गर्दै एयरबसका दुई जहाज ०७५ असार १४ र साउन १० मा काठमाडौंमा अवतरण गरेका थिए ।

वाइडबडी जहाज खरिदमा भ्रष्टाचार भएको भन्दै ०७३ पुसमा परेको उजुरी र सार्वजनिक लेखा समितिले उपसमिति गठन गरेर त्यसको छानबिन प्रतिवेदनसहित ०७५ पुसमा गरेको पत्राचारबमोजिम अख्तियारले छानबिन गरी अन्तिम किनारा लगाएको हो । खरिद सम्झौता कानुनसम्मत नभएको र कारोबार पनि मितव्ययी नभएको भन्दै महालेखापरीक्षक कार्यालयको ५५औँ प्रतिवेदनले पनि 'खरिद प्रक्रियामा गम्भीर त्रुटि देखिएकाले छानबिन गरेर दोषीलाई कारबाही गर्नुपर्ने' औँल्याएको थियो ।

सार्वजनिक लेखा समितिले यसकै लागि उपसमिति गठन गरेर छानबिन गरेको थियो । समितिले दुईवटा जहाज खरिद गर्दा चार अर्ब ३५ करोड भ्रष्टाचार भएको ठहर गरेको थियो । छानबिन उपसमितिले १७ पुस ०७५ प्रतिवेदन बुझाउँदै भ्रष्टाचारमा संलग्नमाथि अनुसन्धान र कारबाहीका लागि सिफारिस गरेको थियो । उपसमितिले यो अनियमिततामा तत्कालीन पर्यटनमन्त्री रवीन्द्र अधिकारी (दिवंगत)सहित दुई पूर्वपर्यटनमन्त्री जितेन्द्रनारायण देव र जीवनबहादुर शाहीलाई पनि दोषी ठहर गर्दै कारबाहीका लागि सिफारिस गरेको थियो ।

जहाज खरिदमा भ्रष्टाचार भएको चर्को स्वरका बाबजुद लामो समय छानबिन अड्काएर राखेको अख्तियारले यस विषयलाई अन्ततः किनारा लगाएको छ । अख्तियारले विशेष अदालतमा बुझाएको आरोपपत्र नै २३३ पेज लामो छ । अख्तियारले मूल्यवृद्धिबापत आपूर्तिकर्तालाई बढी भुक्तानी भएको रकम र विमानको घटेको 'मेजर टेक्निकल स्पेसिफिकेसन'मा भारवहन क्षमतामा भुक्तानी भएको रकमलाई भ्रष्टाचार ठहर गरेर मुद्दा दायर गरेको छ । मूल्यवृद्धिबापत आपूर्तिकर्तालाई बढी भुक्तानी भएको ६७ लाख ८८ हजार एक सय नौ अमेरिकी डलर अर्थात् ७४ करोड ५८ लाख ७७ हजार चार सय ८२ रुपैयाँ र घटेको विमानको भारवहन क्षमताको समेत आपूर्तिकर्तालाई भुक्तानी भएको ६६ लाख अमेरिकी डलर अर्थात् ७२ करोड ५२ लाख आठ हजार रुपैयाँलाई हानिनोक्सानी पुऱ्याएको रकम मानेर त्यसैका आधारमा बिगो कायम गरेको छ । जहाज खरिदमा भ्रष्टाचार गरी हानिनोक्सानी गराएको १ करोड ३३ लाख ८८ हजार एक सय नौ अमेरिकी डलरको अन्तिमपटक भुक्तानी गरेको मिति २४ जुलाई २०१८ को विनिमय दरका आधारमा गणना गर्दा आउने एक अर्ब ४७ करोड १० लाख ८५ हजार चार सय ८२ रुपैयाँलाई अख्तियारले बिगो कायम गरेको छ ।

जहाज खरिदमा अख्तियारले तत्कालीन पर्यटनमन्त्री जीवनबहादुर शाही र वायुसेवा निगमका तत्कालीन महाप्रबन्धक सुगतरत्न कंसाकारलाई प्रमुख रूपमा दोषी ठहऱ्याएको छ । यसका अतिरिक्त खरिद प्रक्रियामा संलग्न मन्त्रालय, निगम र बोर्डमा संलग्न कर्मचारी तथा पदाधिकारीलाई पनि विभिन्न भूमिकामा अनियमिततामा संलग्न भएको अख्तियारको दाबी छ । जहाज आपूर्तिकर्ता कम्पनीको भूमिकालाई पनि अख्तियारले अनियमिततामा प्रमुख जिम्मेवार मानेको छ ।

जहाज खरिद अनियमिततामा संलग्न जीवनबहादुर शाही हाल कर्णाली प्रदेश सभा सदस्य हुन् । उनी १७ कात्तिक ०७८ देखि २७ पुस ०७९ सम्म कर्णाली प्रदेशको मुख्यमन्त्री थिए । त्यस्तै, जहाज खरिद प्रक्रियामा संलग्न तत्कालीन सहसचिव शिशिरकुमार ढुंगाना पछि अर्थसचिवसमेत भए । भन्सार विभागको महानिर्देशकमा कार्यरत रहँदा उनले निगम बोर्ड सदस्यको प्रतिनिधित्व गरेका थिए । जहाज खरिदमा संलग्न निगमका तत्कालीन बोर्ड सदस्य बुद्धिसागर लामिछाने हाल पर्यटन मन्त्रालयका नागरिक उड्डयन महाशाखाका प्रमुख सहसचिव हुन् । अख्तियारले भ्रष्टाचारमा संलग्न ठहर गरेका निगमको तत्कालीन बोर्ड सदस्य अच्युतराज पहाडी हाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समिति सदस्य छन् । उड्डयनविज्ञका रूपमा उनी बोर्डमा छन् । खरिद प्रक्रियामा जोडिएका निगमका तत्कालीन कामु निर्देशक जनकराज कालाखेती हाल निगमको नायब महाप्रबन्धक छन् ।

अख्तियारले निगमका बहालवाला तीन निर्देशक, एक उपनिर्देशक र दुई वरिष्ठ क्याप्टेनलाई पनि प्रतिवादी बनाएको छ । जसमध्ये निगमका तत्कालीन कामु निर्देशक उपेन्द्र पौडेल हाल निगमकै निर्देशक छन् । त्यस्तै, तत्कालीन निमित्त उपनिर्देशक उमेश पौडेल पनि हाल निर्देशक हुन् । निगमकै अर्का तत्कालीन उपनिर्देशक श्रवण रिजाल पनि हाल निर्देशक छन् । उनी वरिष्ठ क्याप्टेन हुन् । तत्कालीन निमित्त उपनिर्देशक बृहतमान तुलाधर हाल उपनिर्देशक छन् । त्यस्तै, खरिदको निर्णय प्रक्रियामा संलग्न निगमका तत्कालीन निमित्त निर्देशक सुवास रिजाल हाल वरिष्ठ क्याप्टेन छन् भने अर्का तत्कालीन निमित्त निर्देशक रवीन्द्रकुमार शेरचन पनि हाल वरिष्ठ क्याप्टेन हुन् ।

तत्कालीन पर्यटनमन्त्री शाहीमाथि अख्तियारले लगाएका मुख्य आरोप

तत्कालीन पर्यटनमन्त्री शाहीले विमान खरिद सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ का व्यवस्थाविपरीत रहेको तथ्यलाई अनदेखा गरी निगमलाई गैरकानुनी हानि पुऱ्याउने बदनियतसाथ काम गरेको अख्तियारको आरोप छ । खरिद सम्झौता (एमओयू)मा कानुनविपरीत मूल्यवृद्धिको सर्त र विमानको 'मेजर टेक्निकल स्पेसिफिकेसन'मा भारवहन क्षमतालाई २४२ टनबाट २३० टनमा कायम गर्ने, तर भुक्तानी भने २४२ टनकै गर्ने गरी राखेको प्रावधानलाई बदर गराउन तथा सच्याउन विभागीय मन्त्रीका हैसियतमा निर्देशन दिनुपर्नेमा त्यसलाई अनदेखा गरेको अख्तियारको आरोप छ ।

परामर्शदाता र निगमका कर्मचारी तथा पदाधिकारीसँगको मिलेमतोमा नियमानुसारको बैंक जमानत तथा सुरक्षणविना नै 'कमिटमेन्ट फी' भुक्तानीका लागि डलर सटही सुविधाको सिफारिस गरेको र कानुनविपरीतको सम्झौतालाई वैधानिकता प्रदान गर्ने गरी मन्त्री शाहीबाट निर्णय भएको अख्तियारको आरोपपत्रमा उल्लेख छ । मन्त्री शाहीले गरेको यही निर्णयले पछि आउने कुनै पनि पदाधिकारी वा निकायले सम्झौता बदर गर्दा निगमले 'कमिटमेन्ट फी' गुमाउनुपर्ने र विमान पनि प्राप्त नहुनेजस्ता दोहोरो जोखिम पार्ने अवस्था सिर्जना गरेको अख्तियारको ठहर छ ।

उनको यही निर्णयबाट मूल्यवृद्धिबापत आपूर्तिकर्तालाई भुक्तानी गरेको अमेरिकी डलर ६७ लाख ८८ हजार एक सय नौ अर्थात् ७४ करोड ५८ लाख ७७ हजार चार सय ८२ र विमानको भारवहन क्षमता १२ टन कम भए पनि आपूर्तिकर्तालाई दुई सय ४२ टनकै मूल्य भुक्तानी गर्दा ६६ लाख अमेरिकी डलर अर्थात् ७२ करोड ५२ लाख आठ हजार रुपैयाँ हानि पुगेको ठहर अख्तियारको छ ।

यी दुवै रकम जोड्दा आउने एक करोड ३३ लाख ८८ हजार एक सय नौ अमेरिकी डलर अर्थात् एक अर्ब ४७ करोड १० लाख ८५ हजार चार सय ८२ रुपैयाँ बढी भुक्तानी दिई भारवहन क्षमता बढाउँदा लाग्ने थप रकमको दायित्व सिर्जना गरी शाहीले भ्रष्टाचारजन्य कार्य गरेको अख्तियारको दाबी छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १ को (क), (ख) र (ञ) बमोजिमको कसुरजन्य कार्य गरेको पुष्टि भएको भन्दै अख्तियारले उनीविरुद्ध हानि पुगेको एक अर्ब ४७ करोड १० लाख ८५ हजार चार सय ८२ रुपैयाँलाई नै बिगो कायम गरेर प्रतिवादी बनाएको छ । उनीविरुद्ध भ्रष्टाचार निवारण ऐनको दफा ८ को उपदफा १ बमोजिम कैद र बिगोबमोजिम जरिवाना सजाय गरी बिगो असुलउपर हुन अख्तियारले मागदाबी लिएको छ । उक्त व्यवस्थाबमोजिम उनलाई तीन महिनादेखि तीन वर्षसम्म कैद सजाय हुन्छ । राष्ट्रपतिबाट नियुक्ति लिई संघीय मन्त्री पदमा रही भ्रष्टाचार गरेकाले उनीविरुद्ध ऐनको दफा २४ बमोजिम थप सजायको मागदाबी अख्तियारले गरेको छ । जसअनुसार उनलाई थप तीन वर्ष कैद सजाय हुन्छ ।

निगमका तत्कालीन सञ्चालक समिति अध्यक्ष (पर्यटनसचिव) शंकरप्रसाद अधिकारी र तत्कालीन महाप्रबन्धक सुगतरत्न कंसाकारमाथि लागेका आरोप

अख्तियारले तत्कालीन पर्यटनसचिव एवं वायुसेवा निगमका तत्कालीन सञ्चालक समिति अध्यक्ष शंकरप्रसाद अधिकारी र निगमका तत्कालीन महाप्रबन्धक सुगतरत्न कंसाकारलाई पनि प्रमुख प्रतिवादीका रूपमा मुद्दा दायर गरेको छ । उनीहरूविरुद्ध उस्तै प्रकृतिको आरोप छ ।

अधिकारी र कंसाकारविरुद्ध सार्वजनिक खरिद ऐनको व्यवस्थाविपरीत रहेको नेपाल वायुसेवा निगम आर्थिक विनियमावली, २०६५ को विनियम २३६ संशोधन नगरी ऐनले निर्धारण गरेका कार्यविधि र त्यसअनुरूपको 'स्ट्यान्डर्ड बिडिङ डकुमेन्ट'विपरीतको 'रिक्वेस्ट फर प्रपोजल डकुमेन्ट' तयार तथा स्वीकृत गरी त्यसमा विमानको प्राविधिक स्पेसिफिकेसन र त्यसलाई मापन गर्ने स्पष्ट मापदण्ड नखुलाई खरिद ऐनले निर्धारण गरेका कार्यविधिविपरीत पुष्ट्याइँको आधार तथा मनासिव कारणविना अस्वाभाविक लागत अनुमान तयार गरेको आरोप अख्तियारको छ । 'रिक्वेस्ट फर प्रपोजल डकुमेन्ट'विपरीत तथा सार्वजनिक खरिद ऐनको प्रतिकूल मूल्यवृद्धिको सर्त समावेश भएको एएआर कर्पको स्वीकारयोग्य नभएको प्रस्तावलाई अपारदर्शी रूपमा मिलेमतो गरेर स्विकारेको आरोप उनीहरूविरुद्ध अख्तियारले लगाएको छ । सार्वजनिक खरिद ऐनले वस्तु खरिदमा कल्पना नै नगरेको वार्ताको माध्यमबाट परामर्शदाताको स्वार्थअनुकूल सम्झौताका सम्पूर्ण सर्त तय गरी तिनलाई एमओयू र बिक्री तथा खरिद सम्झौतामा समावेश गरेको आरोप पनि उनीहरूउपर छ ।

प्रस्तावदाताका प्रतिनिधिसँगको मिलेमतोमा भारवहन क्षमता घटाई विमानलाई लामो दूरीको उडान (लङ रेन्ज ननस्टप फ्लाइट) गर्न असक्षम बनाई रकम भुक्तानी भने १२ टन बढीकै गरेको, खरिद ऐन र रिक्वेस्ट फर प्रपोजलविपरीतको मूल्यवृद्धिको रकमसमेत भुक्तानी दिएकोलगायतका आरोप उनीहरूमाथि छ । अधिकारी र कंसाकारविरुद्ध हानि पुगेकै बराबरको जनही बिगो कायम गरी तीन महिनादेखि तीन वर्षसम्म कैद सजाय मागदाबी भएको छ । सार्वजनिक निकायको अध्यक्ष/महाप्रबन्धकको हैसियतमा थप तीन वर्ष कैद सजायको मागदाबी अख्तियारले गरेको छ । आफ्नै संयोजकत्वको उपसमितिबाट बदनियतपूर्वक सार्वजनिक खरिद ऐन तथा नियमावलीसहितको प्रचलित खरिद कानुनविपरीत रिक्वेस्ट फर प्रपोजल डकुमेन्टसहित गलत लिखत तयार गरेको आरोपमा कंसाकारविरुद्ध तीन महिनादेखि एक वर्षसम्म कैद र १० हजारदेखि ५० हजारसम्म जरिवानासहितको अर्को सजायको मागदाबी पनि अख्तियारले गरेको छ ।

०००

वायुसेवा निगमको सञ्चालक समितिका प्रतिनिधित्व गर्ने भन्सार विभागका तत्कालीन महानिर्देशक शिशिरकुमार ढुंगाना, पर्यटन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने, टेकनाथ आचार्य, निमानुरु शेर्पा र मुक्तिराम पाण्डेलाई पनि अख्तियारले प्रतिवादी कायम गरेको छ । उनीहरूविरुद्ध सार्वजनिक खरिद ऐनविपरीत कार्य गरेको, अस्वाभाविक रूपमा लागत बढाएको, मिलेमतोमा एएआर कर्पको प्रस्ताव स्वीकार गरेको, विमानको भारवहन क्षमता घटाई बढीकै भुक्तानी दिएको, मूल्यवृद्धिबापत आपूर्तिकर्तालाई भुक्तानी दिएको साझा आरोप छ । सञ्चालक समितिका तत्कालीन सदस्यहरू सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका तत्कालीन महानिर्देशक जीवनप्रकाश सिटौला र हाल नेपाल नागरिक उड्डयन प्राधिकरणका सञ्चालक समिति सदस्य रहेका अच्युतराज पहाडीमाथि पनि उही किसिमको आरोप छ ।

वायुसेवा निगमका तत्कालीन कामु निर्देशकद्वय रामहरि शर्मा सेढाईं र जनकराज कालाखेती तथा तत्कालीन उपनिर्देशक प्रभासकुमार कर्माचार्यलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ । विमान खरिद उपसमिति र प्रस्ताव मूल्यांकन उपसमितिमा रही बदनियतपूर्वक विमानको प्राविधिक स्पेसिफिकेसनका आधार र त्यसलाई मापन गर्ने स्पष्ट मापदण्ड नखुलाई रिक्वेस्ट फर प्रपोजल डकुमेन्ट तयार गरेको आरोप उनीहरूमाथि छ । डकुमेन्ट तयार गर्दा त्यसमा प्रस्तावहरूको मूल्यांकन र योग्यता मापदण्ड नतोकी प्रस्तावदातालाई निर्देशन र खरिद सम्झौताका सामान्य एवं विशेष सर्त समावेश समावेश नगरी वार्ताद्वारा सम्पूर्ण सर्त तय हुने गरी सार्वजनिक खरिद ऐनले निर्धारण गरेका कार्यविधि र त्यसअनुसार स्ट्यान्डर्ड बिडिङ डकुमेन्टविपरीत 'सेकेन्ड ह्यान्ड' विमान खरिद गर्न रिक्वेस्ट फर प्रपोजल डकुमेन्ट तयार गरेको लगायतका आरोप उनीहरूमाथि छ ।

उनीहरूले एएआर कर्पले डिस्क्लेमरमा समावेश गरेका सर्तलाई अनदेखा गरी रिक्वेस्ट फर प्रपोजल डकुमेन्टमा मूल्यवृद्धिको सर्त समावेश भएको एएआर कर्पको प्रस्ताव स्वीकार गरेको छ । डकुमेन्टमा डेलिभरी सेड्युल १२ महिनाभन्दा कम रहेकोमा प्रस्ताव मूल्यांकनका बखत कानुनविपरीत १८ महिना कायम गरी मूल्यवृद्धिको दरसमेत सिफारिस गरी रित नपुगेको प्रस्ताव स्वीकृतिका लागि सिफारिस गरेका थिए ।

यस्तैखालको आरोप निगमका तत्कालीन निर्देशक गणेशबहादुर चन्द, तत्कालीन कामु निर्देशक कर्णबहादुर थापा र तत्कालीन निमित्त निर्देशक सुवास रिजालमाथि पनि अख्तियारले लगाएको छ । निगमका तत्कालीन नायब महाप्रबन्धक रमेशबहादुर शाह, तत्कालीन निमित्त निर्देशक रवीन्द्रकुमार शेरचन, तत्कालीन कामु निर्देशकहरू रवीन्द्र श्रेष्ठ र उपेन्द्र पौडेल, तत्कालीन उपनिर्देशक उमेश पौडेल तथा तत्कालीन निमित्त उपनिर्देशक बृहतमान तुलाधर पनि प्रतिवादी छन् ।

विमान आपूर्तिकर्ता तथा प्रस्तावदाताविरुद्ध पनि मुद्दा दायर

विमान आपूर्तिकर्ता तथा प्रस्तावदाता प्रेसिडेन्ट, इन्टरनेसनल सप्लाई चेन, एएआर कर्प इंक बेलायत, हाई फ्लाई एक्स आयरल्यान्ड लिमिटेड तथा जर्मन एभिएसन क्यापिटल जर्मनी/सिंगापुर र जर्मन एभियसन क्यापिटल जर्मनीका प्रतिनिधिविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ । कर्मचारी तथा पदाधिकारीसँगको मिलेमतोमा योजनाबद्ध रूपले निगमद्वारा जारी रिक्वेस्ट फर प्रपोजल डकुमेन्ट र सार्वजनिक खरिद कानुनविपरीत मूल्यवृद्धिसहितको प्रस्ताव पेस गरेको आरोप उनीहरूविरुद्ध अख्तियारको छ ।

प्रपोजल डकुमेन्टमा उल्लेखित ओरिजिनल डेलिभरी सेड्युलभित्र विमान आपूर्ति गर्नुपर्ने दायित्वसमेत निर्वाह नगरी गैरजिम्मेवार र बदनियतपूर्वक निगमका कर्मचारी तथा पदाधिकारीलाई प्रभाव र प्रलोभनमा पारी वार्ताको बहानामा सर्तमाथि सर्त थोपरी विमानको ओरिजिनल डेलिभरी सेड्युललाई पछाडि धकेल्दै मूल्यवृद्धि निर्धारण गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

मूल्यवृद्धिबापत हुन आउने रकम आफू संलग्न कम्पनी र आफूले स्क्रो एजेन्ट तोकेको कम्पनीको बैंक खातामा भुक्तानी गराउन लगाएको आरोप पनि छ । आफैँले प्रस्ताव गरेको विमानको भारवहन क्षमता २४२ टनलाई प्रभाव र मिलेमतोमा १२ टन घटाएर कायम गरी विमानलाई 'लङ रेन्ज ननस्टप फ्लाइट' गर्न नसक्ने बनाएको आरोपसमेत छ । १२ टन कम भारवहन क्षमताको विमान आपूर्ति गरेर १४२ टनकै मूल्यबराबरको रकम स्क्रु एजेन्ट तोकेको कम्पनीको बैंक खातामा भुक्तानी गराएको, मूल्यवृद्धिबापत भुक्तानी लिएको लगायतको आरोप अख्तियारको छ । अनियमिततामा संलग्न भएको आरोपमा अख्तियारले विमान आपूर्तिकर्ता तथा प्रस्तावदाताका प्रतिनिधिहरू दीपक शर्मा, क्रिस्चियन निह्लेन र ओलेग कलिस्ट्रुलाई अख्तियारले प्रतिवादी बनाएको छ ।

एएआर इन्टरनेसनल इंक बेलायत, एम/एस जर्मन एभियसन क्यापिटल जिएमबिएम जर्मनी, एम/एस हाई फ्लाई ट्रान्सपोर्टे एरिओज एसए अर्थात् हाई फ्लाई एयरलाइन्स पोर्चुगल, एमएस हाई फ्लाई एक्स आयरल्यान्ड लिमिटेड आयरल्यान्ड र एमएस नोरटन रोज फुलब्राइट एलएलपी जर्मनीका प्रतिनिधिलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ ।

एएआर, जर्मन एभिएसन र हाई फ्लाईले विमान बिक्री तथा आपूर्तिका लागि 'कन्सोटिअम'का रूपमा प्रस्ताव पेस गरेका थिए । उक्त कन्सोटिअमले 'स्पेसल प्रपोज कम्पनी (एसपिसी)का रूपमा हाई फ्लाई एक्सलाई नियुक्त गरेको थियो । नोर्टन रोज भने कन्सोर्टिएम र हाई फ्लाई एक्सले वायुसेवा निगमबाट विमानको रकम प्राप्त गरी रकम व्यवस्थापन गर्न स्क्रो एजेन्टका रूपमा नियुक्त गरेको कम्पनी हो । एकदेखि अर्को पार्टीमा बाँडफाँट गरेर पठाउनुअघि रकम व्यवस्थापन गर्ने तेस्रो पार्टी, व्यक्ति वा संस्थालाई स्क्रो एजेन्ट भनिन्छ ।

यी कम्पनीहरूले मिलेमतोमा आफ्ना प्रतिनिधिहरू दीपक शर्मा, क्रिस्चियन निह्लेन र ओलेग कलिस्ट्रुमार्फत योजनाबद्ध रूपले वायुसेवा निगमद्वारा जारी रिक्वेस्ट फर प्रपोजल डकुमेन्ट र नेपालको खरिद कानुनविपरीत मूल्यवृद्धिसहितको कन्डिसनल प्रस्ताव पेस गरेको देखिन्छ । वाइडबडी खरिद भ्रष्टाचारमा संलग्न भएको आरोपमा अख्तियारले कम्पनीका मुख्य व्यक्तिहरू जोन एम होल्मेस, एना तोपा, पाउलो मिरपुरी, जिराल्ड थोर्नटन, मारकुस राडब्रुच र राल्फ स्प्रिन्जरलाई अख्तियारले प्रतिवादी बनाएको छ ।

के हुन्छ मुद्दा लागेकाहरूको पद ?

अख्तियारले मुद्दा दायर गरेसँगै सार्वजनिक पदमा बहाल रहेकाहरू स्वतः निलम्बनमा पर्नेछन् । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३३ मा मुद्दा लागेपछि स्वतः निलम्बन हुने व्यवस्था छ । उक्त दफामा कुनै व्यक्तिउपर मुद्दा लागे मुद्दा दायर भएको त्यस्तो राष्ट्रसेवक सो मुद्दाको किनारा नभएसम्म स्वतः निलम्बनमा रहने व्यवस्था छ । जसअनुसार मुद्दा लागेसँगै प्रतिवादीहरू स्वतः निलम्बनमा पर्नेछन् ।

अब जुन जिल्लामा...
पृष्ठ १ बाट क्रमशः

अदालतले हेर्नेमा केही महिनायता जिल्ला अदालतले हेर्न थालेका छन् । जसअनुसार अपराधको वारदत तय गर्न चेक बाउन्स गराएको शाखाका आधारमा प्रहरीले अनुसन्धान गर्न थालेको हो । यसले पीडितलाई भने सहज हुने प्रहरी अधिकारी बताउँछन् । पीडितले आफूअनुकूल जिल्लामा चेक बाउन्स गराउन सक्छन् । उपत्यकाबाहिरको शाखाको चेक भए पनि उपत्यकाका जिल्लामा बाउन्स गराए उपत्यकामै अनुसन्धान हुनेछ । यसले उपत्यकाका प्रहरी कार्यालयमा भने चेक बाउन्सका उजुरीको चाप अझै बढ्ने सम्भावना छ । केही वर्षयता प्रहरीमा सर्वाधिक पर्ने उजुरीमा चेक बाउन्स पनि छ । काठमाडौं उपत्यकामा मात्र दैनिक ५० भन्दा धेरै चेक बाउन्ससम्बन्धी उजुरी प्रहरीमा पुग्ने गरेका छन् ।

कांग्रेसले एकै दिन गुमायो दुई प्रदेश सरकार

धनगढीमा **तेजराज भट्ट** र दाङमा **दीपक बोहरा**

कांग्रेसले एकै दिन दुईवटा प्रदेश सरकार गुमाएको छ। केन्द्रमा समीकरण फेरिएपछि अल्पमतको सरकार चलाइरहेका सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाह र लुम्बिनीका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले बिहीबार पदबाट राजीनामा दिएका हुन्।

प्रदेश प्रमुख नजिर मियाँलाई मुख्यमन्त्री शाहले बिहीबार साँझ राजीनामा बुझाएका हुन्। उनले प्रदेश सभाबाट बिहीबार विश्वासको मत लिने तयारी गरेका थिए। नागरिक उन्मुक्तिका सातैजना सांसदको समर्थन पाउने अपेक्षा गरेका मुख्यमन्त्रीले एक सिट रहेको राप्रपा र एकजना स्वतन्त्र सांसदको समर्थनमा बहुमत जुटाउने कोसिस गरेका थिए। विश्वासको मत दिन नागरिक उन्मुक्ति एक भएको अवस्थामा राप्रपा र स्वतन्त्र सांसद मुख्यमन्त्रीलाई समर्थन गर्न तयार पनि थिए। तर, नागरिक उन्मुक्तिकी अध्यक्ष रञ्जिता श्रेष्ठनिकट सांसद कैलाश चौधरी र टीका थापा विश्वासको मत दिन काठमाडौंबाट धनगढी आएनन्। उनीहरू केन्द्रको गठबन्धनको पक्षमा छन्। सांसद आउने आशामा रहेका मुख्यमन्त्रीको आग्रहमा दिउँसो ३ बजे आह्वान गरिएको प्रदेश सभा बैठक साँझ ५ बजे सारिएको थियो। राजीनामापछि सञ्चारकर्मीसँग कुरा गर्दै मुख्यमन्त्री शाहले आफूले राजीनामा दिए पनि सरकार गठनका लागि कांग्रेसले जुनसुकै दलसँग सहकार्यको ढोका खुला राखेको बताए।



कमलबहादुर शाह
मुख्यमन्त्री
सुदूरपश्चिम



डिल्लीबहादुर चौधरी
मुख्यमन्त्री
लुम्बिनी

यस्तै, तत्कालीन एमाले-माओवादी गठबन्धन भत्केर कांग्रेस-माओवादीसहितको नयाँ गठबन्धन बनेपछि चौधरी गत १४ वैशाखमा मुख्यमन्त्री बनेका थिए। तर, फेरि समीकरण फेरिएर माओवादीले समर्थन फिर्ता लिएपछि चौधरी अल्पमतको सरकार चलाइरहेका थिए। उनले विश्वासको मत लिने बताइरहे पनि अन्ततः संसद्मा राजीनामा घोषणा गरे। लुम्बिनीमा माओवादी संसदीय दलका नेता जोखबहादुर महरालाई मुख्यमन्त्री बनाउन गठबन्धनमा आबद्ध दल सहमत भएका छन्।

केन्द्रमा गठबन्धनले माओवादीलाई नेतृत्व दिने सहमति गरेअनुसार यहाँ माओवादी संसदीय दलका नेता महरा, एमाले संसदीय दलका नेता लीला गिरी, जसपा संसदीय दलका नेता भण्डारीलाल अहिर, एकीकृत समाजवादीका भगवती अधिकारी र स्वतन्त्र सांसद खड्ग बस्नेतले पाँचबुँदे सहमति गरेका हुन्।

■ नागरिक उन्मुक्तिको समर्थनविना गठबन्धनको पक्षमा पनि पुग्दैन बहुमत

सुदूरपश्चिममा नयाँ सरकार गठनका लागि नागरिक उन्मुक्तिको समर्थन आवश्यक हुन्छ। तर, नागरिक उन्मुक्तिमा भने प्रदेश सरकारमा सहभागिताबारे दुई पक्षबीच विवाद छ। संविधानको धारा १६८ को उपधारा ३ अनुसार प्रदेश सभाको सबैभन्दा ठूलो दलको संसदीय दलको नेताको हैसियतले शाह मुख्यमन्त्रीमा नियुक्त भएका थिए। अहिले नागरिक उन्मुक्तिले सहयोग नगर्दा उनले सरकार छाड्नुपऱ्यो।

यसअघि गत वर्ष मुख्यमन्त्री राजेन्द्रसिंह रावल विश्वासको मत पाउन नसकेपछि पदमुक्त भएका थिए। नयाँ सरकार गठनका लागि २७ सांसद आवश्यक पर्छ। सातजना सांसद रहेको नागरिक उन्मुक्तिविना अहिलेको गठबन्धनको सरकार पनि बन्दैन। प्रदेश सभामा गठबन्धनको २४ सिट मात्र छ। त्यसबाहेक कांग्रेसका १८, राप्रपाका एक र एक स्वतन्त्र सांसद छन्। मुख्यमन्त्रीले राजीनामा दिए पनि प्रदेश प्रमुखले नयाँ सरकार गठनको आह्वान गरिसकेका छैनन्। संविधानको कुन धाराअनुसार सरकार गठनको आह्वान गर्ने भन्नेबारे प्रदेश प्रमुख परामर्शमा रहेकाले शुक्रबारसम्म सरकार गठनका लागि आह्वान हुन सक्ने उनीनिकट स्रोतले जनाएको छ। संविधानको धारा १६८ को उपधारा २ मा फर्कने वा ५ अनुसार आह्वान गर्ने भन्ने यकिन नभएको बताइएको छ। स्रोतका अनुसार उपधारा २ अनुसार सरकार गठनको आह्वान हुने सम्भावना छ।

मन्त्रीहरूले गरेको कामको अब प्रधानमन्त्रीलाई दैनिक ब्रिफिङ गर्नुपर्ने

दैनिक ब्रिफिङले मन्त्री र कर्मचारीलाई कार्यसम्पादनमा थप उत्तरदायी बनाउने प्रधानमन्त्रीको विश्वास, सुशासन कायम गर्न राजनीतिक र प्रशासनिक तहमा साझा संकल्प र धारणा बनाउन जरुरी रहेको भनाइ

कमलराज भट्ट/नयाँ पत्रिका

सरकारका काम प्रभावकारी बनाउन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रीहरूलाई थप जिम्मेवारी दिएका छन्। यसअनुसार अबदेखि मन्त्रीहरूले प्रत्येक दिन आफूले गरेका काम प्रधानमन्त्रीलाई ब्रिफिङ गर्नुपर्ने भएको छ। दैनिक ब्रिफिङले मन्त्री र कर्मचारीलाई कार्यसम्पादनमा थप उत्तरदायी बनाउने प्रधानमन्त्रीको विश्वास छ।

मन्त्रीदेखि कर्मचारी प्रशासनसम्मलाई काममा जागरुक बनाउन मन्त्रिपरिषद्को बिहीबारको बैठकले दैनिक ब्रिफिङ गर्नुपर्ने निर्णय गरेको प्रधानमन्त्री प्रचण्डले बताए। 'आज मैले क्याबिनेटबाट निर्णय गराएको छु, सबै मन्त्रीहरूले प्रत्येक दिन गरेको कामको ब्रिफिङ प्रधानमन्त्रीलाई बेलुका गर्नुपर्नेछ,' सार्वजनिक नीति तथा प्रत्यायोजित विधायक समितिको बिहीबारको बैठकमा प्रधानमन्त्री प्रचण्डले भने।

सेवाप्रवाहमा सरकारले बल गरे पनि कर्मचारीमा जाँगर नदेखिएको भन्दै मन्त्रिपरिषद्मा छलफल भएको समेत प्रधानमन्त्रीले बताए। 'सरकारले जुन तदारुकताका साथ विकास निर्माणका काम, अन्य सेवाप्रवाहका काम, अन्य ऐन निर्माणका काम जति दृढताका साथ गर्न बल गरिराखेको छ, प्रशासन र कर्मचारीमा त्यो जाँगर किन ल्याउन सकिएन,' प्रधानमन्त्रीले भने, 'कर्मचारीलाई निर्णय लिनुभन्दा नलिनु राम्रो लाग्न थाल्यो। अलिकति जोखिम उठाएर काम गर्नेभन्दा जोखिम नउठाएर चुप लागेर बस्ने, कलम चोप्नुभन्दा नचोप्दा सुरक्षित ठान्ने भयो। के कारणले भयो भन्नेबारे बिहीबार क्याबिनेटमा पनि गम्भीर छलफल चलेको छ।'

सरकारले सुशासनलाई पहिलो प्राथमिकतामा राखेर भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिएको भन्दै प्रधानमन्त्री प्रचण्डले राजनीतिक र प्रशासनिक तहमा साझा संकल्प र धारणा बनाउन बल गरिरहेको बताए। 'प्रधानमन्त्री र मन्त्रीले बल गर्ने, कर्मचारीले सहयोग नगर्ने, कर्मचारीले बल गर्ने, मन्त्री र प्रधानमन्त्री स्पिडमा नआउने हो भने यो दुवै अवस्थामा भन्याजस्तो गर्न सकिँदैन। यसबारे राजनीतिक तहमा पनि छलफल गर्दै छौं, प्रशासनिक तहमा पनि गरिरहेका छौं,' उनले भने।

यसैअन्तर्गत मन्त्रीले दैनिक ब्रिफिङ गर्ने निर्णय भएको उनले स्पष्ट पारे। 'गरेका काममध्ये त्यो दिनको कुन राम्रो र ठूलो काम गरियो, त्यो प्रत्येक दिन प्रधानमन्त्रीलाई ब्रिफिङ गर्नुपर्ने भनेपछि यसले सबैलाई तताउँछ। सबै मन्त्रालय, सबै सचिव र सबै कर्मचारीलाई तताउँछ, यसरी हामी बल गर्दैछौं,' उनले भने।



संसदीय समितिमा प्रधानमन्त्रीको दाबी- प्रतिबद्धता र आश्वासन योजनाबद्ध रूपमा कार्यान्वयन

प्रधानमन्त्री प्रचण्डले संसद्समक्ष सरकारले गरेका प्रतिबद्धता र आश्वासन योजनाबद्ध रूपमा कार्यान्वयन भइरहेको दाबी गरे। उनले संसद्मा सरकारले लिएको मार्गचित्रअनुरूप सुशासन, सामाजिक न्याय र समृद्धिका क्षेत्रमा प्राथमिकताका साथ काम भइरहेको पनि बताएका छन्। राष्ट्रिय सभाको सार्वजनिक नीति तथा प्रत्यायोजित समितिको बिहीबारको बैठकमा प्रधानमन्त्री प्रचण्डले सार्वजनिक सेवा प्रवाहमा सुधार, विकास आयोजनालाई समयमा नै सम्पन्न गर्न आवश्यक सहजीकरण, संगठन पुनर्संरचना, संविधानअनुकूल कानुन निर्माण र संशोधनको दिशामा सरकार अघि बढेको बताए। चालू आर्थिक वर्षको बजेटमा सरकारले गरेका प्रतिबद्धता र प्रधानमन्त्रीले संसद्मा दिएका आश्वासनको विषयमा राष्ट्रिय सभाको सार्वजनिक नीति तथा प्रत्यायोजित समितिले बिहीबार प्रधानमन्त्री प्रचण्डलाई आमन्त्रण गरेको थियो।

समितिका अनुसार नीति कार्यक्रम, बजेटमा भएका सबै कुरा आश्वासनभित्र पर्छ। त्यसैगरी प्रधानमन्त्री र मन्त्रीले जवाफ दिने क्रममा दिएका आश्वासनमा पनि समितिले छलफल गर्छ। समितिले चालू आर्थिक वर्षमा आएका सरकारी आश्वासन र प्रतिबद्धता के-कति पूरा भए भनेर जवाफ लिन प्रधानमन्त्रीलाई बोलाएको हो।

प्रधानमन्त्री प्रचण्डले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको ऋण मिनाहाका लागि पहल भइरहेको बताए। 'पोखरा एयरपोर्टको बारेमा ऋण धेरै भयो भन्ने सबैलाई परेको छ,' उनले भने, 'हामीले त्यसलाई २५ प्रतिशत त ग्रान्टमा बदल्न सजिलै सकिन्छ भन्ने सुझाव आइराखेका छन्। सरकारका तर्फबाट सकियो भने पूरै नै अनुदानमा बदल्न कोसिस भइराखेको छ।'

भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि भारतको आकाश प्रयोग गर्न दिने सैद्धान्तिक सहमति भएको भन्दै प्रधानमन्त्रीले अन्तिम निष्कर्षमा पुऱ्याउन कूटनीतिक तवरबाट संवाद चलिरहेको बताए। विमानस्थल सञ्चालनका लागि चीन र श्रीलंकासँग पनि कुराकानी भइरहेको र छिट्टै नियमित उडान हुने उनको भनाइ थियो। युरोपसँगको समस्या (कालोसूची फुकुवा) समाधान भएपछि त्यहाँबाट पनि आउन सक्ने स्थिति रहेको भन्दै प्रधानमन्त्री प्रचण्डले नियमित उडान भएपछि औचित्य पुष्टि हुने बताए। दुवै विमानस्थल सञ्चालन गर्न अन्तर्राष्ट्रियस्तरमा र छिमेकीहरूसँग लगातार कुरा भइरहेको भन्दै प्रचण्डले नियमित अन्तर्राष्ट्रिय उडान हुने विश्वास दिलाए।

सप्तकोशीको तटबन्धका सन्दर्भमा नयाँ शिराबाट अगाडि बढेको, कोसीटप्पुको जग्गा समस्या समाधान गर्न अन्तिमपटक आयोग बनाएको र त्यसको समाधान गर्नेतिर सरकार गम्भीर रहेको बताए। शुक्लाफाँटा आरक्षको थ्रुप्रैपटक आयोग बनेको र अहिले पनि बनेको भन्दै प्रधानमन्त्री प्रचण्डले यो अन्तिम होस् भनेर कोसिस गरिएको बताए। तराईमा सिँचाइ व्यवस्थापनका लागि सरकारले यसपटक भएभरका सबै नदीलाई एक-अर्कासँग जोडेर रिभर लिंकेज प्रोजेक्ट अगाडि बढाउन लागेको उनले जानकारी दिए। यसले तराईको मरुभूमि अन्त्य हुने र पानीको सदुपयोग हुने प्रधानमन्त्रीको भनाइ छ।

■ टिआरसी विधेयक अन्तिम चरणमा

प्रधानमन्त्री प्रचण्डले संक्रमणकालीन न्याय विस्तृत शान्ति सम्झौताको मर्म र भावनाअनुसार अगाडि बढ्नुको विकल्प नभएको बताए। 'सैद्धान्तिक रूपमा दलहरूबीच कसैको विमति पनि छैन। तैपनि पूरै टुंगिन सकेको छैन। केही काम भइराखेका छन्,' उनले भने। द्वन्द्वपीडितका छोराछोरी पढाउने, घाइतेको उपचार चलिरहेको भन्दै पछिल्लो चरणमा पीडितहरू सबैलाई राहत दिने गरी नयाँ कार्यविधि अन्तिम चरणमा रहेको उनले बताए। संक्रमणकालीन विधेयक पनि अन्तिम चरणमा रहेको, संसदीय समितिबाट सभामा लगेर टुंग्याउने अन्तिम तयारी भएको उनले बताए। द्वन्द्वमा पीडित भएका सबै पक्षले राहत, परिपूरण पाउने गरी छिटोभन्दा छिटो टिआरसी टुंग्याउन जरुरी रहेको उनको भनाइ थियो।

प्रधानमन्त्री प्रचण्डले मल कारखाना स्थापना गर्ने प्रक्रिया अगाडि बढेको बताए। 'अहिले मेरो दुवै छिमेकीसँग कुरा भइरहेको छ। दुवैले रुचि देखाउनुभएको छ। हामीले नै एउटा प्लान भएर राम्रो किफायती जताबाट हुन्छ, त्यताबाट मल कारखाना स्थापना गर्ने दिशातिर अगाडि बढ्दै छौं,' उनले भने। यद्यपि, अघिल्लो वर्षदेखि सरकारले किसानलाई मलको हाहाकार हुन नदिएको र अहिले पनि अभाव नहुने उनको भनाइ थियो। उनले जाजरकोट भूकम्प प्रभावितको पुनर्निर्माणसम्बन्धी कार्यविधि पारित भइसकेको र अब पुनर्निर्माण कार्य अगाडि बढ्ने बताए।

रुग्ण उद्योग सञ्चालनका लागि सरकार गम्भीर रूपले अगाडि बढेको छ। हेटौंडा कपडा, बुटवल धागो, गोरखकाली रबर उद्योगदेखि विराटनगर जुटमिलसम्म सबैको सम्भावनाबारे छलफल भइरहेको र केही उद्योगका सन्दर्भमा ठोस रूपमा कार्यप्रगति भइरहेको छ।

■ 'संसद् एनजिओबाट नचलाऊ'

सांसदहरूले बजेट अभावका कारण संसदीय समिति चलाउन एनजिओ खोज्नुपरेको गुनासो राखेका थिए। एमाले सांसद गोपाल भट्टराई र एकीकृत समाजवादीकी सांसद गरिमा शाहले संसद् अर्काको भरमा चल्न नहुने भन्दै आवश्यक बजेट संसद्लाई दिन अनुरोध गरे। गर्नैपर्ने कामका लागि समेत बजेट अभाव र जनशक्ति पनि पर्याप्त नभएको गुनासो सांसदहरूले राखेपछि प्रधानमन्त्रीले बजेट अभाव हुन नदिने बताए।

■ राष्ट्रिय सभा उपाध्यक्ष

एमालेबाट विमला घिमिरे उम्मेदवार, एकीकृत समाजवादीको पनि दाबी

काठमाडौं/ राष्ट्रिय सभा उपाध्यक्षका लागि एमालेले सांसद विमला घिमिरेलाई उम्मेदवार बनाउने भएको छ। एमाले केन्द्रीय कमिटी सदस्यसमेत रहेकी घिमिरे कपिलवस्तुबाट प्रतिनिधित्व गर्छिन्। एमालेले सत्तागठबन्धनमा आबद्ध दलहरूबीचको सहमतिअनुसार उम्मेदवार अगाडि सारेको बताएको छ। तर, एकीकृत समाजवादीले राष्ट्रिय सभा उपाध्यक्षमा आफ्नो दाबी पेस गरेको छ।

२७ चैतमा उम्मेदवारी मनोनयन हुने गरी संसद्ले निर्वाचन कार्यतालिका प्रकाशित गरेको छ। उपाध्यक्ष उर्मिला अर्यालले राजीनामा दिएपछि रिक्त उपाध्यक्षका लागि २८ चैतमा निर्वाचन हुँदै छ। एमाले राष्ट्रिय सभा संसदीय दलका नेता देवेन्द्र दाहालले सत्तारुढ पाँच दलको शीर्ष तहमा भएको सहमतिअनुसार पार्टीले घिमिरेलाई उम्मेदवार बनाउने बताए। 'पहिले हामीले नै पाउने सहमति हो, तर एकीकृत समाजवादी सरकारमा सामेल भएपछि उहाँहरूले पनि दाबी गरेका कारण पछि छलफल गरौंला भन्ने भएको रहेछ,' दाहालले भने, 'तर, पछिल्लो छलफलमा शीर्ष तहमा हामीले नै उपाध्यक्ष लिने सहमति भएकाले उम्मेदवारी दिने तयारी गरेका छौं।'

एमालेले घिमिरेलाई संघीय संसद् संयुक्त समिति राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिको सभापति बनाउने तयारी गरेको थियो। दलीय भागबन्डामा सो समितिको नेतृत्व एमालेको भागमा परेको थियो। तर, समिति गठनमा ढिलाइ भएपछि घिमिरे सभापति बन्न सकेकी थिइनन्। एकीकृत समाजवादीका नेताहरूले पार्टी सरकारमा सामेल हुने क्रममै उपाध्यक्ष आफ्नो पार्टीले पाउने समझदारी बनेको दाबी गरेका छन्। यसअनुसार उम्मेदवारी दिइने एकीकृत समाजवादीका नेताहरूको भनाइ छ। एकीकृत समाजवादीका उपाध्यक्ष प्रमेश हमालले पूर्वसमझदारीअनुसार आफ्नो पार्टी उम्मेदवारी दिने मनस्थितिमै रहेको बताए। 'एमालेले उठाए पनि हाम्रो दाबी कायमै छ, पूर्वसमझदारीअनुसार कुराकानी चलिरहेको छ, तर निष्कर्षमा पुगिसकेको छैन।' हमालले नयाँ पत्रिकासँग भने, 'सरकारमा सामेल हुने क्रममा पाँच दलबीचको सहमति त्यसअघि ४ दलबीच भएकोभन्दा भिन्न छ, हामीले उपाध्यक्ष पाउने समझदारीअनुसार पहिलेको सहमति हटाएर शीर्ष तहमा हस्ताक्षर भएर सहमति सार्वजनिक भएको हो।'

■ बिस्का: जात्राको तयारी



आगामी साता सुरु हुने बिस्काः जात्राका लागि भक्तपुरको तःमरी स्क्वायरमा रथ निर्माण गर्दै स्थानीय। निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।
तस्बिरः संजित परियार/नयाँ पत्रिका

१८ महिनामै चौतारामा सुविधासम्पन्न अस्पताल तयार

अस्पताल पुनर्निर्माणमा चीन सरकारको ६ करोड १० लाख आरएमबी अनुदान, ३९ बेडसहित मेडिकल कम्प्लेक्स

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

सिन्धुपाल्चोक सदरमुकाम चौतारामा चीनको अनुदान सहयोगमा ३९ शय्याको सुविधासम्पन्न अत्याधुनिक अस्पताल तयार भएको छ। १८ महिनामा सम्पन्न भएको अस्पताल भवन नेपाल सरकारलाई हस्तान्तरण गर्न चिनियाँ निर्माण कम्पनी संवादमा छ।

अस्पताल भवन निर्माणका लागि १५ अगस्ट २०१८ मा चीनको अर्थ मन्त्रालयअन्तर्गत एजेन्सी फर इन्टरनेसनल इकोनोमिक कोअपरेसन र नेपालको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबीच काठमाडौंमा सम्झौता भएको थियो। विनाशकारी भूकम्पले ध्वस्त अस्पताल पुनर्निर्माण गर्न चीन सरकारले ६ करोड १० लाख आरएमबी अनुदान सहयोग गरेको हो। ९ सेप्टेम्बर २०२२ मा निर्माण सुरु भएको चाइना एड सिन्धुपाल्चोक हस्पिटल रिकभरी प्रोजेक्ट इन नेपाल करिब १८ महिना अर्थात् ८ मार्च २०२४ मा निर्माण सम्पन्न भएको प्रोजेक्ट प्रमुख वरिष्ठ इन्जिनियर मिस्टर गुओ बाओचेङले जानकारी दिए। 'हामीले समयसीमाभित्र निर्माण सकेका छौं,' उनले भने, 'अब नेपाल सरकारलाई हस्तान्तरण गरेर चीन फर्कन्छौं।'

चाइना चियुयान इन्जिनियरिङ कर्पोरेसन र सियान सिफाङ कन्स्ट्रक्सन सुपरभिजन कम्पनी लिमिटेडको मुख्य व्यवस्थापनमा चिनियाँ ठेकेदार कम्पनी हेवेई कन्स्ट्रक्सन ग्रुपले भवन तयार पारेको हो। अस्पताल निर्माणमा दैनिक २५ चिनियाँ र एक सय नेपाली कामदार खटेका थिए। निर्माण सम्पन्नपछि २० चिनियाँ र सबै नेपाली कामदार घर फर्केका छन्।



तीन हजार सात सय ९० वर्गमिटर क्षेत्रफलमा ३९ बेडसहित मेडिकल कम्प्लेक्स बिल्डिङ ९३ स्टोरिज, वाटर पम्प रुम, टेम्पोरारी मेडिकल वेस्टेज रुम, जेनेरेटर सेड निर्माणसँगै मेडिकल उपकरण, फर्निचर र अस्पतालका लागि आवश्यक सर्जिकल सामग्री चीन सरकारले उपलब्ध गराएको छ।

भुइँतलामा फार्मेसी, दर्ता शाखा, परामर्श कक्ष, फिजियोथेरापी पुनर्वास कक्ष, पोषण भान्छा, ड्युटी रुम, बहिरंग बिरामी कक्ष, बालबालिका कक्ष, प्रयोगशाला, आकस्मिक कक्ष, नर्सिङ स्टेसन, ड्रेसिङ रुम, एक्सरे र भिडियो एक्सरे कक्ष तयार भएका छन्। भुइँतलामै भ्याक्सिनेसन सेन्टर, पुलिस अफिस फायर कन्ट्रोल सेन्टर, क्षयरोग र एड्स उपचार कक्ष तयार भएका छन्। भुइँतलामै चार सय ५० केभी पावर जेनेरेटर र मेडिकल वेस्ट वाटर प्रोसेसिङ उपकरण जडान गरिएका छन्।

पहिलो तलामा नर्सिङ स्टेसन, २९ शय्याको अन्तरंग विभाग, सो क्लासरुम, सात शय्याको प्रसूति विभाग, दुई अपरेटिङ कक्ष, रिकभरी कक्ष, नवजात शिशु स्याहार मेसिन, फोटो थेरापी उपकरण, बालबालिका उपचार कक्ष, पुरुष र महिलाका लागि छुट्टाछुट्टै ड्रेसिङ कक्ष, मेडिकल स्टाफ आराम कक्ष रहेका छन्। दोस्रो तलामा प्रशासनिक कार्यालय, तालिम हल, गतिविधि कक्ष, अप्रेसन डिपार्ट, पुस्तकालय, सम्मेलन रुम, अस्पताल निर्देशक कक्ष र मेडिकल डकुमेन्ट रुम छन्। तेस्रो तलामा पानी प्रशोधन कक्ष जहाँ कार्बन र बालुवा फिल्टर मेसिन छन्। अप्रेसन कक्षका लागि स्वच्छ हावा तयार पार्ने मेसिन र दुईवटा ठूला लुगा धुने मेसिन राखिएका छन्।

सबै तलामा अत्याधुनिक अपरेटिङ सिस्टम जडान गरिएको छ। फर्निचर, मेसिन, दराज सबै चीनबाट ल्याइएको हो। नेपाल सरकारलाई हस्तान्तरण गरेपछि पनि थप तीन वर्षसम्म चिनियाँ प्राविधिक टोली अस्पतालमै रहनेछन्। उनीहरूले मेसिन र अपरेटिङ सिस्टम सिकाउने छन्। भूकम्पपछि ध्वस्त भएको चौतारा अस्पतालले करिब पाँच वर्ष टेन्टमा रहेर बिरामीको उपचार गरेको थियो।

संक्षेप

जिल्ला न्यायाधीशमा १० जना सिफारिस

काठमाडौं/ न्यायपरिषद्को बैठकले जिल्ला अदालतमा रिक्त १० न्यायाधीश पदमा नियुक्तिको सिफारिस गरेको छ। न्याय, कानुन तथा सरकारी वकिल समूहका कर्मचारीको जिल्ला न्यायाधीशमा सिफारिस भएको हो। न्याय समूहबाट सर्वोच्च अदालतका इजलास अधिकृत नरेन्द्रबहादुर बुढा, उच्च अदालत इलामका रजिस्ट्रार जीवनकुमार भण्डारी, उच्च अदालत पोखराको बाग्लुङ इजलासका रजिस्ट्रार मुकुन्द आचार्य, बाजुरा जिल्ला अदालतका म्येस्तेदार पुष्पराज पाण्डे, पाल्पा जिल्ला अदालतका म्येस्तेदार शिवबहादुर थापा, सर्वोच्चका उपरजिस्ट्रार महेन्द्रबहादुर कार्की र सर्वोच्चकी इजलास अधिकृत फणेश्वरी घिमिरे छन्। सरकारी वकिल समूहबाट जिल्ला सरकारी वकिल कार्यालय दोलखाका प्रमुख अर्जुनप्रसाद कोइराला र महान्यायाधिवक्ता कार्यालयकी उपन्यायाधिवक्ता विमला रेग्मी तथा कानुन समूहबाट ऊर्जा मन्त्रालयका उपसचिव दीपक घिमिरेको सिफारिस भएको छ। न्यायपरिषद्ले उच्च र जिल्लाका केही न्यायाधीशको पनि सरुवा गरेको छ।

शिक्षामन्त्री नआएपछि समिति बैठक स्थगित

काठमाडौं/ विद्यालय शिक्षा विधेयकमाथि दफावार छलफलका लागि बिहीबार बोलाइएको प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठक स्थगित भएको छ। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठ अनुपस्थित रहेपछि बैठक स्थगित भएको हो। मन्त्री नआएपछि सांसदले असन्तुष्टि जनाएका थिए। प्रतिनिधिसभा नियमावलीअनुसार विधेयकमा दफावार छलफल हुँदा संसदीय समितिमा मन्त्री अनिवार्य उपस्थित हुनुपर्ने व्यवस्था छ। तर, बिहीबार बसेको बैठकमा शिक्षामन्त्रीको उपस्थिति थिएन। यसअघि श्रेष्ठ मन्त्री नबन्दै उनले तत्कालीन शिक्षामन्त्री अशोक राई समितिको बैठकमा उपस्थित नहुँदा आर्फैले विरोध गर्ने, तर आफू मन्त्री बनेपछि अनुपस्थित भएको भन्दै सांसदहरूले विरोध गरेका हुन्।

करिब दुई महिनाअघि शिक्षा विधेयकबारे दफावार छलफलका लागि बसेको बैठकमा तत्कालीन शिक्षामन्त्री राई उपस्थित नहुँदा बैठक यसै गरी स्थगित भएको थियो। बिहीबार पनि समितिको बैठकमा शिक्षामन्त्री नै उपस्थित नहुने भएपछि स्थगित गर्न समितिका सदस्यहरूले सभापतिलाई दबाब दिएका थिए। समितिको बैठकमा शिक्षामन्त्रीको उपस्थिति अनिवार्य हुनुपर्ने भए पनि अनुपस्थित रहेकाले विरोध गरिएको सांसद देवेन्द्र पौडेलले बताए। सांसद ईश्वरी घर्तीमगरले पनि शिक्षामन्त्री उपस्थित नभएको भन्दै विरोध गरिन्। शिक्षामन्त्री उपस्थित नहुँदा अधिकांश सांसदले विरोध गर्न थालेपछि समितिका सभापति अम्मरबहादुर थापाले बिहीबारको बैठक स्थगित गर्दै शुक्रबार दिउँसो १ बजेका लागि बैठकको समय तोकेका छन्। बैठकमा शिक्षा मन्त्रालयका सचिव सुरेश अधिकारी उपस्थित थिए।

कन्सुलर सेवा विभागको सफ्टवेयरमा सुधार

काठमाडौं/ परराष्ट्र मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागले सफ्टवेयरमा स्तरोन्नति गरेको छ। यससँगै अब व्यक्ति आर्फै उपस्थित हुनुपर्नेबाहेकका सेवामा विभागमा धाउनुपर्ने बाध्यता अन्त्य भएको छ। सुधारिएको सफ्टवेयरको बिहीबार उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले शुभारम्भ गरेका हुन्। 'नयाँ मोड्युलमार्फत संसारको जुनसुकै कुनामा समस्यामा परेका नेपालीले आफ्नो राहदानी नम्बर र जन्ममिति प्रयोग गरी नजिकको नेपाली राजदूतावास वा नियोगको वेबसाइटमार्फत समस्याबारे सहजै जानकारी गराउन सक्नुहुनेछ,' कन्सुलर विभागका महानिर्देशक प्रकाशमणि पौडेलले भने।

उपप्रधानमन्त्री श्रेष्ठले नगरिकलाई सहज हुने गरी परराष्ट्र मन्त्रालयअन्तर्गतको सेवा प्रवाह सूचना प्रविधिमार्फत गर्दै जाने जानकारी दिए। समस्या राखिसकेपछि यसको सम्बोधनबारे पनि वेबसाइटबाट हेर्न मिल्ने मोड्युल बनाइएको महानिर्देशक पौडेलले बताए। 'यसका लागि पासपोर्ट नम्बर र जन्ममिति भए पुग्छ बेग्लै युजर आइडी वा पासवर्ड चाहिँदैन,' पौडेलले भने, 'आफू बसेको ठाउँबाटै सेवाग्राहीले यो सुविधा प्रयोग गर्न सक्ने व्यवस्था छ।' उनका अनुसार दूतावाससम्म जानुपर्ने स्रोत-साधन र समय बचत हुनेछ। बेग्लै युजर नेम र पासवर्ड आवश्यक नपर्ने भएका कारण यो प्रयोग गर्न सजिलो छ। आफूले राखेका गुनासो वा उजुरीमा के-कति प्रगति भएको छ भन्ने विषयमा वेबसाइटबाटै थाहा पाउन सकिनेछ। यसका लागि दूतावासमा फोन वा कुनै प्रकारको सम्पर्क गर्न पर्दैन। दूतावासहरूले पनि सेवाग्राहीको समस्यालाई व्यवस्थित तरिकाले अनलाइनमार्फत नै सहजै सम्बोधन गर्न सक्नेछन्।

नयाँ गठबन्धनले जन्माएको सम्भावना

विगतदेखि नै कम्युनिस्ट एकताको पहल, अभ्यास र सहकार्य गरिरहेका कम्युनिस्ट पार्टी एक ठाउँमा उभिएर समान राजनीतिक एजेन्डा बोक्नु सकारात्मक छ



अग्रलेख

● भुवन न्यौपाने

नेपाली राजनीतिमा पछिल्लो समय केही नाटकीय परिदृश्य देखिएका छन् । कांग्रेससँग सत्ता सहकार्य गरेर निर्वाचनमा होमिएका प्रचण्ड अन्त्यमा कांग्रेसलाई पाखा लगाउँदै एमालेसँगको सत्ता साझेदारीमा पुगे । तर, एक महिनाको अन्तरालमै मन्त्रिपरिषद् पुनर्गठन गरी एमालेलाई पाखा लगाउँदै फेरि कांग्रेससँग सत्ता सहकार्यमा जुटे । त्यसको एक वर्षपछि कांग्रेससँगको सहकार्य तोडेर पुनः एमालेसँगको गठबन्धनबाट सरकारको नेतृत्वमा छन् । प्रधानमन्त्री प्रचण्डले १४ महिनामा तेस्रोपटक गठबन्धन फेरेका छन् भने १४औँ पटक मन्त्रिपरिषद् पुनर्गठन गरेका छन् । प्रधानमन्त्री प्रचण्डले संसद्मा तेस्रोपटक विश्वासको मत लिँदा सातै प्रदेश सरकार नयाँ सत्ता संघर्षको मोडमा छन् । संसद्मा ३२ सिटसहितको तेस्रो ठूलो दल माओवादीको नेतृत्वमा सत्ता बदलिइरहेको छ भने कांग्रेस-एमाले पालैपालो सत्ता सहयात्रामा छन् । के कांग्रेस र एमालेले मिलेर आफ्नै नेतृत्वमा सरकार गठन गर्न सक्दैनन् ? भन्ने प्रश्नमाथि यतिखेर बहस चलिरहेको छ ।

कांग्रेस-एमाले सहकार्यको सम्भावना

सत्ता समीकरण बदलिएपछि संसद्मा प्रधानमन्त्रीले पाँचवटा कारणसहित गठबन्धन परिवर्तन गर्नुपरेको बताए । त्यसको जवाफमा कांग्रेसका तर्फबाट प्रमुख सचेतक रमेश लेखकले शालीन शब्दमा ती कारणको प्रतिवाद गरे । अन्त्यमा कांग्रेस र एमालेबीच सहकार्य भए के गर्नुहुन्छ भन्ने आशयको प्रश्न प्रधानमन्त्री प्रचण्डसामु राखे । एमाले अध्यक्ष ओलीले पनि संसद्बाटै यस विषयमा कुरा गर्न कांग्रेसलाई आह्वान गरे । त्यसो भए कांग्रेस र एमालेबीच गठबन्धन बन्न सम्भव छ त ? यो जिज्ञासा अहिले सर्वत्र व्याप्त छ । के कांग्रेस र एमाले संवादमा छन् ? संसद्का पहिलो र दोस्रो ठूला पार्टीबीच सत्ता सहकार्यको सम्भावना छ त ? राजनीतिक इतिहासलाई हेर्ने हो भने त्यस्तो परिवेश निकै कम पाइन्छ ।

राज्यले निर्वाह गर्ने भूमिकामा मुख्य पार्टीहरू कार्यगत एकता गरेर शासकीय राजकाजलाई अगाडि बढाएका उदाहरण छन् । तर, अहिलेको सन्दर्भमा नेपालमा यी मुख्य दुई दलबीच गठबन्धनसहितको सत्ता सहकार्य सम्भव देखिइसकेको छैन । यद्यपि, राजनीतिमा असम्भव भन्ने केही हुँदैन भन्ने गरिन्छ । नेताहरूले एक-अर्कोबीच संवादको आह्वान गरे पनि नेपालमा कांग्रेस र एमाले ठूला पार्टी भएको र भावी दिनमा पनि यिनै पार्टीबीच प्रतिस्पर्धा हुने धरातल भएका कारण पनि सरकारमा सँगै भएर काम गर्न सजिलो पक्कै छैन । अर्कातर्फ, संसदीय व्यवस्थामा प्रतिपक्षमा पनि बलियो दलको खाँचो पर्छ । सरकारलाई जवाफदेहिता, कार्यसम्पादन र क्रियाशीलतामा सशक्त रूपमा प्रस्तुत हुन पनि बलियो संसदीय प्रतिपक्षी जनमत चाहिन्छ ।

यसर्थ पनि सरकारमा ठूला पार्टीबीचको सहकार्य सम्भव देखिन्न । यस्तो अवस्थामा पछिल्लो नयाँ राजनीतिक परिवर्तन या नयाँ गठबन्धनले एउटा नयाँ परिवेशको अवसर सिर्जना गर्न सक्ला त ? मुख्यतः नेपालमा पछिल्लो लामो समयसम्म एउटै पार्टीको बहुमतको सरकार प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन । विगतदेखि नै पूर्ण पाँचवर्षे कार्यकालको सरकार अभ्यासमा छैन । अहिले संसद्मा एउटै पार्टीको बहुमत छैन । अन्तर पार्टीको सहकार्यमा सौदाबाजी हुँदा सत्ता गठबन्धनको लेनदेन दिगो र विश्वसनीय हुन सकिरहेको छैन । साना दलले पनि खोचे थापेर महत्त्वपूर्ण पदमा आफ्नो अडान नछाडेका दृष्टान्त धेरै छन् । यस्तो अवस्थामा थोरै-थोरै सिट भएका दलभन्दा धेरै सिट भएका दलको नेतृत्वमा सरकार गठन भएमा राजनीतिक संस्कार, नीति र प्रणाली कार्यान्वयन हुन्थ्यो कि भन्ने आशा राख्नेहरू पनि धेरै छन् ।

दुई दलीय व्यवस्थाको सम्भावना

दुई दलीय प्रणालीमा दुई प्रमुख दलहरूले राजनीतिक परिदृश्यमा निरन्तर अभ्यास, प्रतिस्पर्धा र प्रभुत्व राख्छन् । दुई दलीय राजनीतिक प्रणाली भएका मुलुकको राजनीतिक स्थायित्व अन्यका तुलनामा व्यवस्थित देखिन्छ । लोकतान्त्रिक मुलुकमा मुख्यगरी संसदीय र राष्ट्रपतीय शासन व्यवस्था हुने गरेका छन् । शासन व्यवस्था र निर्वाचन प्रणाली आआफ्नो अनुकूलताअनुरूप फरक-फरक छन् । कार्यकारी राष्ट्रपतीय प्रणाली भएको अमेरिकाको सरकार स्थिर देखिन्छ । मुख्यगरी अमेरिकामा दुई मात्र दलको वर्चस्व छ । त्यहाँ डेमोक्र्याटिक र रिपब्लिकन पार्टी बलिया छन् । बेलायतमा कन्जर्भेटिभ र लेबर पार्टी छन् । क्यानडामा कन्जर्भेटिभ र लिबरल पार्टी छन् । यी मुलुकमा यी दलले समसामयिक नीति र परिकल्पनाका आधारमा जनताद्वारा पालैपालो निर्वाचित भएर शासन गरिरहेका छन् ।

के नेपाली राजनीतिका मुख्य 'लेफ्ट' र 'राइट' धारबीच निर्वाचनमा प्रतिस्पर्धा हुने अवस्था सिर्जना भयो भने राजनीतिक सुधार हुन्छ ? त्यसो भए पछिल्लो राजनीतिक परिवर्तनपछि नेपालमा छरिएर रहेका कम्युनिस्ट पार्टीबीच एकता सम्भव छ त ? के कांग्रेसको चाहना कम्युनिस्ट एकता हो ? नेपालमा केवल दुई पार्टी लोकतान्त्रिक धार र वामपन्थी धारका राजनीतिक दल अस्तित्वमा रहनु सम्भव छ त ? यी प्रश्नमा मानिसहरूले



> राजनीतिक स्थायित्वका लागि कम्युनिस्ट पार्टीबीच एकता भइदिए कांग्रेसमा पनि बलियो कम्युनिस्ट शक्तिसँग प्रतिस्पर्धा गर्न सक्ने गरी एकताबद्ध भई जनाधार बनाउने नैतिक, कार्यगत र रणनीतिक सोच पलाउने थियो कि ?

बहस गरिरहेका छन् । कुनै दिन नेपालको राजनीति पनि अमेरिकाको जस्तै प्रणालीमा लिपिबद्ध हुन्छ । केवल दुई पार्टीले मात्र निर्वाचनमा भाग लिन्छन् । सबैभन्दा धेरै सिट जिल्नेले सरकार चलाउँछ । अर्को पार्टी संसद्को प्रमुख प्रतिपक्षका रूपमा रहन्छ । स्थिर सरकार, दिगो शासन, चुस्त प्रशासन, सुशासन र समुन्नतिको ध्येयउन्मुख हुनेछ । के अहिले नै यस्तो लक्षण देखिन्छ ?

विशेषतः कांग्रेसले महासमितिको निर्णयबाट निर्वाचनअघि कुनै पनि दलसँग गठबन्धन नगर्ने भनी गरेको निर्णयको अन्तर्वस्तुले स्वभावतः लोकतान्त्रिक पद्धतिको नेतृत्व गर्छ । कांग्रेस आफ्नै पहिचान, पद्धति र परिवेशमा निर्वाचन लड्न तयार हुनु भनेको विगतको अप्राकृतिक गठजोडलाई निरुत्साहन गरी नेपाली राजनीतिमा नयाँ अवसर सिर्जना गर्नु पनि हो । अर्कातर्फ, विगतदेखि नै कम्युनिस्ट एकताको पहल, अभ्यास र सहकार्य गरिरहेका नेपालका कम्युनिस्ट पार्टी एक ठाउँमा उभिएर समान राजनीतिक एजेन्डा बोक्नु सकारात्मक पक्ष हो । यसले जनतासमक्ष स्पष्ट कार्यदिशा, प्रतिस्पर्धा र दृष्टिकोण लैजान निकै महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । सरकार र संसद्मा पनि त्यसको प्रभावकारी र प्रतिफलमुखी परिणाम देखिन सक्छ ।

राजनीतिक स्थायित्वको मार्ग

नेपालमा व्यवस्था परिवर्तन भए पनि राजनीतिक संक्रमण र अस्थिरता मुख्य समस्याका रूपमा छन् । सरकार र संसद्मा बलियो पार्टीको नीतिगत नेतृत्वको खाँचो छ । राजनीतिक दल स्थायित्वको मार्गमा अगाडि बढ्ने आधार चाहिएको छ । अहिले सरकार र संसद्मा धेरै दलभन्दा पनि बलिया दलको खाँचो छ । एकातर्फ धेरै दल हुँदा सरकार र संसद्मा खिचडी पाकिरहेको छ भने अर्कातर्फ समुन्नतिको एजेन्डामा भन्दा भागबन्डाको एजेन्डामा राजनीति घुमिरहेको छ । नेपाली विशेषतामा आधारित भई कांग्रेसले लोकतान्त्रिक शक्ति र एमालेले वामशक्ति बनाउन पहल गर्ने हो भने यसबाट संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशी राजनीति र संविधान कार्यान्वयनसँगै देशलाई समुन्नतिको बाटोमा हिँडाउन सहज हुन्छ ।

सामान्यतः नेपालको राजनीतिमा कसैको बहुमत नभएको यथार्थ हो । अहिलेकै निर्वाचन प्रणालीमा बहुमतको सरकार बनाउन पार्टीहरू पुस्तान्तरण र रूपान्तरणसँगै समयानुकूल प्रभावशाली हुनुपर्छ । यही निर्वाचन प्रणालीमा एउटै पार्टीले बहुमत ल्याउने सम्भावना कमै छ । एकातिर पार्टीहरू बलियो बन्ने प्रक्रियामा छैनन् भने अर्कातर्फ नयाँको चुनौतीलाई आत्मसात् पनि गरिरहेका छैनन् । सरकार स्थायी नहुँदा मुलुकले पूर्ण पाँचवर्षे योजना, नीतिगत सुधार र समुन्नतिको बाटो समात्न सकिरहेको छैन । अब सरकारको पूर्ण पाँचवर्षे कार्यकालका लागि दुईवटा सुधारको खाँचो छ- एउटा निर्वाचन प्रणाली परिवर्तन र अर्को राजनीतिक दलसम्बन्धी कानुनमा परिवर्तन ।

पहिलो, राजनीतिक दलसम्बन्धी व्यवस्थामा परिवर्तन । अहिले बलियो राजनीतिक दलको आमअपेक्षा छ । त्यसो भए बलियो राजनीतिक शक्ति निर्माण गर्ने आधार के हो त ? अहिले जनमतका आधारमा कांग्रेस र एमाले दुवै बलियो अवस्थामा छैनन् । लोकप्रिय मत हेर्ने हो भने सबैभन्दा धेरै मत भनेको करिब ३५ प्रतिशत मात्र हो । जब कि संसदीय राजनीतिमा दलहरूले ४० प्रतिशतभन्दा माथि 'पपुलर भोट' ल्याउनुपर्छ । यथार्थमा कांग्रेस र एमाले दुवै जनमतका हिसाबले अल्पमतका पार्टी हुन् । यसमा सुधारका उपायका लागि राष्ट्रिय पार्टी बन्न चाहिने 'थ्रेसहोल्ड' तीन प्रतिशतबाट पाँच प्रतिशतमा पुऱ्याउनुपर्छ । यसबाट संसद्मा बलिया पार्टी मात्र राष्ट्रिय पार्टी हुन्छन् र ठूला पार्टीको जनमत पनि बढ्छ ।

दोस्रो, नेपालको वर्तमान निर्वाचन प्रणालीको समीक्षा र परिमार्जन आवश्यक छ । अन्यथा गठबन्धनविना एकल सरकार गठन हुने सक्दैन । गम्भीरतापूर्वक समानुपातिक निर्वाचन प्रणालीको समीक्षा गर्नुपर्छ । हाल समानुपातिकको ११० बाट ६० र प्रत्यक्ष १६५ बाट ११० आसपासमा पुनर्संरचना गर्नु राजनीतिक दल र मुलुकका लागि उपयुक्त मार्ग हुन सक्छ । यसो हुँदा कांग्रेस, एमाले वा यस्तै जनाधार भएका पार्टीले एक्लाएक्लै चुनाव लड्दा पनि बहुमत वा बहुमतको आसपास ल्याउन सक्छन् । अर्कातर्फ, राजनीतिक दल व्यापक सुधारसहित जनउत्तरदायी हुने हो भने जनविश्वास जित्न सक्दा अहिलेकै व्यवस्थामा पनि २७५ सदस्यीय प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १०० स्थान र समानुपातिकतर्फ ३८ स्थान जित्न पनि सक्छन् । केही बहसमा उठिरहेको प्रत्यक्ष कार्यकारी निर्वाचन प्रणाली पनि नेपालको सन्दर्भमा अहिले जोखिमपूर्ण नै हुने देखिन्छ ।

आमजनता यतिबेला देश र जनताप्रति समर्पित भएको लोकतान्त्रिक नेतृत्वको खोजीमा छन् । जसको नेतृत्व कांग्रेसले गर्न सक्छ । कांग्रेसले अहिले सत्ता गयो भन्ने चिन्ता गरी नयाँ सत्ता सहकार्यका लागि कसरत गर्नुभन्दा पनि ०८४ सम्म प्रतिपक्षमा बसेर पार्टी बलियो बनाउने अवसरको सदुपयोग गर्न सक्नुपर्छ । अर्कोतर्फ, एमालेको नेतृत्वमा कम्युनिस्ट एकता भएमा दीर्घकालीन रूपमा नेपालको राजनीति सुधार्ने अवसर बन्न सक्छ । ऐतिहासिक घटनाक्रमका आधारमा जनताले पनि दलहरूलाई नेपालको वास्तविक स्वरूपमा देख्न चाहेका छन् । सैद्धान्तिक, वैचारिक, कार्यगत र व्यावहारिक रूपले पनि यो अत्यावश्यक विषय हो । यसर्थ, राजनीतिक स्थायित्वका लागि कम्युनिस्ट पार्टीबीच एकता भइदिएमा कांग्रेसमा पनि बलियो कम्युनिस्ट शक्तिसँग प्रतिस्पर्धा गर्न सक्ने गरी एकताबद्ध भई जनाधार बनाउने नैतिक, कार्यगत र रणनीतिक सोच पलाउने थियो कि ?

---

३ प्रश्न

नेपाल सरकारका पूर्वस्वास्थ्यसचिव **रामप्रसाद थपलिया**लाई



जनशक्ति अभावमा वीर अस्पतालका बेड बन्द हुनुलाई के भन्नुहुन्छ ?

यो चिन्ताको विषय हो । स्वास्थ्य क्षेत्रका समस्या समाधान जटिल विषय बनेको छ । खासगरी संघीयताले गर्दा देशभर जम्मा १७ अस्पताल केन्द्रले हेर्ने, जिल्ला र अन्य केही अस्पताल प्रदेशले हेर्ने र स्वास्थ्य केन्द्रहरू स्थानीय तहले हेर्ने व्यवस्था छ । यो विभाजन सेवाग्राहीको सुविधाका लागि भन्दा पनि शासकीय सुविधाका लागि गरिएको जस्तो देखिन्छ । जनशक्ति अभावभन्दा पनि भएकै जनशक्ति परिचालनमा समस्या भएकाले सेवा प्रवाहमा समस्या आएको हुन सक्छ ।

स्वास्थ्य सेवामा जनशक्तिको अभावचाहिँ किन हुन्छ ?

हामीकहाँ स्वास्थ्य सेवामा जनसंख्याको तुलनामा दरबन्दी निकै कम नै छ । तैपनि, हाम्रा ठूला अस्पतालमा मेडिकल पढ्ने विद्यार्थीहरूले सेवा पुऱ्याउँदै आएका छन् । इन्टर्न गर्नेहरू पनि धेरै नै हुन्छन् । तिनलाई मात्र राम्ररी परिचालित गर्न सकेमा पनि जनशक्ति अभाव हुँदैन । वीर अस्पतालकै सन्दर्भमा भन्ने हो भने त्यहाँ अस्पताल विकास समिति, नेपाल सरकार र न्याम्सका अलगअलग कर्मचारी छन् । तिनलाई सही ढंगले परिचालन गर्न सक्नुपर्छ । विकास समितिका कर्मचारीलाई अन्तरअस्पताल सरु गर्न सक्नुपर्छ । म सचिव हुँदा यसका लागि कार्यविधि बनाएर प्रयास गरेको थिएँ । तर, बीचमै सरुवा भएकाले त्यो त्यत्तिकै रोकियो ।

सरकारी अस्पताललाई पूर्ण क्षमतामा सञ्चालन गर्न सकिन्न ?

किन नसक्नु, अवश्यै सकिन्छ र सक्नु पनि पर्छ । कर्मचारी अभावमा सेवा नै बन्द हुने अवस्था आउनु हुँदैन । दरबन्दीमा पुनरावलोकन जरुरी छ । तर, भएकै कर्मचारीबाट अधिकतम सेवा लिन अस्पताल प्रशासनसँगै स्वास्थ्य मन्त्रालय प्रशासन पनि चुस्त हुनुपर्छ । मन्त्रालयले नियमित अनुगमन गर्नुपर्छ ।

ठेकेदारको उपहार

प्रेरक प्रसंग

एकजना सिकर्मीले बनाएका काठका कलात्मक घरको टाढा-टाढासम्म चर्चा हुन्थ्यो । सिकर्मी दिनदिनै वृद्ध हुँदै गए । वृद्धावस्थाका कारण एक दिन उनले सोचे- जिन्दगीमा धेरै काम गरियो । अलि-अलि धनसम्पत्ति पनि कमाइयो । अब कामबाट छुट्टी लिएर बाँकी जिन्दगी परिवारसित रमाइलो गरी बिताउँछु ।

अर्को दिन ठेकेदारकहाँ पुगेर सिकर्मीले भने- ठेकेदारसाब, मैले वर्षौंसम्म हजुरको सेवा गरेँ । सकेसम्म राम्रो गर्ने कोसिस गरेँ । अब म वृद्ध भएँ । त्यसैले, अब कामबाट अवकाश लिएर परिवारसँग बाँकी जिन्दगी बिताउन चाहन्छु ।

ठेकेदार सिकर्मीलाई निकै मान्थे । त्यसैले, अवकाशको माग सुन्दा उनी केही दुःखी त भए । तर, सिकर्मीको उमेर र उनले विगतमा गरेको काम सम्झेर उनले सिकर्मीलाई निराश बनाउन चाहेनन् । उनले भने- ठीक छ, तिमीले मेरो धेरै सेवा गरेका छौ । त्यसैले, म तिमीलाई दुःखी तुल्याउन चाहन्नँ । तर, तिमीले अवकाश लिनुअघि थप एउटा सुन्दर घर बनाइदिनुपऱ्यो । म यत्ति चाहन्छु । ठेकेदारले सिकर्मीलाई आवश्यक खर्च दिएर घर बनाउने ठाउँ पनि देखाइदिए ।

सिकर्मी काममा लागे । यो नै अन्तिम काम हो र यसपछि थप काम गर्नु छैन भन्ने सोचेर सिकर्मीले केही अल्छी गरे । उनी पहिले-पहिले घर बनाउन निकै सावधानीसाथ काठ छनोट गर्थे । तर, यसपटक भने उनले कामचलाउ खालका काठ छाने । अल्छी मानी-मानी काम अघि बढाए । केही सातामा घर तयार भयो । उनी ठेकेदारकहाँ पुगे र भने- ठेकेदारसाब, मैले घर तयार गरेँ । के अब म अवकाश लिएर जान सक्छु ?

ठेकेदारले मुसुक्क हाँस्दै भने- पक्कै जान सक्छौ । तर, अब तिम्रो त्यो सानो र पुरानो घरमा होइन । यही तिमीले तयार गरेको घरमा परिवारसँगै आरामले बसेर बाँकी जिन्दगी हाँसोखुसीसाथ बिताऊ । मैले यो घर तिम्रै लागि बनाउन लगाएको हुँ । यो घर तिमीलाई मेरा तर्फबाट उपहार भयो । ठेकेदारको कुरा सुनेर सिकर्मी हेरेकोहेर्‍यै भए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

आइसियू बेड सञ्चालन गर

वीर अस्पतालका ३० आइसियू बेड बन्द भएको समाचार पढ्दा असाध्यै दुःख लाग्यो । देशभरिका विपन्न जनतालाई रोग लाग्दा उनीहरूको बाँच्ने भरोसा भनेकै वीर अस्पताल हो । तर, त्यही अस्पतालले सर्वसाधारण गरिब जनताले प्रयोग गर्न सक्ने र उनीहरूको ज्यान जोगिन सक्ने ३० आइसियू बेड जनशक्ति अभावका नाममा चार महिनादेखि बन्द हुँदा पनि यो देशका हर्ताकर्ता र हामीविना देश चल्दै चल्दैन भनेर ठोकुवा गर्ने दल र नेताहरू के हेर्दै छन् ? स्वास्थ्यमन्त्री उपेन्द्र यादव वीर अस्पतालको यो हविगतबारे जानकार छन् कि छैनन् ? कि कमिसन नआउने भएर नेताहरूले वास्ता नगरेका हुन् ?

● **भूमिका नेपाली**, नेपालटार, काठमाडौं

अस्पताललाई नै रोगी नबनाऊ

रोगी, बिरामीको उपचार गर्ने अस्पताल नै हाम्रा राजनीतिक तथा प्रशासनिक नेतृत्वको स्वार्थका कारण रोगी बन्दै छन् । देशकै जेठो तथा गरिब नागरिक उपचारका लागि देशभरबाट धाउने वीर अस्पताल स्वयं यतिखेर दीर्घरोगी जस्तो बनेको छ । वीर अस्पतालमा ९५० शय्याको क्षमता छ । तर, जनशक्ति अभावका नाममा ६५० शय्या मात्र सञ्चालनमा छ । यस्तो अस्पताले कसरी बिरामीलाई सेवा देला ?

● **सुन्दर तामाङ**
गोकर्णेश्वर-४, काठमाडौं

विद्यार्थीलाई सजाय दिनैपर्छ ?

प्रधानाध्यापकद्वारा छात्रामाथि निर्घात कुटपिट गरेको समाचार पढियो । आजको जमानामा पनि हजुरबाका पालामा जस्तो सजाय दिएर विद्यालय तथा कलेज चलाउन खोज्नु पूर्णतः मूर्खता हो । विद्यार्थी भनेका पशु होइनन् । तिनलाई सजायले तह लगाउने सोच राख्ने मान्छे शिक्षक हुनै सक्दैन । कसैले आफूविरुद्ध कुनै स्टाटस लेख्यो र कसैले त्यसमा कुनै प्रतिक्रिया जनायो भनेर विद्यार्थीमाथि कुटपिट गर्नुभन्दा पहिले कसैले आफूविरुद्ध स्टाटस लेख्ने अवस्था किन सिर्जना भयो भनेर मनन गर्नुपर्ने होइन र ?

● **सुनिता चौलागाईं**
गोठाटार, काठमाडौं

बग्गीखाना कि कबाडीखाना ?

ट्राफिक कार्यालय रहेको स्थानलाई बग्गीखाना भन्ने गरिन्छ । तर, त्यहाँ पुगेर हेर्दा यो कुनै कबाडीखाना हो कि जस्तो देखिन्छ । काठमाडौंमा मात्र होइन, ललितपुर, भक्तपुर र मुलुकभरका ट्राफिक प्रहरी कार्यालयमा हजारौंको संख्यामा मोटरसाइकल अलपत्र पारेर राखेको देखिन्छ । वर्षौंदेखि थुपारिएका मोटरसाइकल अब चल्ने नसक्ने गरी सबै कबाडी भइसके । अर्बौं विदेशी मुद्रा खर्चेर आयात गरिएका सवारी साधनलाई यसरी किन कबाडी बनाएर फालिएको होला ? कि लिलामी गर्नु कि सम्बन्धित व्यक्तिलाई हस्तान्तरण गर्नु ।

प्रहरी कार्यालयमा थुपारेर राखिएका बाइक कसका हुन् ? किन ती बाइक लिन सम्बन्धित व्यक्ति आएनन् ? खोजबिन गर्नुपर्ने निकाय किन मौन बस्यो ? हेर्दा सामान्य लाग्न सक्छ तर यो गम्भीर प्रश्न हो । मेरो घरनजिक जोरपाटीकै कुरा गर्नुपर्दा ट्राफिक प्रहरी कार्यालयको छेउमा सयौं मोटरसाइकल आधा बाटो छेकर राखिएका छन् । यसरी मोटरसाइकल राख्दा सडक साँघुरो भएको छ । यसरी ट्राफिक प्रहरीले समातेका मोटरसाइकल कसका हुन् ? आखिर खोजी गरे त पत्ता लाग्दो हो नि ? अनि किन खोजी गरिँदैन ? सवारीधनी खोजेर उसलाई हस्तान्तरण गर्न सकेमा बिनासित्तीमा फुटपाथमा थुपार्नु पनि पर्दैन, राज्यलाई कर पनि आउँछ र मोटरसाइकल सम्बन्धित धनीले पाउँछ ।

प्रहरीले चेकजाँच गर्दा आवश्यक कागजपत्र नहुँदा समातेको बाइक सम्बन्धित व्यक्तिलाई फर्काउने गरेको छ कि छैन ? चोरी भएको बाइक भेट्टाउँदा पनि प्रहरीले सम्बन्धित व्यक्तिलाई खबर गर्दैनन् भन्ने सुनिन्छ नि ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

युरोपियन 'युद्ध युनियन' !

युरोपमा विविध लोकतान्त्रिक संघको सट्टा सुदृढ श्वेत इसाई क्षेत्रको परिकल्पना गर्दै नयाँ विचारधारा हाबी भएको छ



देश / विदेश

● यानिस भारुफाकिस

युरोप अब पहिचानलायक रहेन । युरोपेली एकताका पैरवीकर्ताले युरोपियन युनियनलाई राष्ट्रवादविरुद्ध उत्कृष्ट विश्ववादलाई उभ्याउने शान्ति परियोजनाका रूपमा मान्थे । यसलाई तत्कालीन फ्रान्सेली राष्ट्रपति फ्रान्स्वाँ मितेराँले नाटकीय रूपमा १९९५ मा 'युद्धमा बराबरी' भनेका थिए । तर, रुसले युक्रेनमाथि आक्रमण गर्नुअघि नै साझा समृद्धिका लागि शान्तिपूर्ण बाटोको युरोपेली दृष्टिकोणमा खलबलाहट आउन थालिसकेको थियो । रुसको आक्रमणले युरोपियन युनियनको उत्परिवर्तन धेरै अर्थमा कुरूप बन्दै गएको छ ।

युरोपियन युनियनका विदेश मामिला प्रमुख जोसेप बोरेलले हामीलाई विश्ववादबाट जातीय-क्षेत्रीयतामा परिवर्तन भएको जानकारी दिएका थिए, जब उनले युनियनलाई यसको सीमाबाहिर रहेको गैरयुरोपियन 'जंगल'को खतरामा रहेको सुन्दर 'बगैंचा'का रूपमा वर्णन गरेका थिए । हालै फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोँ र युरोपियन काउन्सिलका अध्यक्ष चार्ल्स मिसेलले युरोपेलीलाई युद्धका लागि तयारी गर्न मात्र नभई युनियनको आर्थिक वृद्धि र प्राविधिक विकासका लागि युरोपको हतियार उद्योगमा भर पर्न आग्रह गरेका थिए । जर्मनी र तथाकथित मितव्ययी राष्ट्र-राज्यलाई उचित वित्तीय संघको आवश्यकताबारे विश्वास दिलाउन असफल भएपछि तिनीहरूको निराशाजनक स्थिति अब युद्धको एकताका लागि बहस गर्ने अवस्थामा पुगेको छ ।

यो युरोपियन युनियनको इतिहासमा एक निर्णायक क्षण हो । युनियनका समर्थक शक्तिले ह्यामिलटोनियन सिद्धान्त (ऋण पारस्परिकताले युनियनलाई नेतृत्व गर्ने) वा मूल अन्तरसरकारी दृष्टिकोण (क्रमिक बजार एकीकरण) लाई पछ्याउने कि नपछ्याउनेमा बहस गरिरहेका छन् । अधिशेष अर्थतन्त्रका सरकारले क्रमिक बजार एकीकरणलाई प्राथमिकता दिएका छन्, जब कि घाटा अर्थतन्त्रका प्रतिनिधि ह्यामिलटोनियन समाधानका पक्षमा थिए, जसलाई किनारा लगाइयो ।

युरो संकटले मुद्रा अन्तर्राष्ट्रिय र बजार एकीकृत हुँदा ऋण बैंक र कर राष्ट्रिय हुन सक्छन् भन्ने बहानालाई जारी राख्ने असम्भाव्यतालाई उजागर गरेको थियो । युरोपियन युनियनले युरो बचत गर्न न्यूनतम काम गरेको छ, परिणामस्वरूप युएस ट्रेजरिजजस्ता सार्वभौम ऋण संयन्त्रविना त्रुटिपूर्ण अर्ध-वित्तीय युनियन बन्यो । बढ्दो रचनात्मक औचित्यको सहारा लिई युरोपेली केन्द्रीय बैंकले बारम्बार आफ्नो बडापत्र उल्लंघन गरेको छ । सबैभन्दा हानिकारक रूपमा साझा कोष एवं बोझ वितरणका लागि हुने त्रुटिपूर्ण राजनीतिक प्रक्रियामा लोकतान्त्रिक वैधताको कुनै पनि झल्को छैन ।

दशकौंदेखि हामीले युरोपेली हरित नयाँ सम्झौताको अभियान चलायौं, युरोपेली लगानी बैंकमार्फत स्वच्छ ऊर्जा-प्रविधि रूपान्तरण कोषका लागि वार्षिक ५० खर्ब युरो उत्पन्न गर्ने इसिबी जारी युरोबन्ड जस्ता विकल्प प्रस्ताव गर्दै आएका छौं । युरोपियन युनियनका निर्णय-निर्माताले असफल हुने निश्चित भएको जुनकर योजनाजस्ता भ्रमपूर्ण विकल्प र स्पष्ट साझा उद्देश्यविना साझा ऋण खर्च गर्ने 'पेन्डेमिक रिकभरी कोष'को छनोट गरेका थिए ।

तसर्थ, युरोपियन युनियनको अर्थतन्त्र अब भत्किएको छ र एक समयको मुख्य जर्मन व्यापार मोडेलले द्रुत रूपमा गिरावटको अनुभव गरिरहेको छ । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले आपूर्ति गरेको सस्तो ग्यासबाट मुक्तिका लागि आवश्यक पर्ने हरित प्रविधि र क्लाउड क्यापिटलजस्ता आवश्यक प्रविधि विकास गर्न असफल भई आधा-मापन रणनीतिलाई रोजेर युरोपियन युनियनले दुई दशकसम्म लगानीमा अवरोध पुऱ्याएको छ । क्लाउड पुँजीमा प्रभुत्व जमाउने अमेरिका र चीनको सम्पत्ति सञ्चयको संयन्त्रले युरोपमा नयाँ



तस्बिर : जर्ज गुएरो/एएफपी

शीतयुद्ध सुरु गरेको छ, जसले चिनियाँ निर्यात बजारमा जर्मन उद्योगको पहुँचमा गम्भीर असर पारेको छ ।

अख्तियारीमा रहेका युरोपेली युरोपियनले आफ्नो व्यापार मोडेल भत्किएको मान्न अस्वीकार गरिरहेको छ वा नयाँ प्याकेजमा पुरानो समाधान अप्रासंगिक साबित हुनेछ भन्ने मान्न अस्वीकार गरिरहेको छ ।

यो बहस युरोपको वास्तविक समस्याबाट खतरनाक विचलन हो । जर्मन औद्योगिक पुँजीले अब घट्दो उद्योगमा ऊर्जा अनुदानका लागि अतिरिक्त रकम जम्मा गर्दैन । यस सन्दर्भमा पूर्वचान्सलर गेर्हार्ड श्रोडरको जस्तै ज्याला संयमले ब्याट्री प्रविधि र आधुनिक विद्युतीय सवारीका लागि महत्त्वपूर्ण एल्गोरिदम नभएको कार उद्योगको प्रतिस्पर्धात्मकतामा सुधार गर्दैन ।

चार्ल्स मिसेलले हालैको युरोपेली इतिहासको डस्टबिनबाट युरोबन्ड र इआइबीलाई निकालेर बलियो बनाउन हाम्रा प्रस्ताव लागू गर्न खोजेको देखिन्छ । तर, उनले नयाँ ऋण हरित प्रविधि वा क्लाउड क्यापिटल कोषका लागि प्रयोग गर्ने प्रस्ताव गरेका छैनन् । तर, नयाँ हतियार उद्योगका लागि प्रस्ताव गरेका छन् । जहाँ उनी कोष 'हाम्रो प्राविधिक, नवीनता र औद्योगिक आधारलाई बलियो बनाउने शक्तिशाली माध्यम बन्नेछ' भन्छन् ।

के मिसेल गम्भीर भएका छन् ? इआइबीले रक्षा उद्योगमा आफ्नो ऋण कसरी फिर्ता गर्नेछ, जुन परिभाषाअनुसार नै अनुत्पादक छ ? हाम्रा गोदाम बारुद र मिसाइलले भरिँदा के हुनेछ ? कि त मिसेलको परिकल्पना गरिएको लगानी खस्किनेछ वा युरोपले वैकल्पिक विधि खोज्नुपर्नेछ, अर्थात् गोदाम खाली गर्न अनिवार्य रूपमा नयाँ द्वन्द्वमा संलग्न हुनुपर्नेछ । त्यसैले, विवेकशील युरोपेलीले मिसेलको योजना जुनकर योजनाको असफल बाटोमा जाओस् भनेर प्रार्थना गर्नुपर्छ । युरोपियन युनियनको अक्षमता अचानक शान्तिप्रेमी युरोपेलीका लागि अन्तिम आशा बनेको छ ।

म ती दिन सम्झिन्छु, जब युरोपेली एकता चाहनेहरूले युरोपियन युनियनलाई अँगालेका थिए । त्यतिबेला यसलाई सीमा हटाउन, खुलापन बढाउन, विविधता एवं सहिष्णुतालाई प्रोत्साहन गर्ने अभियानका रूपमा बुझिएको थियो । त्यो युरोप तहसनहस भइसकेको छ । युरोपमा विविध लोकतान्त्रिक संघको सट्टा सुदृढ श्वेत इसाई क्षेत्रको परिकल्पना गर्दै एउटा नयाँ विचारधारा हाबी भएको छ । यो युरोप त्यस्तो बनिसकेको छ, जसलाई युवाहरूले अँगाल्नै सक्दैनन् र विश्वले पनि सम्मान गर्दैन ।

(भारुफाकिस ग्रिसका पूर्वअर्थमन्त्री एवं अर्थशास्त्री हुन्)

– प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

पाकिस्तानी प्रधानमन्त्री सहबाज सरिफका तीन चुनौती

सरिफलाई देशको 'संस्थापन'बाट बलियो समर्थन छ, तथापि उनी चुनौतीमुक्त भने छैनन्

पाकिस्तानका वर्तमान प्रधानमन्त्री सेहबाज सरिफलाई देशको 'संस्थापन'बाट बलियो समर्थन छ तथापि उनी चुनौतीमुक्त भने छैनन् । उनी अहिले आफ्नो परिवारको वंशवादी पार्टी पाकिस्तान मुस्लिम लिग-नवाज (पिएमएल-एन) नेतृत्वको गठबन्धन सरकारको नेतृत्व गरिरहेका छन् । सरिफले हालै प्राविधिक र परम्परागत राजनीतिज्ञ सम्मिलित मन्त्रिपरिषद्लाई अन्तिम रूप दिए । सरिफ सरकारले मुख्यतः तीनवटा चुनौतीको सामना गरिरहेको छ । पहिलो चुनौती पूर्वप्रधानमन्त्री इमरान खानबाट आइरहेको छ ।


पूर्वप्रधानमन्त्री इमरान खान अहिले रावलपिन्डीको अडियाला जेलमा छन् । भ्रष्टाचार र राष्ट्रिय सुरक्षाको आरोपमा दोषी ठहरिएपछि न्यायाधीशहरूले यस वर्षको सुरुमा ७१ वर्षीय पूर्वक्रिकेटरलाई ३१ वर्षको जेल सजाय तोकेका थिए । फेब्रुअरीमा सम्पन्न निर्वाचनमा उनको पार्टी पाकिस्तान तेहरिक-ए-इन्साफ (पिटिआई)समँग नजिक स्वतन्त्र उम्मेदवारहरूले कुनै पनि प्रतिद्वन्द्वी पार्टीभन्दा बढी सिट जित्न सफल भएपछि उनी उत्साहित छन् । खान जेलबाटै यथास्थितिलाई उल्टाउन कटिबद्ध छन् ।

फेब्रुअरीको मतदानमा धाँधली भएको आरोप लगाएका आक्रोशित पिटिआई नेताहरूले संसद्, अदालत र शान्तिपूर्ण सडक आन्दोलनमार्फत समाधान खोज्ने बताएका छन् । उनीहरूको लक्ष्य नयाँ चुनाव र जेलमा रहेका नेताहरूको रिहाइ छ । तथापि पाकिस्तानका न्यायाधीशहरूले ठूला राजनीतिक मामिलामा सेनाको प्राथमिकतालाई बिरलै वेवास्ता गर्ने गर्छन् । शक्तिशाली सेना प्रमुख जनरल असिम मुनिरले सम्झौताको संकेत दिइरहेका छैनन् । शीर्ष जनरलहरूको सम्मेलनपछि सेनाले 'भावनात्मक विस्फोट'को सहारा लिएर 'राजनीतिक अस्थिरता र अनिश्चितता' सिर्जना गर्नेहरूको निन्दा गरेको थियो । सेनाको संकेत पिटिआईतर्फ थियो ।

खानको दबाब अभियानलाई पराजित गरे पनि प्रधानमन्त्री सरिफसँग दोस्रो ठूलो समस्या छ, पाकिस्तानको अस्थिर अर्थव्यवस्था, जुन बहुवर्षीय संकटको बीचमा छ । उच्च ऋण, भुक्तानी सन्तुलन संकट र मुद्रास्फीति २३ प्रतिशतको वर्तमान दरमा झर्नुअघि लगभग ४० प्रतिशतमा उक्लिँदा कुल गार्हस्थ्य उत्पादन सन् २०२३ मा थोरै संकुचित भयो । चुनावअघि १६ महिनासम्म चलेको सरकारको नेतृत्व गर्दा सरिफले आइएमएफबाट तीन अर्ब डलर आपत्कालीन ऋण सुरक्षित गरेर विपत्तिलाई रोके । त्यो व्यवस्था अप्रिलको अन्त्यमा समाप्त हुन्छ । प्राथमिक वित्तीय बचतका लागि सरिफ र उनको उत्तराधिकारी कार्यवाहक प्रशासनले जस पायो । तर, उनीहरूले पाकिस्तानलाई लामो समयदेखि आवश्यक रहेको बृहत् सुधार अगाडि बढाउन सकेनन् । उनीहरूले ऋणले भरिएको राज्यको स्वामित्वमा रहेका उद्यमको निजीकरण वा करको दायरा विस्तार गर्न सकेनन् ।

नयाँ सरकार ठूलो र दीर्घकालीन प्याकेजका लागि आइएमएफमा फर्कने अपेक्षा गरिएको छ । यदि सहमत भएमा यो पाकिस्तानको ७७ वर्षको इतिहासमा २५औँ आइएमएफ बेल-आउट हुनेछ । 'हाम्रा शत्रु पनि हामी असफल वा कमजोर भएको देख्न चाहँदैनन्,' सन् २०२२ मा वित्तमन्त्रीको रूपमा सेवा गरेका मिफ्ताह इस्माइल भन्छन् । नयाँ आइएमएफ कार्यक्रमले पाकिस्तानको अचम्मको ऋण स्तर घटाउन खोज्नेछ, जसलाई केही विश्लेषकले अहिले दिगो मान्दैनन् ।

२४२ मिलियन जनसंख्या भएको आणविक हतियार राष्ट्र पाकिस्तानमा भ्रष्टाचार मौलाएको छ, जसका कारण यहाँका नेताहरू आपत्कालीन बाह्य वित्त र अस्थायी वित्तीय समायोजनमा भर परेका छन् ।



> सरिफले पाकिस्तानको सबैभन्दा ठूलो निजी बैंकका सिइओ तथा अमेरिकामा पढेका मोहम्मद औरंगजेबलाई आफ्नो अर्थमन्त्रीको रूपमा नियुक्त गरेर आशा जगाएका छन् । औरंगजेबले महत्त्वाकांक्षी सुधार गर्ने वाचा गरेका छन् । आफ्नो नियुक्तिपछि उनले 'कुनै बहस र समयको बर्बादी नगरी कार्यान्वयनका लागि अटल प्रतिबद्ध' रहने बताएका छन् ।

सरिफले पाकिस्तानको सबैभन्दा ठूलो निजी बैंकका सिइओ तथा अमेरिकामा पढेका मोहम्मद औरंगजेबलाई आफ्नो अर्थमन्त्रीको रूपमा नियुक्त गरेर आशा जगाएका छन् । औरंगजेबले महत्त्वाकांक्षी सुधार गर्ने वाचा गरेका छन् । आफ्नो नियुक्तिपछि उनले 'कुनै बहस र समयको बर्बादी नगरी कार्यान्वयनका लागि अटल प्रतिबद्ध' रहने बताएका छन् । तर, सरिफले उनलाई सहयोग दिन्छन् वा दिन्नन् भन्ने अनिश्चित छ ।

नयाँ सरकारका लागि तेस्रो परीक्षा तालिवान आन्दोलनको पाकिस्तानी शाखा तहरिक-ए-तालिवान (टिटिपी)द्वारा तीव्र गरिएको आतंकको अभियानको रूपमा आउँछ । अफगान तालिवानले २०२१ मा काबुलमा कब्जा गरेपछि पाकिस्तानमा टिटिपीसँग जोडिएका आक्रमण बढेका छन् । सरकारका अनुसार यी हमलामा २२ सयभन्दा बढीको मृत्यु भएको छ । मृत्यु हुनेमा धेरैजसो सुरक्षा बलका सदस्य छन् । पछिल्लो टिटिपी आक्रमण मार्च १६ मा भएको थियो । आत्मघाती बम आक्रमणकारीले अफगान सीमामा रहेको सेनाको आधारमा आक्रमण गर्दा कम्तीमा सात सैनिकको मृत्यु भयो । पाकिस्तानी जेट विमानले अफगानिस्तानभित्र कथित टिटीपीको निसानाविरुद्ध जवाफी हमला गरे ।

त्यहाँ आक्रमण वृद्धिको गम्भीर जोखिम छ । पाकिस्तानले अफगानिस्तानको तालिवान शासनले टिटिपीलाई सहायता र आश्रय उपलब्ध गराएको आरोप लगाएको छ । पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले पछिल्लो हमलापछि भनेका छन्, 'हामीविरुद्धको आतंकवाद प्रायः अफगानिस्तानबाट सञ्चालन भइरहेको छ ।' विगत दुई वर्षमा पाकिस्तानले काबुलमा तालिवानको पुनर्स्थापित शासनलाई प्रभाव पार्न धेरै प्रकारका अनुनय र बाध्यकारी प्रयास गरेको छ ।

प्रयासहरूमा कूटनीतिक वार्ता, सीमापार व्यापार रोक्नेदेखि अफगान शरणार्थीलाई पाकिस्तानबाट निष्कासन र सैन्य कारबाही समावेश छ । यीमध्ये कुनै पनि काम भएका छैनन् । अफगान तालिवानले अफगानहरूलाई पाकिस्तानभित्र लड्न प्रतिबन्ध लगाउने आदेश जारी गरेको भए पनि काबुलको संलग्नताको आक्रमण जारी छन् । सरिफले लामो समयदेखि सशस्त्र बललाई चुस्त पारेका छन् ।

काबुलमा तालिवान शासनलाई कसरी सम्हाल्ने भन्ने निर्णय जनरल मुनिरको हातमा हुनेछ । सेना प्रमुख आफ्ना केही पूर्ववर्तीहरूभन्दा धेरै संयम व्यक्तित्व हुन् । उनलाई राम्रोसँग चिन्ने विश्लेषक भन्छन् कि जनरल मुख्यतया चीनसँगको पाकिस्तानको गठबन्धन र खाडी राज्यहरू, विशेषगरी साउदी अरेबिया (जनरलले मार्च २० मा साउदीको भ्रमण गरेका थिए) सँगको ऐतिहासिक सम्बन्धलाई जोड्न चासो राखेको देखिन्छ ।

जनरल मुनिरले गत वर्षको अन्त्यमा अफगानिस्तान र पाकिस्तानका लागि जिम्मेवार सैन्य बल सेन्टूल कमान्डले आयोजना गरेको अमेरिकाको पनि भ्रमण गरेका थिए । वासिंटनसँगको ठूलो मात्रामा लेनदेन सम्बन्धले आजभोलिका दिनमा चीनमाथिको आफ्नो निर्भरताविरुद्ध मामुली अवरोध प्रदान गर्छ र आइएमएफमा उसको व्यवहारलाई सहज बनाउन मद्दत गर्छ भने पाकिस्तानको कुरा सही छ । जनरल मुनिर देशको अर्थतन्त्रमाथि बढी प्रभाव बढाउन पनि चाहन्छन् । गत वर्ष उनले एउटा नयाँ निकाय विशेष लगानी सहजीकरण परिषद्को घोषणा गरे । परिषद्ले 'अनावश्यक ढिलाइबाट बच्न र व्यवसायका लागि सजिलो नियम र सर्त प्रदान गर्ने लगानीकर्तामैत्री प्रणाली' सिर्जना गर्ने (विशेषगरी खानी र कृषिमा) उनले बताएका थिए ।

-इकोनोमिस्टबाट

वायनाडबाट राहुल गान्धीको उम्मेदवारी दर्ता



नयाँदिल्ली / भारतमा आगामी अप्रिल-मेमा हुने लोकसभा चुनावका लागि विपक्षी नेता राहुल गान्धीले दक्षिण राज्य केरलाको वायनाडबाट उम्मेदवारी दर्ता गराएका छन् । वायनाडमा उम्मेदवारी दर्ताका क्रममा उनका हजारौँ समर्थक अधिकृतको कार्यालय पुगेका थिए । भारतको चर्चित नेहरू-गान्धी परिवारका पछिल्लो सदस्य राहुलको कंग्रेस(आई) पार्टीले पछिल्ला दुई संसदीय चुनावमा अनपेक्षित खराब नतिजा भोगेको थियो । यसपटकको चुनावमा पनि कंग्रेस(आई)ले प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टी (भाजपा)लाई हराएर बहुमत ल्याउनु फलामको चिउरा चपाएसरह हुने विश्लेषण भइरहेको छ ।

बहिनी प्रियंका गान्धीसहित वायनाड पुगेका ५३ वर्षीय राहुल गान्धीले आफ्ना समर्थकलाई सम्बोधन गर्दै आफूले आमजनतालाई परिवारसरह मान्ने गरेको बताए । वायनाडबाट उनको यो दोस्रो उम्मेदवारी हो । उनी यसअघि सन् २०१९ मा पनि यही क्षेत्रबाट लोकसभा सांसदमा निर्वाचित भएका थिए ।

इतिहासमा आज

अप्रिल ५



सन् १८१५ : इन्डोनेसियामा अवस्थित माउन्ट ताम्बोरामा ज्वालामुखी विस्फोट सुरु भयो । कैयौँ शताब्दीको निष्क्रियतापछि भएको यस विस्फोट मानव इतिहासको सबैभन्दा शक्तिशाली थियो ।

सन् १७६४ : ब्रिटिस संसद्ले अमेरिकास्थित उपनिवेशमा लागू हुने गरी चिनी कानुन पारित गऱ्यो ।

सन् १७९२ : अमेरिकी राष्ट्रपतिका रूपमा जर्ज वासिंटनले उनको राष्ट्रपतीय भिटो अधिकार प्रयोग गरे । उनले सो भिटो उत्तरी राज्यका लागि प्रतिनिधिसभामा सिट बढाउनेसम्बन्धी विधेयकलाई निस्तेज गर्न प्रयोग गरेका थिए ।

सन् १९३० : महात्मा गान्धी र उनका हजारौँ समर्थकले झन्डै ३०० किमि लामो यात्रा गरेर दान्डीस्थित तट पुगी समुद्री पानी उमालेर नुन बनाए । ब्रिटिस सरकारले लागू गरेको नुन कानुनको विरोधमा गान्धीले उक्त विरोध अभियान चलाएका थिए ।

सन् १९३९ : जर्मनीमा हरेक युवाले अनिवार्य 'हिटलर युथ'को सदस्यता लिनुपर्ने व्यवस्था गरियो ।

सन् १९७१ : श्रीलंकाको कम्युनिस्ट पार्टी जनथा विमुक्थी पेरमुनाले सत्ताकब्जा गर्ने भन्दै विद्रोह प्रारम्भको घोषणा गऱ्यो । यो विद्रोहलाई जुनसम्ममा सरकारले दबाएको थियो ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय: कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
फोन नं.: ०७८-५४०२९६/९७

शाखा कार्यालय: पोखरीया, पर्सा
फोन नं.: ०५१-५६००३०

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/१२/२३ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अधि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय: कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीमा औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम मितिः २०७३/०८/०६ मा दर्ता नं. २००/७२८४/०७३ कायम भई दर्ता भएको नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. ४ स्थित **नमुना पशु तथा कुखुरा पालन फर्म** **प्रोप्राइटर: चोप बहादुर चन्द वोहरा**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. बल बहादुर वोहराको नाति, जीत बहादुर वोहराको छोरा, नवलपरासी जिल्ला, नारायणी गा.वि.स. वडा नं. ८, मदनपुर स्थित स्थायी ठेगाना भएको **चोप बहादुर चन्द वोहरा (ना.प्र.प.नं. ई-५६५८९, नवलपरासी)**

२. जित बहादुर वोहराको बुहारी, चोप बहादुर चन्द वोहराको पत्नी, नवलपरासी जिल्ला, नारायणी गा.वि.स.वडा नं. ०८ , मदनपुर स्थित स्थायी ठेगाना भएको **दिलमाया गाहा चन्द वोहरा (ना.प्र.प.नं. ३६२०२९/२३४५, नवलपरासी)**

धितोमा रहेको सम्पतिको विवरण

१. **चोप बहादुर चन्द बोहराको** नाममा मालपोत कार्यालय, कावासोती, नवलपरासीको लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला तम्सरिया गा.वि.स./न.पा. वडा नं. २ग स्थित कित्ता नं. ५२८ को क्षेत्रफल ०-१-७.७५-० (विघा) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. **चोप बहादुर चन्द बोहराको** नाममा मालपोत कार्यालय, कावासोती, नवरपरासीको लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला, प्रगतीनगर गा.वि.स./न.पा. वडा नं. ३ग स्थित कित्ता नं. ६८० को क्षेत्रफल ०-०-१०-० (विघा) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत ।

नोट: माथि उल्लेखित धितो ऋणी आस्था सप्लायर्सको लागि समेत धितोमा रहको ।

शाखा कार्यालय: पोखरीया, पर्सा

ऋणीको विवरण

बसरुदिन मियाको नाति, कियमतली मियाको छोरा, पर्सा जिल्ला, साबिक कौवाबनकटैया गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **म. लुकमान अंसारी (ना.प्र.प.नं. ३४४५८०१३०२, पर्सा)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. कियमतली मियाको नाति, म. लुकमान अंसारीको छोरा, पर्सा जिल्ला, साबिक कौवाबनकटैया गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **मोसाहेब अंसारी (ना.प्र.प.नं. ३४-०१-६२-०७४५८, पर्सा)**

२. कियमतली मियाको नाति, म. लुकमान अंसारीको छोरा, पर्सा जिल्ला, साबिक सखुवाप्रसौनी गा.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **असपाक अंसारी (ना.प्र.प.नं. ३४-०१-७५-०४१८५, पर्सा)**

३. कियमतली मियाको नाति, म. लुकमान अंसारीको छोरा, पर्सा जिल्ला, साबिक कौवाबनकटैया गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **साहेब अंसारी (ना.प्र.प.नं. ३४-०१-६२-०७४५२, पर्सा)**

४. कियमतली मियाको नाति, म. लुकमान अंसारीको छोरा, पर्सा जिल्ला, साबिक कौवाबनकटैया गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **सोहायब अंसारी (ना.प्र.प.नं. ३४-०१-७२-०१७४४, पर्सा)**

५. कियमतली मियाको बुहारी, म. लुकमान अंसारीको पत्नी, पर्सा जिल्ला, साबिक कौवाबनकटैया गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **सकिना खातुन (ना.प्र.प.नं. ४५८०१३३१, पर्सा)**

धितोमा रहेको सम्पतिको विवरण

सकिना खातुनको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला, सखुवा प्रसौनी गा.वि.स /न.पा. वडा नं. १ स्थित कित्ता नं. ४५ को जम्मा क्षेत्रफल ९६३५.०० व.मी. को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/१२/२३ गते शुक्रबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र पोखरीया, पर्साबाट प्राप्त गर्न सकिनेछ ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तित्वारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८१/०१/०७ गते शुक्रबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८१/०१/०८ गते शनिवार सार्वजनिक विदा परेकोले मिति २०८१/०१/०९ गते आइतबार दिउँसो ४:०० बजे यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र पोखरीया, पर्सामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

Call for Expression of Interest (EOI)
Consultancy services for Age-Friendly City (AFC) baseline assessment in Chagunarayan Municipality, Bhaktapur District.

(Published date: April 5, 2024)

Nepal Red Cross Society (NRCS) hereby invites a sealed quotation (EOI) from the Consulting Firm/Individual Consultant for the Age-Friendly City (AFC) baseline assessment in Chagunarayan Municipality through the Shared Action for Healthy, Active, and Respectful Ageing (SAHARA) project, a joint initiative of Chagunarayan Municipality and NRCS - Bhaktapur District Chapter.

In recent years, NRCS has been implementing healthy aging initiatives as part of its health strategy. Similarly, Chagunarayan Municipality also provides health and non-health services to older people. As healthy aging is a priority for both partners, it was agreed to initiate a community-based healthy aging program with shared resources between Chagunarayan Municipality and NRCS Bhaktapur District Chapter. A Memorandum of Understanding (MoU) has been signed between the partners to implement the Healthy Aging Project, called the SAHARA Project, from 2024 to 2026. Terms of reference can be obtained from NRCS procurement management section, Kalimati, Kathmandu against payment of NPR.500.00 (Non-refundable)

The municipality is committed to achieving an age-friendly environment based on the WHO's Age-Friendly City (AFC) framework. To effectively plan interventions and align priorities with WHO's AFC parameters, an assessment is needed to establish a baseline and plan long-term programming.

Thus, NRCS welcomes a qualified (as per ToR) registered Nepali consulting firm/ Individual consultants having at least 7-10 years of experience in research, particularly the health and wellbeing of older people, to submit their EOI together with the technical and financial proposals in a separate sealed envelope and submit within 7 days from date of notice publication. Details of the Terms of Reference (ToR) can be obtained from 5 April to 11 April, 2024. The last date for submission of EOI is April 11, 2024. The EOI will be opened on April 12, 2024, at 11:00 A.M.

Only technically qualified firms/ Individual Consultant will be selected for final selection process. NRCS reserves the right to accept or reject any sealed proposal.

Details of contact

Nepal Red Cross Society
National Headquarters
Procurement Section
Kalimati, Kathmandu, Tel: 01-5370650

अर्थ पत्रिका

नयाँ पत्रिका
शुक्रबार २३ चैत ०८०

प्रिमियम मूल्यका आइपिओले तत्काल अनुमति नपाउने

भोजराज भण्डारी/नयाँ पत्रिका

प्रिमियम मूल्य आइपिओ निष्कासन अनुमतिको पर्खाइमा रहेका कम्पनीलाई छाडेर अंकित मूल्यमा जारी गर्ने कम्पनीले मात्रै तत्काल अनुमति पाउने भएका छन्। अर्थमन्त्री वर्षमान पुनले प्रिमियम मूल्यका आइपिओलाई नभई अंकित मूल्यमा रहेकालाई मात्रै अनुमति दिन निर्देशन दिएको नेपाल धितोपत्र बोर्डका निमित्त अध्यक्ष डा. नवराज अधिकारीले बताए। उनले भने, 'अहिलेलाई कुनै कैफियत भएको कम्पनीलाई नदिई पक्रिया पुगेका अंकित मूल्यमा निष्कासनमा आउन लागेका कम्पनीलाई अनुमति दिने भन्ने छ।'

यस विषयमा एक चरण बोर्ड बैठकमा छलफल भएको र अर्को चरण छलफल गरेर अनुमति दिइने तयारी छ। प्रिमियम मूल्यमा आइपिओ जारी भएको विषयमा १२ पुसमा बसेको सार्वजनिक लेखा समितिले गम्भीर प्रश्न उठाएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई छानबिन गर्न ३० दिनको समय दिएको थियो। तत्कालीन बोर्ड अध्यक्ष रमेशकुमार हमालको कार्यकालमा वित्तीय विवरण कमजोर रहेका कम्पनीलाई समेत प्रिमियम मूल्यमा आइपिओ (प्राथमिक सेयर) निष्कासन गर्न दिएको विषयमा सार्वजनिक लेखा समितिले प्रश्न उठाएको थियो।

समितिको १९औँ बैठकले वित्तीय अवस्था कमजोर भएका कम्पनीलाई कानुनको छिद्र प्रयोग गरी प्रिमियम मूल्यमा आइपिओ निष्कासनको अनुमति दिएर नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमालले अपारदर्शी कार्यका साथै गम्भीर रूपमा आर्थिक चलखेल गरेको समितिले ठहर गरेको थियो।

समितिले यस विषयमा छानबिन गर्न सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई ३० दिनको समय दिएर कार्यप्रगति विवरण उपलब्ध गराउन निर्देशनसमेत दिएको थियो। त्यति मात्रै होइन, आइपिओ निष्कासन भई कारोबारमै आएका कम्पनीको विषयमा समेत लेखा समितिले छानबिन गर्न निर्देशन दिएको थियो।

समितिले तीन वर्षदेखि प्रिमियम मूल्यमा सेयर जारी गर्ने विभिन्न कम्पनीलाई पनि छानबिनको दायरामा ल्याउनुपर्ने निर्णय गरेको थियो। लेखा समितिमा नै अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त प्रेमकुमार राईले प्रिमियममा सेयर निष्कासन भएको विषयमा छानबिन भइरहेको जानकारी दिएका थिए।

नबिल बैंक लिमिटेड, सि.बि.यु विभाग, काठमाडौं तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति: २०८०/१२/२३)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाकी रहेको सम्पूर्ण साावा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बााकी रहन गएमा उक्त बााकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

प्राईभेट कम्पनी ऐन २०५३ बमोजिम साबिक श्री ५को सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६१/०७/२० मा दर्ता नं. ३१४४२/०६१-६२ अन्तर्गत दर्ता भएको **श्री शैलुङ कन्स्ट्रक्सन कम्पनी प्रा.लि.**। ठेगाना: ललितपुर जिल्ला ढोलाहिटी गा.वि.स वडा नं. ८, ढोलाहिटी, ललितपुर।

कम्पनीका संचालकहरु तथा व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

१. रघु नाथ अधिकारीको नाति मोद नाथ अधिकारीको छोरा ललितपुर जिल्ला सुनाकोठी गा.वि.स वडा नं. ०८ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. ५ बस्ने, ना.प्र.नं.१८५२९ (जारी मिति: २०४५/०४/११, स्थान ललितपुर) भएका **श्री शारदा प्रसाद अधिकारी।**
२. कमल प्रसाद देवकोटाकी छोरी मोद नाथ अधिकारीकी बुहारी शारदा प्रसाद अधिकारी की श्रीमती नुवाकोट जिल्ला वागेश्वरी गा.वि.स वडा नं. ३ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. ५ बस्ने ना.प्र.नं. ७२३९६ (जारी मिति: २०५८/०६/०७, स्थान नुवाकोट) भएकी **श्रीमती इन्दिरा अधिकारी।**
३. जगन्नाथ सुवेदीको नाति शिव प्रसाद सुवेदीको छोरा नुवाकोट जिल्ला नर्जा मण्डप गा.वि.स वडा नं. ०५ स्थायी घर भई हाल काठमाडौं जिल्ला नागार्जन न.पा वडा नं. ०४ बस्ने, ना.प्र.नं.४७०८७ (जारी मिति: २०५३/०९/२१, स्थान नुवाकोट) भएका **श्री रमेश सुवेदी।**
४. उदय बहादुर खड्काको नाति मोहन बहादुर खड्काको छोरा ललितपुर जिल्ला सुनाकोठी गा.वि.स वडा नं. ०१ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. २७ बस्ने, ना.प्र.नं. ६१६९८ (जारी मिति: २०५०/०२/३१, स्थान ललितपुर) भएका **श्री अमृत खड्का।**
५. भटक बहादुर कार्कीको नाति वलराम कार्कीको छोरा ललितपुर जिल्ला सुनाकोठी गा.वि.स वडा नं. ०१ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. २७ बस्ने, ना.प्र.न. ४५१६७ (जारी मिति: २०४६/०३/२९, स्थान ललितपुर) भएका **श्री विक्रम कार्की।**
६. रघु नाथ अधिकारीको नाति मोद नाथ अधिकारीको छोरा नुवाकोट जिल्ला वागेश्वरी गा.पा वडा नं. ३ बस्ने, ना.प्र.नं.७५५ (जारी मिति: २०३९/११/०६, स्थान नुवाकोट) भएका **श्री डिल्ली प्रसाद अधिकारी।**
७. मोद नाथ अधिकारीको नाति शारदा प्रसाद अधिकारीको छोरा ललितपुर जिल्ला ललितपुर उ.म.न.पा वडा नं. २६ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. ५ बस्ने, ना.प्र.नं.२८-०१-७२-००३८० (जारी मिति: २०७२/०२/१८, स्थान ललितपुर) भएका **श्री निकेश अधिकारी।**

धितोको विवरण

१.नुवाकोट जिल्ला वागेश्वरी गा.पा वडा नं. ३ बस्ने, **श्री डिल्ली प्रसाद अधिकारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, सितापाइला गा.वि.स, वडा नं. १ सिट नं १०२/११०२/११ मा अवस्थित कि.नं. २४ क्षेत्रफल ००१०१.७० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२.नुवाकोट जिल्ला वागेश्वरी गा.वि.स वडा नं. ३ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. ५ बस्ने **श्रीमती इन्दिरा अधिकारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. १४ सिट नं १०२११०१२३ मा अवस्थित कि.नं.१४३ र १४१ क्षेत्रफल ७४ र ११२.८२ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
३. नुवाकोट जिल्ला वागेश्वरी गा.वि.स वडा नं. ३ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. ५ बस्ने **श्रीमती इन्दिरा अधिकारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा वडा नं. ५ सिट नं ५छ मा अवस्थित कि.नं.५३२ क्षेत्रफल २-९-३-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
४. नुवाकोट जिल्ला वागेश्वरी गा.वि.स वडा नं. ३ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. ५ बस्ने **श्रीमती इन्दिरा अधिकारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा वडा नं. ५ सिट नं ५भ मा अवस्थित कि.नं. ५४७ क्षेत्रफल ०-६-२-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
४. नुवाकोट जिल्ला वागेश्वरी गा.वि.स वडा नं. ३ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. ५ बस्ने **श्रीमती इन्दिरा अधिकारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काभ्रेपलान्चोक जिल्ला, काभ्रे न.पा वडा नं. ७ सिट नं ७ मा अवस्थित कि.नं. १३१९, १३२० र १३२१ क्षेत्रफल २-११-०-०, २-१०-१-१ र १-८-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
५. **श्री शैलुङ कन्स्ट्रक्सन कम्पनी प्रा.लि**.को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको झापा जिल्ला, शरणामती गा.वि.स वडा नं. ५ सिट नं ५ मा अवस्थित कि.नं. ११३६ क्षेत्रफल ०-४-०-० विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
६. **श्री शैलुङ कन्स्ट्रक्सन कम्पनी प्रा.लि.**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. ५ सिट नं ५ग मा अवस्थित कि.नं. ९७६ क्षेत्रफल १-०-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
७. ललितपुर जिल्ला सुनाकोठी गा.वि.स वडा नं. ०८ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. ५ बस्ने **श्री शारदा प्रसाद अधिकारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला, मेघौली गा.वि.स, वडा नं. ९ सिट नं ९घ मा अवस्थित कि.नं. ५ र २२२ क्षेत्रफल ०-१९-१९-० र ०-१-७-० विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
८.ललितपुर जिल्ला सुनाकोठी गा.वि.स वडा नं. ०१ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. २७ बस्ने, **श्री अमृत खड्का**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला, सुनाकोठी गा.वि.स, वडा नं. १ सिट नं १ख मा अवस्थित कि.नं. १०६३ क्षेत्रफल ०-९-३-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
९.ललितपुर जिल्ला सुनाकोठी गा.वि.स वडा नं. ०१ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा वडा नं. २७ बस्ने, **श्री विक्रम कार्की**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला, सुनाकोठी गा.वि.स, वडा नं. १ सिट नं १ख मा अवस्थित कि.नं. क्रमश: २३६, २३७, र २४२ क्षेत्रफल क्रमश: ०-५-२-०, ०-३-२-० र १-७-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

धितोमा रहेको सवारी साधनको विवरण:
१. **श्री शैलुङ कन्स्ट्रक्सन कम्पनी प्रा. लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना २ क ५३ भएको TATA Tipper.
२. **श्री शैलुङ कन्स्ट्रक्सन कम्पनी प्रा. लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना २ क ५४ भएको TATA Tipper.
३. **श्री शैलुङ कन्स्ट्रक्सन कम्पनी प्रा. लि.**र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना २ क ५५ भएको TATA Tipper.
४. **श्री शैलुङ कन्स्ट्रक्सन कम्पनी प्रा. लि.**र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना २ क ५६ भएको TATA Tipper.
५. **श्री शैलुङ कन्स्ट्रक्सन कम्पनी प्रा. लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना २ क ५७ भएको TATA Tipper.
६. **श्री शैलुङ कन्स्ट्रक्सन कम्पनी प्रा. लि.** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना २ क ५८ भएकोTATA Tipper.

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

५९७ मेगावाटका चार परियोजनामा एक खर्ब लगानी स्वीकृत

दुई सय ५० मेगावाटको राइजेनको लगानी सम्मेलनमै पिडिए

मिलन विश्वकर्मा/नयाँ पत्रिका

पाँच सय ९७ मेगावाटका चार ऊर्जा परियोजनामा झन्डै एक खर्बबराबरको लगानी स्वीकृत गरेको छ। लगानी बोर्डका अध्यक्ष प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बिहीबार बसेको लगानी बोर्डको ५७औँ बोर्ड बैठकले एक सोलार प्लान्ट र तीन जलविद्युत् परियोजनामा ९९ अर्ब १८ करोडबराबरको लगानी स्वीकृत गरेको छ।

बोर्डले एक सय ६६ मेगावाटको सुपर तमोर जलविद्युत् परियोजनामा ३४ अर्ब ५९ करोड र ४२ मेगावाटको अपर मोदी-ए जलविद्युत् परियोजनामा १० अर्ब आठ करोड लगानी स्वीकृत गरेको छ। यी दुवै परियोजना स्वदेशी लगानीमा बन्दै छन्।

यस्तै, बोर्डले विदेशी लगानीमा बन्ने दुई सय ५० मेगावाटको राइजेन सौर्य ऊर्जा परियोजना (कोहलपुर तथा बाणगंगा)मा २१ अर्ब १० करोड र १३९.२ मेगावाटको तल्लो मनाङ मर्स्याङ्दी जलविद्युत् परियोजनामा ३३ अर्ब ४१ करोड लगानी स्वीकृत गरेको छ। ब्याट्री स्टोरेजसहितको यो सोलार परियोजनामा सिंगापुरको राइजेन इनर्जीले लगानी गर्दै छ। आगामी वैशाख १६ र १७ गते काठमाडौंमा हुने तेस्रो लगानी सम्मेलनमा यसको परियोजना विकास सम्झौता गर्ने तयारी छ।

सम्मेलनमा डाबर नेपालको क्षमता विस्तारसम्बन्धी परियोजनामा नौ अर्ब ६८ करोड ६३ लाख रुपैयाँ लगानी थप्ने गरी सम्झौता हुँदै छ। यसबाहेक तीन सय २७ मेगावाटको अपर मर्स्याङ्दी-२ जलविद्युत् परियोजना र चीन-नेपालमैत्री औद्योगिक पार्कको पनि परियोजना विकास सम्झौता सोही सम्मेलनमै गरिनेछ। अपर मर्स्याङ्दी-२ मा ७८ अर्ब ३० करोड ६४ लाख र दमक औद्योगिक पार्कमा ६४ अर्ब ९० करोड लगानी हुँदै छ।



लगानी बोर्डका अध्यक्ष प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बिहीबार बसेको ५७औँ बोर्ड बैठक

बैठकले अपर मर्स्याङ्दी-२ र राइजेन सोलार प्लान्टको पिडिएका लागि कम्पनीसँग वार्ता गर्न लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टको अध्यक्षतामा कमिटी गठन गरेको छ।

यसैगरी ह्वावासिन नारायणी सिमेन्टमा भएको थप लगानीबारे अध्ययन गर्न पनि बोर्डका सहसचिव प्रधुम्नप्रसाद उपाध्यायको संयोजकत्वमा कार्यदल बनाइएको छ। उक्त कार्यदलले १५ दिनभित्र बोर्डमा प्रतिवेदनमा पेस गर्नेछ।

चिनियाँ कम्पनी ह्वावासिनको ०७२ मा १४ अर्ब ८२ करोड ६० लाख रुपयाँ लगानी स्वीकृत गराएर धादिङमा सिमेन्ट उद्योग स्थापना गरेको थियो। ०७८ मा सञ्चालनमा आएको उद्योगमा कम्पनीले स्वीकृत नगरी ६ अर्ब ६३ करोड रुपैयाँ थप लगानी गरेको थियो। सोही लगानी स्वीकृत गर्न कम्पनीले बोर्डमा प्रस्ताव पठाएको छ। त्यसपछि बोर्डले यसमा अध्ययन अघि बढाएको हो।



बैठकले अरुण-३ जलविद्युत् परियोजनाको प्रवेशमार्ग (छ्याङ्कुटीदेखि दिदिङसम्म)को मुआब्जा र क्षतिपूर्तिसम्बन्धी अध्ययनको प्रथम प्रतिवेदन निर्णयका लागि मन्त्रिपरिषद्मा पेस गर्ने निर्णय गरेको छ। साथै, बैठकले दाङ सिमेन्ट परियोजनाको स्वीकृत विदेशी लगानीकर्ताको रकम फिर्ता लैजान पनि अनुमति दिने निर्णय गरिएको छ। सेयर प्रचेच एग्रिमेन्टअनुसार उक्त लगानी रकम फिर्ता लैजान दिने निर्णय गरिएको हो।

यसका अलावा तमोर जलाशययुक्त जलविद्युत् र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल परियोजनाको विकास तथा लगानीको ढाँचासम्बन्धी अध्ययन गर्न बनेको छुट्टाछुट्टै समितिको म्याद असार मसान्तसम्म थप गर्ने निर्णय पनि गरिएको छ।

बैठकले सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को संशोधन मस्यौदा तयार गर्न गठित समितिले पेस गरेको प्रतिवेदनबमोजिम लगानी बोर्डको कार्यालयको संस्थागत सुदृढीकरणका लागि प्रक्रिया अगाडि बढाउने निर्णय पनि गरेको छ।

यस्तै, काठमाडौं उपत्यकाको एकीकृत फोहोरमैला व्यवस्थापन परियोजनाको विकास सम्झौता पनि अघि बढाउने निर्णय गरेको छ। सम्बन्धित स्थानीय तहहरूबीच समझदारीका लागि समन्वय गरी लगानी बोर्डले पिपिपी मोडेलमा नेपवेस्ट प्रालिसँग परियोजना विकास सम्झौता गर्नेछ।

बैठकमा बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले अघिल्लो बैठकका निर्णयको कार्यान्वयन अवस्था, गतिविधि र आगामी लगानी सम्मेलनको तयारीका सम्बन्धमा प्रस्तुतीकरण गरेका थिए। अर्थमन्त्री तथा लगानी सम्मेलन निर्देशक समितिका संयोजक वर्षमान पुनले लगानी सम्मेलनको हालसम्मको तयारीबारे जानकारी दिएका थिए।

यस्तै, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले लगानी सम्मेलनलाई प्रभावकारी र प्रतिफलमूलक बनाउने काममा विशेष ध्यान दिन निर्देशन दिए। सरकारका सबै संयन्त्रहरूले लगानीको अनुकूल वातावरण रहेको सन्देश दिन आवश्यक रहेको बताउँदै उनले सेवा प्रवाह स्पष्ट, छिटो-छरितो, प्रभावकारी र परिणाममुखी बनाउन निर्देशन दिए।

साथै, आर्थिक-सामाजिक विकासका आवश्यकता द्रुत ढंगले हासिल गर्न पिपिपी कल्चर विकास गर्नुपर्ने उनको भनाइ थियो। सार्वजनिक-निजी साझेदारीका परियोजनाको कार्यान्वयन ठेकेदारसँग नभएर विकासकर्तामा निर्भर रहन्छ। तसर्थ, त्यस्ता परियोजना विकास सम्झौतामा सरकारले गरेका प्रतिबद्धताबमोजिम सहजीकरण र कार्यान्वयनमा प्रभावकारिता ल्याउन अतिरिक्त जिम्मेवारी बोध गर्नुपर्ने उनले बताए।

माग बढ्न नसकेपछि मूल्यवृद्धि दरमा संकुचन

आठ महिनामा वस्तु आयात २.७ प्रतिशतले घटेर १० खर्ब ३० अर्ब २२ करोडमा सीमित

पवन तिमिल्सिना/नयाँ पत्रिका

मूल्यवृद्धि दरमा निरन्तर संकुचन देखिन थालेको छ। आर्थिक गतिविधि चलायमान नहुँदा माग कमजोर बन्दै गएपछि मूल्य वृद्धिदर (मुद्रास्फीति)मा संकुचन देखापरेको हो। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालू आर्थिक वर्षको आठ महिनाको तथ्यांकमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिअनुसार फागुनमा मुद्रास्फीति ४.८२ प्रतिशत छ। माघमा यस्तो दर ५.०१ प्रतिशत थियो।

केन्द्रीय बैंकका अनुसार आठ महिनामा वस्तु आयात २.७ प्रतिशतले घटेको छ। यस अवधिमा १० खर्ब ३० अर्ब २२ करोडको वस्तु आयात भएको छ। गत आर्थिक वर्षको यही अवधिमा १० खर्ब ५८ अर्ब ३९ करोडको आयात भएको थियो। आयातमा आधारित उपभोग प्रणालीका कारण मागमा संकुचन आउँदा मूल्यवृद्धिमा प्रभाव देखिएको हो।

नेपाल बैंकर्स संघका कार्यकारी निर्देशक अनिल शर्माले विश्वस्तरमै मुद्रास्फीति दर घट्दो क्रममा रहेकाले नेपालका लागि यो राहतको विषय भएको बताए। बिहीबार संघको पत्रकार सम्मेलनमा मुद्रास्फीति दर घट्दो क्रममा रहनुले आर्थिक स्थायित्वको पाटोमा सकारात्मक विषय भएको बताए। उनले भने, 'अहिले संसारभर नै मुद्रास्फीति घट्दो क्रममा छ। यो राम्रो पाटो हो। नेपालमा पनि मुद्रास्फीति दर घटिरहेको छ। यसलाई सकारात्मक मान्नुपर्छ।'

अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)द्वारा प्रकाशित वर्ल्ड इकोनोमिक आउटलुक, २०२४ का अनुसार सन् २०२४ मा विश्वको मुद्रास्फीति ५.८० प्रतिशत पुग्ने अनुमान छ। त्यस्तै, ०२५ सम्म थप घटेर ४.४० प्रतिशतसम्म कायम रहने प्रक्षेपण छ। यद्यपि, कोषले आपूर्ति शृंखलामा अवरोध, लगानीमा सुस्तता, वातावरणीय चुनौती र घट्दो उपभोगलाई प्रमुख चुनौतीका रूपमा लिएको छ। नेपालको हकमा पनि घट्दो उपभोग र मागमा आएको संकुचनले चुनौती थपिरहेको देखिन्छ।

केन्द्रीय बैंकका अनुसार चालू आर्थिक वर्षको आठ महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.९४ प्रतिशत छ। गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.९५ प्रतिशत रहेको उल्लेख छ। त्यस्तै, खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत मरमसला उपसमूहको वार्षिक विन्दुगत मूल्य सूचकांक २८.१७ प्रतिशत, तरकारीको १४.०७ प्रतिशत, दाल तथा गेडागुडीको ११.२२ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको ७.३५ प्रतिशत र दुग्ध पदार्थ तथा अन्डाको ७.११ प्रतिशतले बढेको छ भने घिउ तथा तेल उपसमूहको वार्षिक विन्दुगत मूल्य सूचकांक ११.७९ प्रतिशतले घटेको छ।

■ भारतकै हाराहारी महँगीदर

चालू आर्थिक वर्षका मासिक रूपमा प्रकाशित मुद्रास्फीति दरलाई हेर्ने हो भने नेपाल र भारतबीच मुद्रास्फीति दरमा खासै अन्तर देखिएको छैन। नेपालमा आठ महिनाको औसत मुद्रास्फीति ६.०८ प्रतिशत कायम छ भने भारतमा सोही अवधिको औसत मुद्रास्फीति दर ५.४५ प्रतिशत छ। जसअनुसार औसत अन्तर हेर्ने हो भने ०.८१ प्रतिशत विन्दुले नेपालको मुद्रास्फीति छ।

■ शुक्रबार भारतमा मौद्रिक नीति, नेपाललाई के असर पार्छ ?

भारतको केन्द्रीय बैंक रिजर्भ बैंक अफ इन्डियाले शुक्रबार मौद्रिक नीति सार्वजनिक गर्दै छ। भारतले हालसम्म नीतिगत दर (रिपोदर)लाई ६.५ प्रतिशतमै कायम राखेको छ। अमेरिकाको केन्द्रीय बैंक फेडले ब्याजदरलाई स्थिर नै राखेको अवस्थामा भारतले पनि नीतिगत दरलाई निरन्तरता दिने भारतीय सञ्चारमाध्यमको विश्लेषण छ।

भारतको ४ प्रतिशतको लक्ष्यभन्दा माथि नै मुद्रास्फीति दर रहेकाले भारतका बैंकहरूमा रहेको अधिक तरलतालाई व्यवस्थापन गर्न अन्य मौद्रिक औजारहरू परिचालन गरिने अनुमान त्यहाँका सञ्चारमाध्यमले गरेका छन्।

भारतमा हुने ब्याजदर वृद्धि वा गिरावटले नेपालको पुँजीलाई प्रत्यक्ष असर पार्ने गरेको छ। भारतमा नेपालीका आफन्तमार्फत पैसाको कारोबार हुने भएकाले बढी ब्याज पाइने अवस्थामा नेपालीले भारतमा पैसा लैजाने जोखिम रहन्छ। त्यस्तै, नेपालको पुँजीलाई भारत पलायन हुनबाट रोक्न पनि ब्याजदर अन्तरले ठूलो असर पार्ने गरेको अर्थशास्त्री बताउँछन्।

थुप्रिँदै बाह्य अर्थतन्त्र

देशमा आर्थिक गतिविधि चलायमान बन्न नसक्दा बाह्य क्षेत्रमा सूचकहरू धनात्मक देखिएका छन्। रेमिट्यान्समा उत्साहजनक ढंगले वृद्धि भइरहँदा पनि विकास निर्माणमा खर्च नहुने र बैंक तथा वित्तीय संस्थाको लगानीयोग्य पुँजी थुप्रिनुले अर्थतन्त्र शिथिल रहेको देखाएको छ।

फागुनसम्म रेमिट्यान्स आप्रवाह २१ प्रतिशतले बढेर नौ खर्ब ६१ अर्ब २२ करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म सात खर्ब ९४ अर्बको मात्रै रेमिट्यान्स भित्रिएको थियो। डलरमा रेमिट्यान्स बढेर सात अर्ब २४ करोड पुगेको केन्द्रीय बैंकले जनाएको छ।

आठ महिनामा चालू खाता एक खर्ब ६६ अर्ब ८७ करोडले बचतमा छ। अघिल्लो वर्षको सोही अवधिमा चालू खाता ५५ अर्ब २८ करोडले घाटामा थियो। त्यस्तै, शोधनान्तर स्थिति तीन खर्ब २७ अर्ब ५५ करोडले बचतमा छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति एक खर्ब ४२ अर्बले बचतमा थियो। लगानीका हिसाबले खुद प्रत्यक्ष वैदेशिक लगानी पाँच अर्ब ६३ करोडले बचतमा छ। गत आवको सोही अवधिमा खुद प्रत्यक्ष वैदेशिक लगानी एक अर्ब १७ करोडले धनात्मक थियो।

गत असार मसान्तमा १५ खर्ब ३९ अर्ब ३६ करोडबराबर कुल विदेशी विनिमय सञ्चिति थियो। फागुनसम्म यो २१.७ प्रतिशतले बढेर १८ खर्ब ७२ अर्ब ८२ करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति गत असार मसान्तमा ११ अर्ब ७१ करोड रहेकामा फागुन मसान्तमा २०.८ प्रतिशतले वृद्धि भई १४ अर्ब १४ करोड पुगेको छ। आठ महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १४.८ महिनाको वस्तु आयात र १२.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

निर्माण व्यवसायीको ३०बुँदे घोषणापत्र सार्वजनिक

काठमाडौं/ नेपाल निर्माण व्यवसायी महासंघले निर्माण उद्योगमैत्री ऐन-कानुनको मागसहित ३०बुँदे घोषणापत्र सार्वजनिक गरेको छ। निर्माण उद्योगमा देखिएको भुक्तानी, मूल्य समायोजन, ठेक्का फरफारक, व्यवसायीमाथि अनाहकमा हुने कारबाहीको अन्त्यलगायत विषयमा केन्द्रित रहेर घोषणापत्र जारी गरिएको छ।

गत हप्ता महासंघको २५औँ साधारणसभा हेटौँडामा सम्पन्न भएपछि बिहीबार राजधानीमा पत्रकार सम्मेलन गर्दै घोषणापत्र सार्वजनिक गरेको हो।

महासंघका अध्यक्ष रवि सिंहले भुक्तानीका विषयमा साधारणसभामा प्रधानमन्त्रीबाट भएको सम्बोधनले आफूहरू उत्साहित रहेको भन्दै चाँडै कार्यान्वयन हुने विश्वास व्यक्त गरे। 'प्रधानमन्त्रीको सम्बोधनपछि वैशाखको पहिलो हप्तासम्ममा व्यवसायीहरूको रकम भुक्तानी हुनेमा हामी आशावादी छौँ,' उनले भने।

महासंघको साधारणसभामा प्रधानमन्त्री दाहालले काम गरेपछि भुक्तानी नगर्नु 'बेइमानी' भएको बताउँदै तत्काल भुक्तानी गर्ने प्रतिबद्धता गरेका थिए।

सरकारसँग भएको सहमतिबमोजिम सुविस्ताका आधारमा ठेक्का अन्त्य, बिमा प्रिमियम दरमा भएको वृद्धि, कर समस्यालगायत बाँकी मागका विषयमा पनि तत्काल सम्बोधन गर्न महासंघले माग गरेको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दोस्रो संशोधन गरी निर्माण उद्योगमैत्री बनाउन आवश्यक रहेको भन्दै महासंघले उक्त ऐनमा लागत अनुमानको १५ प्रतिशतभन्दा बढी घट्ने बोलपत्रदाताले थप कार्य सम्पादन जमानत राख्नुपर्ने हालको व्यवस्था खारेज गर्न माग गरेको छ।

यस्तै, निर्माण कार्यमा १५ प्रतिशतभन्दा बढी-घटी जान नपाउने व्यवस्था राखिनुपर्ने, निर्माण कार्यमा भाग लिँदा वर्ग कायम गरिनुपर्ने, निर्माण कार्यको ठेक्का तोडेपछि सम्पूर्ण कार्यसम्पादन जमानत जफत गरी कालोसूचीमा राखेपछि पनि अन्तर्राष्ट्रिय अभ्यासविपरीत सम्पूर्ण रकम असुल गर्ने प्रावधान खारेज गर्नुपर्ने बताएको छ।

यसैगरी कालोसूचीमा एक वर्षभन्दा बढी राख्न नहुने, पाँचवटा प्याकेजको व्यवस्थालाई ऐनमा राखिनुपर्ने, निर्माण व्यवसायी र उनीहरूका उपकरणलाई सुरक्षाको पूर्ण प्रत्याभूति दिनुपर्नेलगायत व्यवस्था गरिनुपर्ने माग छ।

जापानी लगानीकर्तालाई नेपालमा लगानी बढाउन आग्रह

काठमाडौं/ जापान र नेपालका व्यवसायीले जापानको श्रम बजारमा बढ्दो नेपाली जनशक्ति माग र त्यसको आपूर्ति तथा जापान जाने नेपालीलाई सीपमूलक तालिमका विषयमा छलफल गरेका छन्। एरु एकेडेमी ओसाका र क्योउदाई रेमिट्यान्स तथा आइएमईको संयुक्त आयोजनामा भएको दोस्रो जापान-नेपाल शैक्षिक तथा औद्योगिक व्यापार अन्तर्क्रियामा जापानमा उपलब्ध अवसरलाई उपयोग गर्ने विषयमा छलफल भएको हो। दुई चरणमा गरिएको कार्यक्रमको पहिलो चरणमा जापान-नेपाल सम्बन्ध, जापानको श्रम बजारमा बढ्दो नेपाली कामदारको माग र त्यसको आपूर्तिबारे छलफल भएको थियो।

दोस्रो सत्रमा नेपालबाट अनलाइनमार्फत सहभागी कम्पनीलाई जापानमा विविध क्षेत्रमा नेपाली जनशक्ति भित्र्याउन चाहने कम्पनीसँगै व्यावसायिक रूपमा जोड्न सहयोग गर्ने विषयमा केन्द्रित थियो। कार्यक्रममा जापानका लागि नेपाली राजदूत डा. दुर्गाबहादुर सुवेदीले नेपाल र जापानको व्यापार-व्यवसाय प्रवर्द्धनमा र जापानी लगानीकर्तालाई नेपालमा लगानीका लागि सक्दो सहयोग गर्न सदैव तत्पर रहेको बताए। त्यस्तै, आइएमई ग्रुप संस्थापक तथा प्रबन्ध निर्देशक हेमराज ढकालले जापानले नेपालबाट भाषा विद्यार्थी सामान्य कामदार मात्रै नभएर सूचना प्रविधिलगायत क्षेत्रमा दक्ष जनशक्ति लिन सक्ने भएकाले त्यसतर्फ प्रयास गर्नुपर्ने बताए।

कजरिया टाइल्सको पहिलो ‘एक्सपिरियन्स सेन्टर’ उद्घाटन



काठमाडौं/ भारतको लोकप्रिय टाइल कम्पनी कजरिया टाइल्स नेपाल भित्रिएको छ। काठमाडौंमा पहिलो ‘एक्सपिरियन्स सेन्टर’ उद्घाटन गरी कम्पनी नेपाली बजारमा भित्रिएको हो।

यस सोरुमले आवासीय र व्यावसायिक स्थानका लागि डिजाइन, रङ र टाइलको विविधता प्रदान गर्ने कम्पनीले जनाएको छ। एउटै छानामुनि ग्राहकले आठ सिरिज र २० भन्दा बढी ‘लाइभ मोक-अप’ बाथरुमको अवलोकन पनि गर्न सक्ने कम्पनीको भनाइ छ।

कजरिया टाइल्सले अत्याधुनिक प्रविधि र दिगोपनप्रतिको प्रतिबद्धतासहित उद्योगमा नयाँ बेन्चमार्कका साथै सटीक, स्थायित्व र सुन्दर ठूला टाइल स्ल्याबहरू उत्पादन गर्दै आइरहेको छ। यसबाहेक, कम्पनीले उत्पादन प्रक्रियामा पर्यावरणमैत्री अभ्यासलाई प्राथमिकता दिएको जनाएको छ।

यसैबीच, कजरिया रमेश टाइल्ससहितको संयुक्त कम्पनीले नेपालमा उच्च गुणस्तरको टाइल्स र सिरामिक उत्पादन उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ। कम्पनीले नवलपरासीमा रहेको कारखाना जुन २०२४ को अन्त्यसम्ममा पूर्ण रूपमा सञ्चालन गर्ने बताइएको छ।

यो रणनीतिक कदमले कजरिया रमेश टाइल्सले नेपालको टाइल र सिरामिक उद्योगलाई आकार दिन, देशको उन्नति र समृद्धिमा योगदान पुर्‍याउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ।

एलजीको ‘नयाँ वर्षको सुखद सुरुवात, नगद र उपहारको साथ’ योजना



काठमाडौं/ इलेक्ट्रोनिक ब्रान्ड एलजीले नयाँ वर्ष २०८१ लाई लक्षित गर्दै ‘नयाँ वर्षको सुखद सुरुवात, नगद र उपहारको साथ’ योजना सार्वजनिक गरेको छ। यस योजनाअन्तर्गत ग्राहकले एलजीका घरायसी सामान खरिद गर्दा नगद छुट र पक्का उपहारका साथै एक लाख रुपैयाँसम्मको दुर्घटना बिमा पाउनेछन्। साथै, प्रत्येक महिना लक्की ड्रमा एलजी ओलेड टिभी जित्न सक्ने कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार ग्राहकले एलजी ओलेड टिभी, एलजी क्युनेड, एलजी युचडी टिभी, साउन्ड बार, होम अडियो, रेफ्रिजेरेटर र भ्याकुम खरिद गर्दा ४० प्रतिशत क्यासब्याक प्राप्त गर्न सक्नेछन्।

त्यसैगरी, नयाँ वर्ष उपहार योजनाअन्तर्गत एलजीका विभिन्न घरायसी सामान किन्दा ग्राहकले, माइक्रोवेभ, मिक्सर, भ्याकुम फ्लास्क, इन्डक्सन कुकर, डिटर्जेन्ट पाउडर, डिसवासर किट, एयर ह्युमिडिफायर आदि प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ। साथै, प्रत्येक महिना लक्की ड्रमार्फत दुईवटा एलजी ओलेड टिभी जित्न सक्नेछन्।

एलजीका टिभी किन्दा एक लाख रुपैयाँसम्मको दुर्घटना बिमासमेत ग्राहकले पाउनेछन् भने शून्य प्रतिशतमा इएमआई, कुनै पनि ब्रान्डको पुरानो सामानसँग एलजीको सामान एक्स्चेन्ज गर्न सकिने बताइएको छ।

यो योजना २१ चैतदेखि सीमित अवधिका लागि देशभर लागू भइसकेको कम्पनीले जनाएको छ।

सिटिजन्सका ग्राहकले स्काई वाकमा १० प्रतिशतसम्म छुट पाउने



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनलका ग्राहकले वोन्डर्स नेपाल प्रालिद्वारा सञ्चालित स्काई वाकमा विशेष छुट पाउने भएका छन्। छुटसम्बन्धी सम्झौतापत्रमा दुवै पक्षले हस्ताक्षर गरेका छन्।

सम्झौताअनुसार बैंकका कार्डवाहक ग्राहकले स्काई वाकको टिकट खरिद गर्दा १० प्रतिशतसम्मको छुट पाउने बताइएको छ। यो सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ।

बैंकले डिजिटल बैंकिङ माध्यमको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय-समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको बताएको छ।

वार्षिकोत्सवमा कुमारी बैंकको रक्तदान

काठमाडौं/ कुमारी बैंकले आफ्नो रक्तदानसहित विभिन्न कार्यक्रम गरी २३औं वार्षिकोत्सव मनाएको छ। कार्यक्रममा एक सय ४५ जना सहभागीले रक्तदान गरेका थिए। स्थानीयस्तरमा रक्त बैंकको आवश्यकता तथा जीवन बचाउने अभियानमा योगदान गर्ने लक्ष्य रहेको बैंकले जनाएको छ।

सोही अवसरमा बैंकले परम्परा र सांस्कृतिक सम्पदाको महत्त्वलाई उजागर गर्न ‘परम्परागत वेशभूषा’ पहिरनसमेत गरेको छ। यस कार्यक्रमले कर्मचारीलाई आफ्नो जातीय पृष्ठभूमि प्रतिनिधित्व गर्ने पोसाकमार्फत सांस्कृतिक पहिचान गर्न मद्दत पुर्‍याएको बैंकले जनाएको छ।

विविध सांस्कृतिक परम्परालाई अँगाल्दै, बैंकले आफ्नो कार्यशक्तिमा समावेशिता र सम्मानलाई बढावा दिएको छ। यस पहलमार्फत बैंकले ‘सबैका लागि सधैंका लागि’ भन्ने मूल उद्देश्यभित्र रही आन्तरिक आबद्धताको भावनालाई बढावा दिन, कर्पोरेट संस्कृति र सामुदायिक कार्यलाई निरन्तरता दिएको बताएको छ।

गरिमा क्यापिटलको पुँजी बजार सेवा



काठमाडौं/ गरिमा क्यापिटल लिमिटेड र नेक्सजेन म्यानेजमेन्ट सोलुसन्स प्रालिबीच व्यावसायिक सम्झौता भएको छ। सम्झौतापत्रमा क्यापिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत निर्मल भट्टराई र नेक्सजेनका तर्फबाट अध्यक्ष रमेशकुमार भट्टराईले हस्ताक्षर गरे।

सम्झौताअनुसार गरिमा क्यापिटलले नेक्सजेन म्यानेजमेन्टका ग्राहकवर्गलाई पुँजी बजारसँग सम्बन्धित सेवा प्रदान गर्ने बताइएको छ। यो सहकार्यले पुँजी बजारमा सहज, सुरक्षित र भरपर्दो रूपमा सेवा प्राप्त गर्न सहयोग पुर्‍याई नेपालको आर्थिक आत्मनिर्भरता र समृद्धिमा टेवा पुर्‍याउने कम्पनीको विश्वास छ।

एनसेलले गर्‍यो लुम्बिनी र बागमती प्रदेशमा फोरजी सुधार

काठमाडौं/ एनसेलले लुम्बिनी र बागमती प्रदेशका विभिन्न जिल्लाका स्थानीय तहमा आफ्नो फोरजी सेवामा सुधार गरेको छ। यो सुधारले यी क्षेत्रका सात जिल्लाका एक दर्जनभन्दा बढी स्थानका ग्राहकलाई अझ सुधारिएको नेटवर्क र फोरजीको गतिमा पहुँच सुनिश्चित गरेको जनाइएको छ।

एनसेलले बागमती प्रदेशका चौतारा साँगाचोकगढी, इन्द्रसरोवर, मन्थली, लुम्बिनीका भुमेकास्थान, चन्द्रकोट, मालारानी, माथागढी, प्युठान, रम्भा, सन्धिखर्क, तानसेन र तिनाउमा सेवा सुधार गरेको हो। यसअघि एनसेलले लुम्बिनी प्रदेशको बुटवल, देवदह, घोराही, लुम्बिनी विकास क्षेत्र, नरैनापुर, ओमसतिया, सैनामैना, सिद्धार्थनगर, सुनवल, तिलोत्तमा र तुलसीपुरमा फोरजी सेवा सुधार गरेको थियो।

फोरजी सेवा विस्तार गरी आधुनिक मोबाइल ब्रोडब्यान्डमा सहज पहुँच सुनिश्चित गराउने प्रतिबद्धताअनुरूप एनसेलले गत माघमा मधेस र गण्डकी प्रदेशमा पनि आफ्नो फोरजी सेवामा थप सुधार गरेको थियो। सेवा विस्तार र नेटवर्क सुधारसँगै एनसेलले ग्राहकले सुलभ दरमा मोबाइल ब्रोडब्यान्डको पहुँचबाट लाभ लिन सक्ने गरी विभिन्न आकर्षक अफर पनि ल्याएको जनाएको छ।

कम्पनीका तीनवटा डबल मज्जा प्याक सञ्चालनमा रहेका छन्। एक सय ५० रुपैयाँमा सुरु हुने यो प्याकमा ग्राहकले प्याकको भ्यालिडिटी समाप्त हुनुअघि फेरि सोही प्याक खरिद गरेमा डबल डेटा बोनस प्राप्त गरी यसको फाइदा लिन सक्छन्। त्यस्तै, लोकप्रिय इन्डिया रोमिङ प्याकमा २५ प्रतिशत छुटको विशेष अफर पनि छ। यो अफरअन्तर्गत ग्राहकले अझ सुलभ शुल्कमा भारत भ्रमणका वेलामा सजिलै दूरसञ्चार सेवाबाट फाइदा लिन सक्ने कम्पनीको विश्वास छ।

सामाजिक सुरक्षा कोष कार्यान्वयनमा देखिएका समस्याबारे छलफल

काठमाडौं/ सामाजिक सुरक्षा कोषको परिवर्तित व्यवस्था र कार्यान्वयन तहमा देखिएको समस्या एवं समाधानबारे कोषका प्रतिनिधि, उद्योगी-व्यवसायीबीच छलफल भएको छ।

उद्योग संगठन मोरङको आयोजना तथा कोषको समन्वयमा भएको छलफलमा संगठनका अध्यक्ष राकेश सुरानाले योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध उद्योगी-व्यवसायीले कार्यान्वयन तहमा भोगेका समस्या समाधान गरी नीतिगत स्पष्टता कायम गर्नुपर्ने धारणा राखे। उनले कोषका माध्यमबाट प्रदान गर्दै आएको स्वास्थ्य बिमा सुविधामा परिवारका अन्य आश्रितलाई पनि समेटी दायरा फराकिलो पार्न अनुरोध गरे। त्यसैगरी, उद्योगी-व्यवसायीलाई समेत सामाजिक सुरक्षाको प्रत्याभूत हुने गरी कोष स्थापना हुनुपर्नेमा अध्यक्ष सुरानाले जोड दिए।

कार्यक्रमका कोषका निर्देशक उत्तमराज नेपालले कोषको कानुनी आधारलाई समयसापेक्ष सुधार गरी सामाजिक सुरक्षालाई व्यापक र प्रभावकारी बनाउँदै लगिने बताए। उनले कोषमा आबद्ध भएका सबैको सामाजिक जोखिम न्यूनीकरण गरी सामाजिक सुरक्षाको सुनिश्चित गर्ने कार्यमा कोष प्रतिबद्ध रहेको स्पष्ट पारे।

नबिल बैंक लिमिटेड, ईलाम शाखा, ईलामको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८०/१२/२३)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको व्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१

ऋणीको नाम र ठेगानाको विवरण

तिल विक्रम श्रेष्ठको नाती, समर ध्वज श्रेष्ठको छोरा, ईलाम जिल्ला, गोदक गा.वि.सं., वडा नं. ०५ बस्ने, नागरिकता ना.प्र.न ५७९५४-३३६ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ईलाम, (मिति: बि.सं. २०५७/०२/२३), भएको **श्री अग्नि राज श्रेष्ठ।**

व्यक्तिगत जमानतकर्ताको विवरण

दिल बहादुर खत्रीकी छोरी, समर ध्वज श्रेष्ठकी बुहारी, अग्नि राज श्रेष्ठकी श्रीमती, ईलाम जिल्ला, ईलाम, न.पा., वडा नं. १०, स्थायी घर भई हाल ईलाम जिल्ला, गोदक गा.वि.सं., वडा नं. ०५ बस्ने, ना.प्र.नं.०३-०१-७३-०४२०४ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ईलाम, (जारी मिति: २०७३-१२-२०), भएकी **श्रीमती हेम कुमारी श्रेष्ठ**

धितोको विवरण

ईलाम जिल्ला, गोदक गा.वि.सं., वडा नं. ०५ बस्ने, **श्री अग्नि राज श्रेष्ठ** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ईलाम जिल्ला, गोदक गा.वि.सं., वडा नं. ०५, नक्सा नं ५ग मा अवस्थित कि.नं. ६८२ क्षेत्रफल १-१४-३-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२

ऋणीको नाम र ठेगानाको विवरण

अबि चन्द्र बराईलीको नाती, मान बहादुर बराईलीको छोरा, ईलाम जिल्ला, साङ्गरुम्वा गा.वि.सं.,वडा न. ०९ बस्ने, नागरिकता ना.प्र.न ४३९१६/८४७ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ईलाम, (मिति: बि.सं. २०५२/०४/२४), भएको **श्री भक्त कुमार बराइली।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१.थर्क मान विश्वकर्माकी छोरी, मान बहादुर बराईलीकी बुहारी, भक्त कुमार बराइलीकी श्रीमती, पाचँथर जिल्ला, नवमीडाडाँ गा.वि.सं., वडा नं. ०९, स्थायी घर भई हाल ईलाम जिल्ला, साङ्गरुम्वा गा.वि.सं., वडा नं. ०९ बस्ने, ना.प्र.नं.०२३०२२/२७८ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: पाचँथर, (जारी मिति: २०६३-१०-२४), भएकी **श्रीमती कमला विश्वकर्मा।**
२.अबि चन्द्र बराईलीको नाती, मान बहादुर बराईलीको छोरा, ईलाम जिल्ला, साङ्गरुम्वा गा.वि.सं., वडा नं. ०९ बस्ने, नागरिकता ना.प्र.न १५४१८/८४४ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. ईलाम, (मिति : बि.सं. २०४१/०४/१८), भएको **श्री मातृका प्रसाद बराईली**

धितोको विवरण

ईलाम जिल्ला, साङ्गरुम्वा गा.वि.सं., वडा नं. ०९ बस्ने, **श्री भक्त कुमार बराइली** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ईलाम जिल्ला, साङ्गरुम्वा गा.वि.सं., वडा नं. ०९, नक्सा नं ९क मा अवस्थित कि.नं. २७३ र २१ क्षेत्रफल क्रमश २-१४-२-० र ८-६-०-२ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

३

ऋणीको नाम र ठेगानाको विवरण

हेमलाल पोखरेलको नाती, मेघनाथ पोखरेलको छोरा, ईलाम जिल्ला, सुम्वेक गा.पं., वडा नं. ०८ स्थायी घर भई हाल ईलाम जिल्ला, ईलाम गा.वि.सं., वडा नं. ०२ बस्ने, नागरिकता ना.प्र.न.३८१५३/९६६ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ईलाम, (मिति : बि.सं. २०४८/१२/०६), भएको **श्री भोलानाथ पोखेल।**

व्यक्तिगत जमानतकर्ताको विवरण

जर्यानिधि पराजुलीकी छोरी, मेघनाथ पोखरेलकी बुहारी, भोलानाथ पोखेलकी श्रीमती, ईलाम जिल्ला, सुम्वेक गा.वि.सं., वडा नं. ०८, स्थायी घर भई हाल ईलाम जिल्ला, ईलाम गा.वि.सं., वडा नं. ०२ बस्ने, ना.प्र.नं.०३-१-०४६/९४४२३ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ईलाम,(जारी मिति: २०६७/०१/२९), भएकी **श्रीमती मुनादेवी पोखेल।**

धितोको विवरणः

ईलाम जिल्ला, सुम्वेक गा.पं., वडा नं. ०८ स्थायी घर भई हाल ईलाम जिल्ला, ईलाम गा.वि.सं., वडा नं. ०२ बस्ने, **श्री भोलानाथ पोखेल** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ईलाम जिल्ला, सुम्वेक गा.वि.सं., वडा नं. ०९, नक्सा नं ९क मा अवस्थित कि.नं. १३४ क्षेत्रफल ५-१५-१-१ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

४

ऋणीको नाम र ठेगानाको विवरण

गम्भीर बहादुर बुढाथोकीको नाती, दिप बहादुर बुढाथोकीकोको छोरा, ईलाम जिल्ला, साङ्गरुम्वा गा.वि.सं.,वडा नं. ०१ बस्ने, नागरिकता ना.प्र.न.०३-०१६-३/३०९ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ईलाम, (मिति: बि.सं. २०६३/११/२९), भएको **श्री दिनेश कुमार बुढाथोकी।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१.हर्क बीरकी छोरी, दिप बहादुर बुढाथोकीकी बुहारी, दिनेश कुमार बुडाथोकी श्रीमती, ईलाम जिल्ला, साङ्गरुम्वा गा.पां. वडा नं.०१, बस्ने, ना.प्र.नं.६०४/१९२ नागरिकता प्रदान गर्ने कार्यालय जि.का.: ईलाम, (जारी मिति: २०४४/११/११), भएकी **श्रीमती नारायणी दाहाल।**
२.गम्भीर बहादुर महतकी छोरी, हर्क बीर दाहालकी बुहारी, टेक बहादुर दाहालकी श्रीमती, ईलाम जिल्ला, साङ्गरुम्वा गा.वि.सं. वडा नं.०१, बस्ने, ना.प्र.नं. ६२१३९-१९६ नागरिकता प्रदान गर्ने कार्यालय जि.का.: ईलाम, (जारी मिति: २०५८/०७/२२), भएकी **श्रीमती शारदा देवी दाहाल।**

धितोको विवरण

ईलाम जिल्ला, साङ्गरुम्वा गा.वि.सं.,वडा नं. ०१ बस्ने, **श्री दिनेश कुमार बुडाथोकी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ईलाम जिल्ला, साङ्गरुम्वा गा.वि.सं., वडा नं. ०१, नक्सा नं १क मा अवस्थित कि.नं. १३५ र १७७ क्षेत्रफल क्रमश ३-६-०-१ र २२-१२-०-१ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

५

ऋणीको नाम र ठेगानाको विवरण

दलमान राईकी छोरी, केशर बहादुर खत्रीकी बुहारी, भिम बहादुर खत्रीकी श्रीमती, झापा जिल्ला, भद्रपुर गा.वी.सं. वडा न.११ स्थायी घर भई हाल ईलाम जिल्ला, ईलाम ना.पा. वडा न.०६ बस्ने, ना.प्र.नं.४२४९१३७५ नागरिकता प्रदान गर्ने कार्यालय जि.का.: ईलाम, (जारी मिति: २०३६/०६/२१), भएकी **श्रीमती बिर लक्ष्मी राई।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१.ललि बुङ्ग खत्रीको नाती, केशर बहादुर खत्रीको छोरा, ईलाम जिल्ला, ईलाम न.पा. वडा न.०८ बस्ने, नागरिकता ना.प्र.न. १७३-५९८३ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ईलाम, (मिति : बि.सं. २०३२/०७/०६), भएको **श्री भिम बहादुर खत्री।**
२.केशर बहादुर खत्रीको नाती, भिम बहादुर खत्रीको छोरा, ईलाम जिल्ला, ईलाम न.पा. वडा न.०८ स्थायी घर भई हाल ईलाम जिल्ला, ईलाम न.पा. वडा न.०६ बस्ने, ना.प्र.न. ०३-०१-७०-००७२५ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ईलाम, (मिति : बि.सं. २०७०/०३/०२), भएको **श्री निरोज खत्री।**
३.समर बहादुर न्यौपाने खत्रीको नाती, राम बहादुर न्यौपानेको छोरा, ईलाम जिल्ला, ईलाम न.पा. वडा न.०८ स्थायी घर भई हाल ईलाम जिल्ला, ईलाम न.पा. वडा न.०६ बस्ने, ना.प्र.न. ५७९९ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ईलाम, (मिति: बि.सं. २०३२/१२/१२), भएको **श्री इन्द्रवहादुर न्यौपाने खत्री।**

धितोको विवरण

झापा जिल्ला, भद्रपुर गा.वी.सं. वडा न.११ स्थायी घर भई हाल ईलाम जिल्ला, ईलाम ना.पा. वडा न.०६ बस्ने, **श्रीमती बिर लक्ष्मी राइ**की नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ईलाम जिल्ला, ईलाम ना.पा वडा नं. ०८, नक्सा नं ८ख मा अवस्थित कि.नं. १३६६ क्षेत्रफल ०-११-०-१ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

६

ऋणीको नाम र ठेगानाको विवरण

हर्क बहादुरको नाती, पदम बहादुर भण्डारीको छोरा, ईलाम जिल्ला, जमुना गा.वि.सं.,वडा नं. ०८ बस्ने, नागरिकता ना.प्र.न.०३०४२३/४२७ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ईलाम, (मिति : बि.सं. २०६३/१०/०७), भएको **श्री डुल बहादुर भण्डारी** तथा हर्क बहादुर को नाती, हरि कृष्ण भण्डारीको छोरा, ईलाम जिल्ला, जमुना गा.वि.सं.,वडा नं. ०८ बस्ने, नागरिकता ना.प्र.न.०३०४२३/४३० नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ईलाम, (मिति: बि.सं. २०६३/१०/०७), भएको **श्री अनिल भण्डारी।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१.हर्क बहादुरको नाती, पदम बहादुर भण्डारीको छोरा, ईलाम जिल्ला, जमुना गा.वि.सं.,वडा नं. ०८ बस्ने, नागरिकता ना.प्र.न.०३-०१-७३-०१७१३ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ईलाम, (मिति: बि.सं. २०७३/०५/२४), भएको **श्री तुलसी भण्डारी।**
२.पासाङ्ग तामाङ्गकी छोरी, हरि कृष्ण भण्डारीकी बुहारी, अनिल भण्डारीकी श्रीमती, ईलाम जिल्ला, जमुना गा.वि.सं.,वडा नं. ०८, बस्ने, ना.प्र.नं.०३-०१-६९-०३७३९ नागरिकता प्रदान गर्ने कार्यालय जि.का.: ईलाम, (जारी मिति: २०६९/१२/१८), भएकी **श्रीमती डोल्मा भण्डारी।**
३.नर बहादुर गुरुङ्गको नाती, तारामान गुरुङ्गको छोरा, ईलाम जिल्ला, जमुना गा.वि.सं.,वडा नं. ०८ बस्ने, नागरिकता ना.प्र.न.०३१-०४२/९९००० नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ईलाम, (मिति : बि.सं. २०६८/०१/२२), भएको **श्री मान बहादुर गुरुङ्ग।**

धितोको विवरण

१.ईलाम जिल्ला, जमुना गा.वि.सं.,वडा नं. ०८ बस्ने, **श्री अनिल भण्डारी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ईलाम जिल्ला, जमुना गा.वि.सं.,वडा नं. ०८, नक्सा नं ८क मा अवस्थित कि.नं. १४१ क्षेत्रफल ७-१०-२-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२.ईलाम जिल्ला, जमुना गा.वि.सं.,वडा नं. ०८ बस्ने, **श्री डुल बहादुर भण्डारी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ईलाम जिल्ला, जमुना गा.वि.सं.,वडा नं. ०८, नक्सा नं ८क मा अवस्थित कि.नं. १४३ र १५३ क्षेत्रफल क्रमश ६-०-०-० र ५-०-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

७

ऋणीको नाम र ठेगानाको विवरण

मान वहादुर वेघाको नाती, सुख राज वेघाको छोरा, पाँचथर जिल्ला, फलैचा गा.वि.सं., वडा नं. ०६, स्थायी घर भई हाल ईलाम जिल्ला, रोङ गा.वि.सं., वडा नं. ०४, बस्ने, नागरिकता ना.प्र.न.१७२/१०९३ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: पाँचथर, (मिति : बि.सं. २०४४/०५/२१), भएको **श्री हरि प्रसाद वेघा।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१.वर्ण बहादुर राईकी छोरी, सुख राज वेघाकी बुहारी, हरि प्रसाद वेघाकी श्रीमती, झापा जिल्ला, शान्तिनगर गा.वि.सं. वडा न.०१, स्थायी घर भई हाल ईलाम जिल्ला, रोङ गा.वि.सं., वडा नं. ०४, बस्ने, ना.प्र.नं ०४३००२/२१५८ नागरि कता प्रदान गर्ने कार्यालय जि.का.: झापा, (जारी मिति: २०६३/११/२१), भएकी **श्रीमती विष्णु माया वेघा राई।**
२.सुख राज वेघाको नाती, हरि प्रसाद वेघाको छोरा, झापा जिल्ला, शान्तिनगर गा.वि.सं. वडा न.०१, स्थायी घर भई हाल ईलाम जिल्ला, रोङ गा.वि.सं., वडा नं. ०४, बस्ने, नागरिकता ना.प्र.न. ०४-०१-७०-१३९२९ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: झापा, (मिति : बि.सं. २०७०/०२/२१), भएको **श्री सुजन वेघा।**
३.सुख राज वेघाको नाती, हरि प्रसाद वेघाको छोरा, झापा जिल्ला, शान्तिनगर गा.वि.सं. वडा न.०१, स्थायी घर भई हाल ईलाम जिल्ला, रोङ गा.वि.सं., वडा नं. ०४, बस्ने, नागरिकता ना.प्र.न. ०४-०१-७१-१२१४० नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: झापा, (मिति : बि.सं. २०७१/११/०६), भएको **श्री सविन वेघा।**
४.हर्क जंग लिम्बुको नाती, कालि बहादुर लिम्बुको छोरा, ताप्लेजुङ्ग जिल्ला, लिम्बुडिन गा.वि.सं. वडा न.०४, स्थायी घर भई हाल ईलाम जिल्ला, रोङ गा.वि.सं., वडा नं. ०४, बस्ने, नागरिकता ना.प्र.न. २००३१/३४१२ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ताप्लेजुङ्ग, (मिति : बि.सं. २०५०/१०/२५), भएको **श्री लक्षमण लिम्बु।**

धितोको विवरण

पाँचथर जिल्ला, फलैचा गा.वि.सं., वडा नं. ०६, स्थायी घर भई हाल ईलाम जिल्ला, रोङ गा.वि.सं., वडा नं. ०४, बस्ने, **श्री हरि प्रसाद वेघा** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ईलाम जिल्ला, इरौटार गा.वि.सं., वडा नं. ०३, नक्सा नं ३क मा अवस्थित कि.नं. १४१ क्षेत्रफल १५-२-३-१ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

८

ऋणीको नाम र ठेगानाको विवरण

नेच प्रसादकी छोरी, दुर्गा प्रसाद कट्टेलकी बुहारी, दुर्गा प्रसाद अधिकारीकी श्रीमती, ईलाम जिल्ला, जितपुर गा.वी.सं. वडा न. ०४ बस्ने, ना.प्र.नं. ५७४२ नागरिकता प्रदान गर्ने कार्यालय जि.का.: ईलाम, (जारी मिति: २०३६/०७/२१), भएकी **श्रीमती इन्दिरा कट्टेल।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१.टिका राम कट्टेलको नाती, दुर्गा प्रसाद कट्टेलको छोरा, ईलाम जिल्ला, जितपुर गा.वी.सं. वडा न. ०४ बस्ने, नागरिकता ना.प्र.न. ८१९ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ईलाम, (मिति : बि.सं. २०५५/०४/३१), भएको **श्री देवी प्रसाद कट्टेल।**
२.टिका राम कट्टेलको नाती, दुर्गा प्रसाद कट्टेलको छोरा, ईलाम जिल्ला, जितपुर गा.वी.सं. वडा न. ०४ बस्ने, ना.प्र.न. ५७४३ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ईलाम, (मिति : बि.सं. २०६३/०७/२२), भएको **श्री एक देव कट्टेल।**

धितोको विवरण

ईलाम जिल्ला, जितपुर गा.वी.सं. वडा न. ०४ बस्ने, **श्रीमती इन्दिरा कट्टेलकी** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ईलाम जिल्ला, जितपुर गा.वी.सं. वडा नं. ०५, नक्सा नं ५छ र ५घ मा अवस्थित कि.नं. क्रमश २७, २९ र १५१, १९९ क्षेत्रफल क्रमश २-७-२-३, ४-४-१-० र २-१-३-१, २-०-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

९

ऋणीको नाम र ठेगानाको विवरण

बल विर लिङदमको नाती, जय बहादुर लिङदमको छोरा, ईलाम जिल्ला, सिद्धियुम्का गा.प. वडा न. ०८ बस्ने, ना.प्र.न. ४८६ नागरिकता प्रदान गर्ने कार्यालय जि.का.: ईलाम, (मिति: बि.सं. २०४३/१०/२६), भएको **श्री मोहन सिहं लिङदम।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१.मान सी लिम्बुकी छोरी, जय वहादुर लिङदमकी बुहारी, मोहन सिहं लिङदमकी श्रीमती, ईलाम जिल्ला, सिद्धियुम्का गा.प. वडा न.०२, स्थायी घर भई हाल ईलाम जिल्ला, जिल्ला गा.वि.सं., वडा नं. ११ बस्ने, ना.प्र.नं. ८४/६३० नागरिकता प्रदान गर्ने कार्यालय जि.का.: ईलाम, (जारी मिति: २०४३/०८/२७), भएकी **श्रीमती गुन माया लीम्बु।**
२.जय बहादुर लिङदमको नाती, मोहन सिहं लिङदमको छोरा, ईलाम जिल्ला, सोयाक गा.वी.सं. वडा न. ०८ बस्ने, ना.प्र.न. ७१८७७ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: ईलाम, (मिति : बि.सं. २०६८/०९/०१), भएको **श्री धन बहादुर लिङदम।**

धितोको विवरण

ईलाम जिल्ला, सिद्धियुम्का गा.प. वडा न. ०८ बस्ने, **श्री मोहन सिहं लिङदम**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ईलाम जिल्ला, सोयाक गा.वी.सं. वडा नं. ०४, नक्सा नं ४ग मा अवस्थित कि.नं. १२७ क्षेत्रफल २०-०-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

१०

ऋणीको नाम र ठेगानाको विवरण

वृष बहादुरको नाती, जीत बहादुर राईको छोरा, ईलाम जिल्ला, जमुना गा.वि.सं. वडा न. ०८ बस्ने, ना.प्र.न. ७२/२९७ नागरिकता प्रदान गर्ने कार्यालय जि.का.: ईलाम, (मिति : बि.सं. २०४४/१०/१२), भएको **श्री नर बहादुर राई।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१.नर बहादुर गुरुङ्गको नाती, तारामान गुरुङ्गको छोरा, ईलाम जिल्ला, जमुना गा.वि.सं. वडा न. ०८ बस्ने, ना.प्र.न. ०३-१-०४२/९९००० नागरिकता प्रदान गर्ने कार्यालय जि.का.: ईलाम, (मिति : बि.सं. २०६८/०१/२२), भएको **श्री मान बहादुर गुरुङ्ग।**
२.जीत बहादुर राईको नाती, नर बहादुर राईको छोरा, ईलाम जिल्ला, जमुना गा.वि.सं. वडा न. ०८ बस्ने, ना.प्र.न. ०३-१-०४२/९७१५८ नागरिकता प्रदान गर्ने कार्यालय जि.का.: ईलाम, (मिति : बि.सं. २०६७/०८/२७), भएको **श्री प्रविन राई।**

धितोको विवरण

ईलाम जिल्ला, जमुना गा.वि.सं. वडा न. ०८ बस्ने, **श्री नर बहादुर राईको**नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ईलाम जिल्ला, जमुना गा.वि.सं. वडा नं. ०८, नक्सा नं ८ख मा अवस्थित कि.न. १८६ क्षेत्रफल २०-०-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK
प्रधान कार्यालय दरबारमार्ग काठमाडौं फोन नं ४२२७१८१

दुई वर्षपछि 'सी' डिभिजन लिग

एन्फाले गत मंसिरमै आयोजना गर्ने तयारी गरे पनि पटक-पटक सर्दै आएको सहिद स्मारक 'सी' डिभिजन लिग बिहीबारदेखि सुरु



बल अगाडि बढाउँदै आरसी ३२ का खेलाडी (कालो जर्सी)

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले दुई वर्षपछि सहिद स्मारक 'सी' डिभिजन लिग आयोजना गरेको छ। सातदोबाटोको एन्फा कम्प्लेम्समा बिहीबार आरसी ३२ ले खालीबारी युवा क्लबलाई १-० ले हराएको छ। पछिल्लोपटक एन्फाले ०७९ मा सी डिभिजन गर्दा झापा एएफसी च्याम्पियन बनेको थियो। त्यस सिजनमा झापासँगै प्लानिङ ब्वाइज बी डिभिजनमा बढुवा भएका थिए। त्यसपछि एन्फा र सहभागी क्लबबीचको आन्तरिक विवादले बी र सी डिभिजन लिग आयोजना भएको थिएन। एन्फाले तेस्रो प्रयासमा सी डिभिजन लिग आयोजना गरेको हो। आयोजक एन्फाले गत मंसिरमै लिग आयोजना गर्ने तयारी गरेको थियो।

तर, सहभागी क्लबहरूले एन्फाले दिनुपर्ने रकम बाँकी रहँदासम्म लिगमा सहभागी नहुने अडान राखे। दुई महिनाअघि एन्फा र क्लबबीच लिग आयोजना गर्ने सम्झौता भएको थियो। एन्फाले लिग १५ फागुनमा हेटौंडामा सुरु हुने जनाएको थियो। पुरानो रकम एक महिनाभित्र दिनुपर्ने तथा लिग काठमाडौंमै हुनुपर्ने सहमति गरिएको थियो। सहभागी क्लबले लिग काठमाडौंमै हुनुपर्ने अडान राखेका थिए।

हेटौंडामा लिग हुँदा एन्फाले खाने-बस्ने व्यवस्था गर्नुपर्ने माग उनीहरूको थियो। एन्फाले क्लबहरूको माग सम्बोधन गर्न नसक्ने अवस्था भएपछि फागुनमा लिग काठमाडौंमै आयोजना गर्ने निर्णय गऱ्यो। फागुनमा लिग गर्ने भनेको समयमा दशरथ रंगशालामा नेपाल सुपर लिग चलेको थियो। सुपर लिगको समयमा लिग सञ्चालन गर्न नसकिने भएपछि एन्फाले २२ चैतमा सी डिभिजन लिग हुने मिति तोकेको थियो।

आरसीले खालीबारीलाई हरायो

आरसी ३२ को जितमा बबिन बोहराले खेलको २२औं मिनेटमा निर्णायक एक मात्र गोल गरेका थिए। टिप्सन राईले गरेको क्रसमा बबिनले टोलीलाई १-० को अग्रता दिलाएका हुन्। खेलमा थप गोल नहुँदा उनकै गोल निर्णायक बन्यो। खेलको ६६औं मिनेटमा आरसी ३२ ले थप अग्रता लिने अवसर गुमायो। खालीबारीका गोलरक्षक मनोज तामाङले विल्सन गिरीमाथि फल गरेपछि आरसी ३२ ले पेनाल्टी पाएको थियो। विवेक सन्तोषीले प्रहार गरेको पेनाल्टी गोलरक्षक गिरीले बाए। खेलको ८५औं मिनेटमा खालीबारीले पनि पेनाल्टी पाएको थियो। सुमन मगरले मनीष गुरुङमाथि फल गरेपछि प्राप्त पेनाल्टी रोनल राईले पोस्टभन्दा बाहिर प्रहार गरे।

विजेताले १० लाख पाउने

'सी' डिभिजन लिग विजेताले १० लाख रुपैयाँ पुरस्कार पाउनेछ। लिगमा १४ क्लबले प्रतिस्पर्धा गरिरहेका छन्। जसमा उपत्यकाका नौ र उपत्यकाबाहिरका पाँच क्लबले भाग लिनेछन्। यो लिग तीन महिना चल्नेछ। सिंगल राउन्ड रोबिनका आधारमा हुने लिगमा ९१ खेल हुनेछन्। लिगका खेल सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदानमा हुने एन्फाले जनाएको छ। एन्फाले आवश्यकताअनुसार च्यासल र दशरथ रंगशालमा पनि 'सी' डिभिजन लिगका खेल हुने जनाएको छ। प्रतियोगिताको उपविजेताले सात लाख र तेस्रो हुनेले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछन्। यसैगरी, 'फेयर प्ले' खेल्ने टोलीले ५० हजार पाउनेछ।

लिगमा आरसी ३२ एकेडेमी र खालीबारीसहित सानेपा क्लब, रानीवन स्पोर्टस्, पुल्चोक स्पोर्टस्, मनोहरा युनाइटेड युथ, गोलबजार स्पोर्टस्, झम्सीखेल युथ, स्पोर्टस् एकेडेमी साँगा, स्वयम्भू सोसियल वेलफेर स्पोर्टस् सेन्टर, सामाजिक युथ, महावीर स्टडिज एन्ड एथलेटिक्स एसोसिएसन र बागमती युथ क्लब सहभागी छन्। प्रतियोगितामा पहिलोपटक उपत्यकाबाहिरका बागमती युथ क्लब (सर्लाही), गोलबजार युथ क्लब (सिराहा), आरसी ३२ फुटबल एकडेमी (सुर्खेत), रानीवन स्पोर्टस् क्लब (बाजुरा) र स्पोर्टस् एकेडेमी साँगा (काभ्रे)ले भाग लिन लागेको हो।

लिगको बजेट साढे तीन करोड

एन्फाका अनुसार लिगको कुल बजेट तीन करोड ५५ लाख २८ हजार ३५८ रुपैयाँ रहेको छ। सर्वोकृष्ट खेलाडीलाई ५० हजार, सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलरक्षकलाई जनही ३५ हजार प्रदान गरिनेछ। एन्फाले हरेक खेलको 'प्लेयर अफ द म्याच' खेलाडीलाई पाँच हजार दिनेछ। प्रतियोगिताको मार्केटिङ, टिकेटिङ र ब्रोडकास्टिङ अधिकार एमडिएसी स्पोर्टस्लाई दिइएको छ।

फिफा वरीयतामा नेपाल तीन स्थान झऱ्यो

सन् २०२७ को विश्वकप फुटबल प्रतियोगिताको छनोट चरणमा खराब प्रदर्शन गरेको नेपालको फिफा वरीयतामा तीन स्थान ओरालो लागेको छ। फिफाद्वारा बिहीबार जारी वरीयतामा नेपालले तीन स्थान गुमाएको हो। नेपाल अप्रिलको वरीयतामा १९८औं स्थानमा छ। दुई साताअघि बहराइनमा नेपालले विश्वकप छनोट खेलेको थियो। घरेलु टोली बहराइनसँग नेपाल समग्रमा आठ गोलले पराजित भयो। पहिलो खेल ५-० र दोस्रो खेल ३-० ले पराजित भयो। नेपालले विश्वकप छनोटको चार खेलमा १४ गोल खाएको छ।

नेपालले ९३७ रेटिङ अंक पाएको छ। नेपालभन्दा माथि म्यानमार रहेको छ। दक्षिण एसियाली फुटबल महासंघ (साफ)को वरीयतामा भारतले पनि चार स्थान गुमाएको छ। भारत १२१औं स्थानमा छ। साफको दोस्रो स्थानको माल्दिभ्स १६१औं स्थानमा छ। साफमा नेपाल भने तेस्रो स्थानमा छ। चौथो स्थानको बंगलादेश १८४औं र पाँचौं स्थानको भुटान १८५औं स्थानमा छन्। छैटौं स्थानको पाकिस्तान १९५औं स्थानमा र सातौं स्थानको श्रीलंका २०४औं स्थानमा छन्।

एसियाली वरीयतामा जापान शीर्ष स्थानमा छ। जापान समग्रमा फिफा वरीयताको १८औं स्थानमा छ। इरान २०औं स्थानमा छ। फिफा वरीयतामा अर्जेन्टिना शीर्ष स्थानमा यथावत् रह्यो। वरीयतामा इन्डोनेसियाले आठ स्थान सुधार गरेको छ। भियतनामले १० स्थान गुमाएको छ। विश्व वरीयतामा फ्रान्स दोस्रो तथा बेल्जियम तेस्रो स्थानमा छन्।

■ आठौं विराट गोल्डकप

सिक्किमलाई हराउँदै मच्छिन्द्र फाइनलमा



विराटनगरमा **गणेश लम्साल**

आठौं विराट गोल्डकप फुटबल प्रतियोगिताको उपाधिका मच्छिन्द्र फुटबल क्लब र घरेलु टोली साग्रिला मोरङबीच प्रतिस्पर्धा हुने भएको छ। विराटनगर सहिद मैदानमा बिहीबार सिक्किम ड्रागन भारतलाई १-० ले पराजित गर्दै मच्छिन्द्रले मोरङसँगको फाइनल भिडन्त पक्का गरेको हो। मच्छिन्द्रका आयुष घलानले खेलको ९४औं मिनेटमा निर्णायक गोल गरेका थिए।

> मच्छिन्द्रका मनीष डाँगीको सटीक पासमा आयुष घलानको खेलको ९४औं मिनेटमा निर्णायक गोल

वैकल्पिक खेलाडी मनीष डाँगीले निकालेको क्रसमा आयुषले आकर्षक गोल गरी टोलीलाई १-० को अग्रता दिलाए। उनकै एक मात्र गोलमा मच्छिन्द्र फाइनल पुग्यो। हिसुब थपलियाको स्थानमा मनीष दोस्रो हाफपछि मैदान प्रवेश गरेका थिए।

सिक्किमका प्रशिक्षक कुन्जन भुटियाले खेलाडीको फिनिसिङ पक्ष कमजोर भएको बताए। 'मच्छिन्द्रविरुद्धको प्रतिस्पर्धामा खेलाडीले फिनिसिङमा कमजोर प्रदर्शन गरे,' भुटियाले भने, 'यसकारण पराजित भएका हौं।' उनले अन्तिम अतिरिक्त समयमा बायाँ साइडका खेलाडीले कमजोर प्रदर्शन गरेको जनाए। 'हामी जुन स्थानमा कमजोर थियौं, त्यहीं स्थानबाटै गोल भयो,' उनले भने, 'अन्तिम समयमा खेलाडी समालिएर खेल्न सकेनन्।'

मध्यान्तरपछि मच्छिन्द्रको रणनीति परिवर्तन

मच्छिन्द्रका प्रशिक्षक सन्तोष न्यौपानेले मध्यान्तरपछिको रणनीति सफल भएको प्रतिक्रिया दिएका छन्। 'पहिलो हाफमा थुप्रै अवसर गुमाएकाले मध्यान्तरपछि रणनीति परिवर्तन गरी विपक्षीमाथि दबाब राख्यौं,' न्यौपानेले भने, 'फिनिसिङ सोचेजस्तो भएन। त्यसैले जितका लागि अतिरिक्त समयसम्म कुर्नुपरेको हो।' उनले फाइनलमा विमल घर्तीमगरलाई ल्याउने प्रयास जारी रहेको उनले बताए।

दोस्रो सेमिफाइनलमा दुवै टोलीको फिनिसिङ पक्ष कमजोर देखियो। सिक्किमका आदर्श तामाङले नवौं मिनेटमा पोस्टभन्दा ३० यार्ड टाढाबाट प्रहार गरेको बल क्रसबार हुँदै बाहिरिएको थियो। खेलको २८औं मिनेटमा सिक्किमका आदर्शले गरेको प्रहार बारमाथि गयो। खेलको ३२औं मिनेटमा मच्छिन्द्रका विदेशी खेलाडी एन्ड्रेसले डिबक्सभित्रबाट गरेको प्रहार सिक्किमका गोलरक्षक प्रिसोले विफल पारे। पहिलो हाफको अतिरिक्त समयमा मनीष श्रेष्ठले दिएको पासमा हिसुब थपलियाको प्रहारलाई सिक्किमका गोलरक्षक प्रिसोले उत्कृष्ट बचाउ गरेका थिए।

खेलको ५२औं मिनेटमा मच्छिन्द्रका एन्ड्रेसको प्रहार बाहिरियो। मच्छिन्द्रका आयुष घलानले ७८औं मिनेटमा डिबक्सभित्रबाट गरेको प्रहार प्रिसोले क्लियर गरे। खेलको ८९औं मिनेटमा सिक्किमका आदर्शले पेनाल्टी एरियाबाट गरेको बल पहिलो बार हुँदै बाहिरियो। गोल्डकप विजेताले ११ लाख र उपविजेताले पाँच लाख ५० हजार रुपैयाँ पाउनेछन्। उत्कृष्ट प्रशिक्षक, गोलरक्षक र सर्वाधिक गोलकर्ताले जनही २१ हजार रुपैयाँ पाउनेछन्। सर्वोत्कृष्ट खेलाडीलाई मोटरसाइकल प्रदान गरिनेछ।

खेल संक्षेप

अन्तरप्रदेश राष्ट्रिय खेलकुद आइतबारदेखि

काठमाडौं/ बागमती प्रदेशको आयोजनामा प्रथम अन्तरप्रदेश राष्ट्रिय खेलकुद आइतबारदेखि हुने भएको छ। प्रदेश खेलकुद विकास परिषद्, बागमतीका सदस्यसचिव सूर्यलाल भण्डारीले प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिए। प्रतियोगिताको उद्घाटन चितवनको भरतपुरस्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गर्नेछन्। प्रतियोगितामा एथलेटिक्स, भलिबल, फुटबल, कराँते, तेक्वान्दो, बक्सिङ, पौडी, ब्याडमिन्टन र क्रिकेट गरी नौ खेलमा प्रतिस्पर्धा हुनेछ। पुरुष फुटबलबाहेक सबै खेल चितवनमा हुनेछ। पुरुष फुबटल हेटौंडास्थित गौरीटार रंगशालामा हुनेछ। प्रतियोगितामा एक सय ३६ स्वर्ण, एक सय ३६ रजत र एक सय ८४ कांस्यका लागि प्रतिस्पर्धा हुनेछ। प्रतियोगितामा सातै प्रदेशका एक हजार पाँच सय ४७ खेलाडी सहभागी हुनेछन्। शीर्ष तीन स्थान हात पार्नेले पाँच हजार, चार हजार र तीन हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्। हरेक खेलका उत्कृष्ट खेलाडीलाई १० हजारबाट पुरस्कृत गरिनेछ। टिम च्याम्पियनलाई चाँदीको रनिङ सिल्ड प्रदान गरिनेछ। प्रतियोगिता सञ्चालन गर्न करिब १२ करोड खर्च हुने आयोजकले जनाएको छ।

बेसबलमा त्रिपक्षीय सम्झौता

काठमाडौं/ नेपाल विद्यालय खेलकुद महासंघ, नेपाल बेसबल तथा सफ्ट बल संघ र अन्तर्राष्ट्रिय विद्यालय खेलकुद महासंघबीच बुधबार त्रिपक्षीय सम्झौता भएको छ। विद्यालय खेलकुदका अध्यक्ष विनोद श्रेष्ठ, बेसबल तथा सफ्ट बल संघका अध्यक्ष दीपक न्यौपाने र अन्तर्राष्ट्रिय विद्यालय खेलकुद महासंघका कार्यकारी सदस्य राजकुमार कार्कीले एक कार्यक्रमबीच सम्झौतापत्रमा हस्ताक्षर गरे। बेसबलमा उमेर समूहको प्रतियोगिता, प्रशिक्षण, विद्यालयस्तरदेखि बास्केटबलको विकास र प्रवर्द्धन, अन्तर्राष्ट्रिय सहभागिता, भौतिक पूर्वाधारलगायतमा सहकार्य गर्ने गरी सम्झौता भएको जनाइएको छ। यसअघि नेपाल रग्बी संघ, नेपाल ब्याडमिन्टन संघ र नेपाल बास्केटबल संघसँग पनि यस्तै सम्झौता भएको थियो।

अमिरा फाइनलमा

कास्की/ तेस्रो राष्ट्रिय जुनियर टेनिस प्रतियोगिताको यू-८ महिला एकलमा अमिरा जिसी र श्रेयाश्री पाण्डे भिड्ने भएका छन्। यू-१२ महिला एकलतर्फ सारा पन्त, ऐरा खत्री, अनुश्री धोजू र जीवाश्री भट्टराई सेमिफाइनलमा प्रवेश गरेका छन्। यू-१६ महिला एकलमा आइसा म्याक्लान र सुनिरा थापा अन्तिम चारमा पुगे। यू-१० मा सारा पन्त, नैरा छोडेन घले, ताभिसी राना र जीवाश्री भट्टराई सेमिफाइनलमा पुगे। पुरुष एकलमा अर्याशराज पौडेल, सभ्याजंग कार्की, वेदान्त चालिसे र निश्चल ज्ञवाली क्वार्टरफाइनलमा पुगेका छन्। यू-१६ पुरुष एकलतर्फ दर्शिल श्रेष्ठ, अमन नेपाली, श्रीजन भट्टराई र शाश्वत बज्राचार्यले अन्तिम चारमा स्थान पक्का गरेका छन्। यू-१४ मा सन्दीप विक, रनिश श्रेष्ठ, सन्दीप जिसी र स्पन्दन उदास सेमिफाइनलमा प्रवेश गरेका छन्। यू-९ महिलातर्फ नैरा छोडेन घले, समृद्धि खत्री, जियोभानी केसी र ताभिसी रानासँगै पुरुषतर्फ जसन गुरुङ, जिवसविक्रम भट्टराई, सोनाम छिरिङ घले र इभान भट्टराई अन्तिम चारमा पुगे।

भ्रष्टाचार आरोपमा रुबियालेस पक्राउ



एजेन्सी

रोयल स्पेनिस फुटबल महासंघमा भ्रष्टाचार गरेको आरोपमा पूर्वप्रमुख लुइस रुबियालेस पक्राउ परेका छन्। म्याड्रिडको बराजास अन्तर्राष्ट्रिय विमानस्थलमा उनलाई पक्राउ गरिएको स्पेनिस प्रहरीले जनाएको छ। उनलाई प्रहरीले विमानबाट ओर्लिएलगत्तै पक्राउ गरी सोधपुछ गरिएको थियो। उनीमाथि भ्रष्टाचार र अन्य अपराधमा दुई सातादेखि अनुसन्धान भइरहेको छ। महासंघको म्याड्रिड मुख्यालय र दक्षिणी सहर ग्रानाडास्थित उनको घरसहित प्रहरीले ११ स्थानमा छापा मारेको छ।

स्पेनिस पत्रिका मार्काले सन् २०१८ देखि हस्ताक्षरित आरएफएएफ सम्झौताबारे अनुसन्धान गरेको जनाएको छ। जसमा रुबियालेसले स्पेनिस सुपर कपलाई साउदी अरबमा लैजानका लागि हस्ताक्षर गरेको आरोप लागेको छ। बार्सिलोना र स्पेनका पूर्वडिफेन्डर

> रोयल स्पेनिस फुटबल महासंघमा भ्रष्टाचार गरेको आरोपमा प्रहरीले पूर्वप्रमुख लुइस रुबियालेसलाई मंगलबार राति म्याड्रिडको बराजास विमानस्थलबाटै पक्राउ गऱ्यो

जेरार्ड पिकेको स्वामित्वमा रहेको कम्पनी कोस्मोसको मध्यस्थतामा सुपर कपको सम्झौता वार्षिक ४० मिलियन युरो (४३.३ मिलियन डलर)मा भएको छ। गार्डियाा सिभिल प्रहरीले रुबियालेस बसेको परिसरमा खानतलासी गरेको थियो। अनुसन्धानका क्रममा उनको एक ल्यापटप र एक मोबाइल फोन जफत गरिएको छ।

२० मार्चमा छापा मारेको एक दिनपछि आरएफएफले यसका कानुनी निर्देशक पेड्रो गोन्जालेज सेगुरा, मानव संसाधन प्रमुख जोस जेभियर जिमेनेजलाई बर्खास्त गरेको थियो। महासंघका बाह्य कानुनी सल्लाहकार टोमस गोन्जालेज क्युटोको कानुनी फर्म जिसी लिगलसँगको सम्झौता रद्द गरेको छ। प्रहरीले तीनैजनालाई मंगलबार नै पक्राउ गरेको थियो।

कराँते खेलाडी सम्मानित



काठमाडौं/ अमेरिकामा नेपाली कराँते खेलाडी एरिका गुरुङ र राष्ट्रिय टिमका प्रशिक्षक कुशल श्रेष्ठ सम्मानित भएका छन्। एरिकाले युएस ओपन च्याम्पियनसिपमा सहभागी हुँदै एक स्वर्ण र रजत जितेकी थिइन्। उनले १९औं एसियन खेलकुद प्रतियोगिताको कराँतेतर्फ नेपाललाई ऐतिहासिक रजत दिलाएकी थिइन्। दशौं दक्षिण एसियाली खेलकुदका स्वर्ण विजेता कुशल एरिकाको प्रशिक्षक थिए। एरिका र प्रशिक्षक श्रेष्ठलाई मोमो हाउस ह्युस्टनले १५ सय डलरसहित सम्मान गरेको हो। गत २८ मार्चदेखि १ अप्रिलसम्म अमेरिकाको टेक्सासमा भएको प्रतियोगितामा एरिकाले १८ देखि २० वर्ष उमेर समूहमा स्वर्ण र ६८ केजी तौल समूहमा रजत पदक हात पारेकी थिइन्। यो प्रतियोगिताले आगामी खेलकुदलाई थप सहयोग पुग्ने प्रशिक्षक श्रेष्ठले बताए। जुलाईमा भुटानमा हुने आठौं साउथ एसियन कराँते च्याम्पियनसिप प्रतियोगितालाई पनि सहयोग पुग्ने विश्वास प्रशिक्षक श्रेष्ठको छ।

फुटबलर फलेर्सको गोली हानी हत्या

गाडीबाट निस्कन नमान्दा दक्षिण अफ्रिकी फुटबलर ल्युक फलेर्समाथि अज्ञात समूहद्वारा गोली प्रहार

लन्डन/ दक्षिण अफ्रिकी फुटबलर ल्युक फलेर्सको गोली हानी हत्या भएको छ। बुधबार राति फ्लोरिडाको जोहानेसबर्ग उपनगरमा रहेको एक पेट्रोल स्टेसनमा २६ वर्षीय फलेर्स कार पार्किङ गरिरहेका थिए। अज्ञात बन्दुकधारी उनीनजिक आए। उनीहरूले गाडीबाट बाहिर निस्कन दबाब दिए पनि उनी मानेनन्। त्यसपछि अज्ञात समूहले उनीमाथि गोली प्रहार गरेको थियो। फुटबलर फलेर्सको घटनास्थलमै निधन भएको प्रहरीले जनाएको छ। गोली प्रहारपछि उनीहरूले फलेर्सको कार लिएर भागेको फ्लोरिडाको प्रहरी प्रवक्ता माभेला मासोन्डोले बताएका छन्।

'संदिग्धहरूले उनलाई बन्दुक देखाएर गाडीबाट बाहिर निकाल्ने कोसिस गरेका थिए। बाहिर आउन नमानेपछि शरीरको माथिल्लो भागमा एकपटक मात्र गोली प्रहार भएको छ,' प्रवक्ता माभेला भने, 'टाउकोमै गोली लागेका कारण उनको घटनास्थलमै मृत्यु भएको हो।' व्यावसायिक रूपमा फलेर्स काइजर क्लबमा आबद्ध छन्। यो क्लब दक्षिण अफ्रिकामा सर्वाधिक लोकप्रिय छ। क्लबले १२ पटक लिग च्याम्पियनसिप उपाधि जितेको छ। क्लबले आफ्ना प्रभावशाली खेलाडीको मृत्युमा दुःख व्यक्त गरेको छ।

'अज्ञात समूहले हाम्रा लोकप्रिय खेलाडीलाई गोली हानी हत्या गरेको छ, यस घटनाको घोर भर्त्सना गर्छौं,



घटनाको तत्काल छानबिनका लागि जोडदार माग गर्दछौं,' क्लबले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'प्रहरीले यस विषयमा तत्कालै अनुसन्धान अगाडि बढाउनुपर्छ।' खेलकुदमन्त्री जिजी कोडवाले हिंसात्मक अपराधका कारण एक खेलाडीले जीवन गुमाएको बताए। 'हिंसात्मक अपराधका कारण प्रतिभाशाली खेलाडी गुमाउँदा दुःखी छु,' उनले भने। डिफेन्डर फलेर्स गत वर्ष काइजरमा आबद्ध भएका थिए।

टोकियो ओलम्पिकमा सहभागी

काइजर जानुअघि फलेर्स सुपरस्पोर्ट युनाइटेडमा आबद्ध थिए। यू-२३ दक्षिण अफ्रिकी फुटबल टोलीका पूर्वखेलाडीसमेत रहेका फलेर्सले सन् २०२१ मा टोकियो ओलम्पिकमा समेत प्रतिस्पर्धा गरेका थिए। दक्षिण अफ्रिकाको जुनियरतर्फको राष्ट्रिय टोलीमा प्रभावशाली प्रदर्शन गरेका फलेर्सले सिनियर टोलीमा स्थान बनाउन सकेका थिएनन्। यद्यपि, यसै वर्ष उनलाई मौका दिने भनिएको थियो।

दक्षिण अफ्रिकी फुटबल महासंघले बुधबार रातिको घटनालाई ठूलो क्षतिका रूपमा लिएको जनाएको छ। 'दक्षिण अफ्रिकामा यस किसिमको अज्ञात समूहले गोली प्रहार गरी दैनिक सयौं व्यक्तिको हत्या गरिरहेको छ, आज हामीले एक खेलाडी गुमाएका छौं,' महासंघले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'फुटबल परिवारले उज्ज्वल ज्वाला गुमाएको छ, दक्षिण अफ्रिका बढ्दो बन्दुक हिंसाको चपेटामा छ।'

कर्मचारी आवश्यकता

प्रथम पटक प्रकाशित मिति २०८०/१२/२३ गते

नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड नेपाल राष्ट्र बैंक बाट "घ" वर्गको ईजाजतपत्र प्राप्त राष्ट्रियस्तरको वित्तीय संस्था हो। यस वित्तीय संस्थाले देशका विभिन्न जिल्लाहरुमा ८८ वटा शाखा कार्यालयहरु मार्फत लघुवित्त सेवा प्रदान गर्दै आईरहेको छ। यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय तथा कोशी र मधेश प्रदेशका शाखा कार्यालयहरुमा तपसिल बमोजिमको जनशक्ति आवश्यक भएको हुँदा योग्यता पुगेका ईच्छुक तथा अनुभवी व्यक्तिहरुबाट नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्र लगायत अन्य योग्यता तथा अनुभवका प्रमाणपत्रहरुको प्रतिलिपी संलग्न गरि निवेदन साथ ईमेल ठेगाना **nadepvacancy2072@gmail.com** सूचना प्रकाशित मितिले १५ दिन भित्र दरखास्त आह्वान गरिन्छ।

विज्ञापन नं.	पद	श्रेणी	संख्या	आवश्यक न्यूनतम योग्यता	उमेर हद
०३/८०/८१	अधिकृत/ सहायक अधिकृत (परीक्षणकाल)	अधिकृत	१	**आवश्यक शैक्षिक योग्यता:** Semi-Qualified Chartered Accountant (ICAN/ICAI/ ACCA बाट CAP-2/ IPCC/Applied skills level उत्तीर्ण गरी उक्त कोष अन्तर्गत ३ वर्षको आर्टिकलसिप पुरा गरेको) साथै स्नातक तह उत्तीर्ण गरेको।	२१ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
०४/८०/८१	कनिष्ठ सहायक (प्रशिक्षार्थी)	सहायक	केही	**योग्यता :** प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण। (वाणिज्य शास्त्र भएकालाई विशेष प्राथमिकता)	२१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको।

- **सेवा सुविधा :** संस्थाको नियम अनुसार।
- **परीक्षाको किसिम :** छनौट सूची, अन्तरवार्ता विज्ञापन नं. ०३ को लागि प्रस्तुतिकरण।
- महिला उम्मेदवारको हकमा तोकिएको उमेरमा ५ वर्ष थप हुनेछ।
- प्राप्त आवेदन मध्येबाट छनौट सूची (Short list), अन्तरवार्ता र नियुक्ति सम्बन्धी जानकारी संस्थाको सुचना पाटी तथा website: www.nadeplaghubitta.com मा प्रकाशन गरिनेछ।
- विज्ञापन नं. ०४ कनिष्ठ सहायक (प्रशिक्षार्थी) को लागि मोटरसाईकल चालक अनुमति पत्र भएको हुनुपर्नेछ।

पदपूर्ति समिति

नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड
NADEP Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत पत्र प्राप्त राष्ट्रियस्तरको संस्था)
केन्द्रीय कार्यालय, गजुरी-१, धादिङ्ग
फोन नं. ०१०-४०२१११, ४०२१२४, फ्याक्सः ०१०-४०२१११

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com